"कृषि, पर्यटन र पूर्वाधारको दीगोपन: समृद्ध, सुसंस्कृत शहिद लखन"

# शहिद लखन गाउँपालिका

## मध्यमकालीन खर्च संरचना, (आ.व. २०८०/८१- २०८२/८३)

## Medium-Term Expenditure Framework, FY 2023/24 - 2025/26

शहिद लखन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा, गण्डकी प्रदेश, नेपाल

२०८०

" कृषि, पर्यटन र पूर्वाधारको दीगोपन : समृद्ध, सुसंस्कृत शहिद लखन"

# शहिद लखन गाउँपालिका

## मध्यमकालीन खर्च संरचना, (आ.व. २०८०/८१- २०८२/८३)

## Medium-Term Expenditure Framework, FY 2023/24 - 2025/26

शहिद लखन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा, गण्डकी प्रदेश, नेपाल ।

२०८०

**मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/८१ — २०८२/८३)**


| | |
|---|---|
| प्रकाशक | : शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घैरुङ्ग, गोरखा |
| सर्वाधिकार | : प्रकाशकमा |
| प्रकाशन मिति | : २०८० |
| प्राविधिक सहयोग | : सपोर्ट फर डेभलप्मेन्ट इनीसियटिभ्स कन्सल्टेन्सी प्रा.लि. |
| सम्पर्कका लागि | : गाउँ कार्यपालिकाको कार्यालय<br>घैरुङ्ग, गोरखा, गण्डकी प्रदेश, नेपाल<br>फोन नं. : 9856010533<br>ईमेल : info@shahidlakhanmun.gov.np |

*कृषि, पर्यटन र पूर्वाधारको दीगोपन: समृद्ध, सुसंस्कृत शहिद लखन*

# शहिद लखन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

गण्डकी प्रदेश, नेपाल ।

पत्र संख्या : २०८०/८१

चलानी नं :

---

**मन्तब्य**



अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै शहिद लखन गाउँपालिकाले आफ्नै पहलमा यो त्रिबर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने अवशर जुटेकोमा हामीलाई खुशी लागेको छ ।

जनचाहना र विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई गाउँपालिका स्वयमका लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ । यस गाउँपालिकाले आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हुँदा उक्त योजना गाउँपालिकाका नीतिहरू, विषयगत गुरुयोजनाहरू, प्रदेश तथा सङ्घ सरकारका सम्बन्धित नीति तथा योजनाहरूलाई मध्यनजर गरी निर्वाचित पदाधिकारीको दोश्रो कार्यकाल आरम्भको रुपमा यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यसका लागि सम्बन्धित विज्ञहरू धन्यवादका पात्र हुनुहुन्छ ।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छ, र यस दस्तावेजले गाउँपालिकाबाट परिचालन हुने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यो त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागि पर्ने सम्पूर्ण कर्मचारी, पदाधिकारीहरु तथा गाउँपालिका परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

.......... ..... ..... ..... ..... .....

रमेश बाबु थापा मगर

अध्यक्ष

पत्र संख्या : २०८०/८१

चलानी नं :

---

**मन्तव्य**



सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी ब्यवस्थापन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ । सार्वजनिक वित्त ब्यवस्थापनलाई चुस्त र दुरुस्त तुल्याउदै आवधिक योजनाका लक्ष्य, उद्देश्य र नीतिगत प्राथमिकतालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सोही अनुरुप शहिद लखन गाउँपालिकाले यो त्रिबर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको दिर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व र गाउँपालिकाको लागि आवश्यकताको विषयका रुपमा रहेको छ । मध्यमकालीन खर्च संरचनाले यस गाउँपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्नेतर्फ गाउँपालिकाको वित्त व्यवस्थापनलाई मार्गदर्शन गर्नेमा म विश्वस्त छु ।

मध्यकालीन खर्च संरचनाले दिगो विकासका लक्ष्यहरू, लैगिक समानता तथा विपद् तथा जलवायुजन्य जोखिम तथा यसबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचना दस्तावेजले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने आधार तयार भएको छ ।

अन्त्यमा, यो गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागिपर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

..... ..... ..... ..... ..... .....

इन्दिरा तिवारी

उपाध्यक्ष

*कृषि, पर्यटन र पूर्वाधारको दीगोपन : समृद्ध, सुसंस्कृत शहिद लखन*

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

गण्डकी प्रदेश, नेपाल ।

पत्र संख्या : २०८०/८१

चलानी नं :

---

## दुई शव्द



गाउँपालिकाको मार्गदर्शन दस्तावेजको रुपमा पहिलो पटक शहिद लखन गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुरयाउनुका अतिरिक्त गाउँपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु ।

विगत दशकहरूमा विपद्का विभिन्न घटना एवम् जलवायुजन्य विषमता तथा तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ । यी घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ ।

दिगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषय भएको हुनाले यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट गाउँपालिकाबाट गरिने सार्वजनिक खर्चलाई लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने विश्वास लिएको छु ।

अन्तमा, शहिद लखन गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि प्राविधिक सहयोग प्रदान गर्ने संस्था सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सी प्रा.लि. एवम् संलग्न विज्ञहरुलाई यो सत्कार्यका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

.... ..... ..... ..... ..... ..... .....

बाबुराम मगर

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


**परिच्छेद १ : परिचय ...................................... १**

१.१ पृष्ठभूमि ...................................... १

१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ...................................... १

१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ...................................... २

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ...................................... २

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ...................................... ३

**परिच्छेद २ : मध्यमकालीन खर्च संरचना ...................................... ६**

२.१ पृष्ठभूमि ...................................... ६

२.२ चूनौति तथा अवसर ...................................... ६

२.३ सोच, उद्देश्य तथा रणनीति ...................................... ७

२.४ मध्यमकालीन आर्थिक खाका ...................................... ८

२.५ मध्यमकालीन नतिजा खाका ...................................... ९

२.६ मध्यमकालीन बजेट खाका ...................................... १०

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ...................................... १२

२.८ विषय उपक्षेत्रगत बाँडफाँट ...................................... १४

**परिच्छेद ३ : आर्थिक विकास क्षेत्र ...................................... १६**

३.१ कृषि तथा खाद्य सुरक्षा ...................................... १६

३.१.१ पृष्ठभूमि ...................................... 16

३.१.२ समस्या तथा चूनौति ...................................... १६

३.१.३ सोच ...................................... १६

३.१.४ उद्देश्य ...................................... १७

३.१.५ रणनीति ...................................... १७

३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...................................... १७

३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...................................... १७

३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...................................... १७

३.१.९ जोखिम पक्ष तथा अनुमान ...................................... १८

३.२ पशु विकास ...................................... १८

३.३ उद्योग तथा व्यापार ...................................... २०

३.४ पर्यटन विकास ...................................... २२

३.५ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी ...................................... २४

३.६ श्रम, रोजगारी तथा गरिवी निवारण ...................................... २६

**परिच्छेद ४ : सामाजिक विकास क्षेत्र ...................................... २९**

४.१ शिक्षा, विज्ञान तथा प्रविधि ...................................... २९

४.२ स्वास्थ्य तथा पोषण ........ ३१
४.३ खानेपानी तथा सरसरफाई ........ ३४
४.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ३६
४.५ युवा तथा खेलकुद ........ ३९
४.६ सामाजिक सुरक्षा र पञ्जीकरण ........ ४१
**परिच्छेद ५ : पूर्वाधार विकास क्षेत्र ........ ४४**
५.१ आवास, भवन तथा शहरी विकास ........ ४४
५.२ सडक, पुल तथा यातायात ........ ४६
५.३ जलस्रोत, विद्युत तथा उर्जा ........ ४९
५.४ सूचना तथा सञ्चार ........ ५०
**परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ........ ५३**
६.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण ........ ५३
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ५५
६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ........ ५६
**परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ५८**
७.१ नीति, कानून, न्याय तथा सुशासन ........ ५९
७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ........ ६०
७.३ राजस्व तथा स्रोत परिचालन ........ ६२
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........ ६३
अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल ........ ६६
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ........ ६७
अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च, स्रोतको अनुमान, कार्यक्रम आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण ........ ७४
अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण तथा कार्यक्रमका तस्वीरहरु ........ ७९

## तालिका सूची

तालिका २.1 मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा) ........ ८
तालिका २.2 प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य ........ ९
तालिका २.3 : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) ........ ११
तालिका २.4 : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा) ........ १२
तालिका २.5 : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ........ १२
तालिका २.6 : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ........ १३
तालिका २.7 : लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ........ १३

तालिका २.8 *:* जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा).................... १४

तालिका २.9 *:* स्थानीय गौरवको आयोजनाको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)....... १४

तालिका २.*10 :* आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा) ............................. १४

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

स्थानीय सरकारको नीति कार्यक्रम, दीर्घकालीन एवम् अल्पकालीन योजनाहरु, रणनीतिक योजनाहरु समेतले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन्। मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन मद्दत गर्दछ । यसले विभिन्न स्रोतहरुको व्यवस्थापन र आशातित नतिजाको खाका समेत प्रस्तुत गर्दछ।

प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य हो। मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

नेपाल सरकारले तर्जुमा गरेका विभिन्न कानूनहरु, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सो सम्बन्धी नियमावलीले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ। यस सन्दर्भमा गाउँकार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा समितिमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको सहभागितामा शहिद लखन गाउँपालिकाको प्रथम आवधिक योजना, बार्षिक नीति कार्यक्रम तथा गाउँपालिकामा उपलब्ध अन्य सूचनालाई आधार मानि आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित पहिलो पटक यो मध्यमकालीन खर्च संरचना (२०८०/८१–२०८२/८३) तयार गरिएको छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा सरकारसँग उपलब्ध सीमित स्रोत–साधनको वस्तुनिष्ठ आकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएका हुन्छन्।

दिर्घकालीन योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरुयोजनाको लक्ष्य उद्देश्यको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन वित्त खाका (Medium Term Fiscal Framework (MTFF) निर्धारण गरिन्छ। साथै स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework (MTBF) तयार गरिन्छ। त्यसैगरी बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework (MTRF) तयार गरिन्छ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एकवर्षको बजेट प्रक्षेपण गरिएको हुन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ । यसप्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

शहिद लखन गाउँपालिकाको पहिलो प्रयासको रुपमा प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाबाट गाउँपालिकाको समग्र विकासको लागि प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरुको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताद्धारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ। यस मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको दीर्घकालीन सोच, आवधिक योजना, प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउने विश्वास लिइएको छ । यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ। यसबाट गाउँपालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ।

यस मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो। यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहायको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

क) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्ने,

ख) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउने,

ग) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री वनाई नेपालले निर्धारण गरेका लक्ष्य सन २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने, र

घ) गाउँपालिकाबाट गरिने सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नेपालको संविधानले व्यवस्था गरेका प्रावधानहरु एवम् स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु पर्दछ । सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित विषयवस्तुलाई प्रमुख आधारको रुपमा लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५–२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७–२०८१/८२)
- गण्डकी प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७–२०८०/८१)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७९/८०)
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- शहिद लखन गाउँपालिकाको प्रथम आवधिक योजना
- शहिद लखन गाउँपालिकाको राजश्व सुधार योजना
- शहिद लखन गाउँपालिकाको क्षमता विकास योजना तथा लैससास रणनीति
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु

- स्थिति पत्र (प्रोफाईल)

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

शहिद लखन गाउँपालिकाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको (१) “स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित)”, (२) “स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९” र (३) “स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९” लाई आधारमानी यो मध्यमकालीन खर्च संरचना तयार गरेको छ। यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको चरण तथा प्रक्रियाको अबलम्बन गरिएको छ :

**प्रक्रिया १ : प्राविधिक सहयोगका लागि टोली परिचालन**

शहिद लखन गाउँपालिकामा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्य नितान्त नौलो र प्राविधिक विषय भएको हुँदा गाउँपालिकाले परामर्शदाताको रुपमा वाह्य विज्ञहरु परिचालन गरेको छ। तसर्थ प्रस्तुत मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा परिचालन भएका विज्ञ परामर्शदाताको महत्वपूर्ण भूमिका रहेको छ। मध्यमकालीन खर्च संरचना तयारी कार्यमा विज्ञ परामर्शदाताबाट गाउँपालिकाको कार्यालयमै बसेर गाउँकार्यपालिका पदाधिकारीहरु तथा कर्मचारीलाई अभिमखीकरण गर्ने, कार्यदल निर्माण गर्ने, गत विगत वर्षको आधारमा आगामी तीन आर्थिक वर्षको स्रोत र खर्चको अनुमान तथा प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण तथा विषयगत शाखा तथा समितिसँग राय परामर्श गरी विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने र बजेट तथा कार्यक्रम तर्जुमा समितिको नेतृत्वमा मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गरिएको छ।

**प्रक्रिया २ : नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवम् अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

गाउँपालिकाको मार्गनिर्देशनमा परामर्शदाताद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवम् अध्ययन गरियो। दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो। मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहाय बमोजिम रहेका छन्।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका प्रतिवेदन तथा सिफारिशहरु
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवम् गाउँपालिकाको राजस्व सम्बन्धी कानून र आर्थिक ऐनहरु
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना
- गण्डकी प्रदेशको प्रथम आवधिक योजना
- शहिद लखन गाउँपालिकाको प्रथम आवधिक योजना

- शहिद लखन गाउँपालिकाको नीति कार्यक्रम, कानून तथा प्रतिवेदन आदि ।

**प्रक्रिया ३ : मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा, सूचना प्रविधि शाखा प्रमुख लगाएतको सहभागितामा छलफल तथा सहमति गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, छलफलमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा गरी सोही बमोजिम यो दस्तावेज तयार गरिएको छ ।

**प्रक्रिया ४ : अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना**

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत जिम्मेवारी सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुभाइ तयार गर्ने उद्देश्यले गाउँपालिकामा एक दिवसीय अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना गरिएको थियो । सो कार्यशालामा गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि, कर्मचारी एवम् सरोकारवालाको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो । यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरी आवश्यक कार्य सम्पादन समेत गरिएको छ । कार्यदलको विवरण अनुसूची १ मा प्रस्तुत छ ।

**प्रक्रिया ५ : विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना**

दीर्घकालीन सोच, विषयगत रणनीतिक योजना, प्रथम आवधिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति तथा ईकाइसँग परामर्श तथा छलफल गरिएको छ । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालवसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरिएको छ । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयारी एवम् हरेक आयोजना तथा उपक्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरिएको थियो ।

**प्रक्रिया ६ : श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण**

राजश्व बाँडफाँड, अन्तर–सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई राजश्व परामर्श समितिको प्रतिवेदनका आधारमा अनुमान तथा प्रक्षेपण तयार गरिएको छ । विगत आर्थिक वर्षहरुको खर्च सहित गाउँपालिकाका रुपान्तरणकारी आयोजना, चालु तथा बहुवर्षीय आयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरी सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराएको थियो ।

**प्रक्रिया ७ : विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमा**

विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरिएको थियो । यी छलफल तथा वैठकहरुमा विषयगत शाखा तथा एकाइका कर्मचारीहरुको सहभागिता रहेको र छलफलबाट प्रत्येक उपक्षेत्रमा आगामी तीन वर्षमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान

यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने एवम् आयोजना/कार्यक्रम तथा उपक्षेत्रको दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु संकेतका आधारमा साँकेतीकरण गर्ने कार्य गरिएको थियो।

**प्रक्रिया ८ : विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखा तथा एकाइलाई विज्ञ परामर्शदाताबाट सहयोग तथा सहजीकरण गरिएको थियो। यसरी तयार भएको विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषय क्षेत्रगत रुपमा योजना तर्जुमा कार्यशालाको आयोजना गरी कार्यशालाको निष्कर्षको रुपमा एकीकृत गरी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरिएको थियो। यस कार्यशालामा विषयगत शाखा प्रमुख तथा विषयगत समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

**प्रक्रिया ९ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

निर्धारित ढाँचामा तयार भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकमा छलफल गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरिएको थियो। यस कार्यमा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलले आवश्यक समन्वय गरेको थियो। मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) एवम् राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्त खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषय क्षेत्रगत रुपमा योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको छ।

**प्रक्रिया १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला**

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी सुझाव संकलनका उद्देश्यले एकदिने कार्यशाला आयोजना गरिएको थियो। कार्यशालामा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो। कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुति गरी सुझाव प्राप्त गर्नुका साथै नपुग देखिएका सूचना तथा तथ्यांक समेत संकलन गरिएको थियो।

**प्रक्रिया ११ : मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी**

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला तथा गाउँपालिकाका विभिन्न शाखाहरुबाट प्राप्त सुझावहरु समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरिएको छ। यसरी तयार भएको मस्यौदालाई यस विषयका विज्ञद्वारा पुनरावलोकन गराई मस्यौदालाई अन्तिम रुप प्रदान गरिएको छ।

**प्रक्रिया १२ : मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना दस्तावेज गाउँकार्यपालिकाको बैठकमा छलफल गरी स्विकृत गरिएको छ। साथै उक्त मध्यमकालीन खर्च संरचना दस्तावेज आगामी गाउँसभाबाट अनुमोदन गराउने निर्णय समेत कार्यपालिकाबाट गरिएको छ।

# परिच्छेद २ : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ । नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो ।
सङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ । उपरोक्त कानूनी व्यवस्था अनुसार यस गाउँपालिकाले तय गरेको दीर्घकालिन तथा आवधिक विकास योजनाले राखेको लक्ष्य तथा उद्देश्य हासिल हुने गरी प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

यस शहिद लखन गाउँपालिकाले २०७८ सालमा प्रथम आवधिक योजना तर्जुमा गरेको छ । तसर्थ सोहि आवधिक योजना को आधारमा आर्थिक वर्ष २०८०/८१ – २०८२/८३ का लागि तुर्जमा गरिएको प्रस्तुत मध्यमकालीन खर्च संरचनामा शहिद लखन गाउँपालिकाको प्रथम आवधिक विकास योजनाले लिएको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता एवम् विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रमहरु नेपाल सरकारको पन्ध्रौं योजना तथा गण्डकी प्रदेशको प्रथम आवधिक योजना तथा दिगो विकास लक्ष्यको मार्गीचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र नेपालको संविधानमा उल्लिखित स्थानीय तहको अधिकार सूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ ।

## २.२ चूनौति तथा अवसर

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्ध्रौ योजना, गण्डकी प्रदेशको प्रथम आवधिक योजना र गाउँपालिकाको प्रथम आवधिक योजना एवम् नीति तथा कार्यक्रमले लिएका उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्ने कार्य आफैमा चूनौतिपूर्ण छ । यसका साथै विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महाव्याधी लगायतका महामारीका अतिरिक्त वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपदको बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशील विकास हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु गाउँपालिकाको निमित्त थप चूनौतिको विषय हो ।
यसका साथै व्यवस्थित पुर्वाधार, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीका अवसरमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि गाउँ विकासको चूनौतिको रुपमा रहेका छन् । वित्तीय सङ्घीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र उपलब्ध सार्वजनिक स्रोतको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चूनौतिपूर्ण कार्य हो ।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु यस गाउँपालिकाका लागि अहिलेका प्रमुख अवसरहरु हुन्। गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्धारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन्।

वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ। यसका साथै कोभिड १९ लगायतका महामारी र अन्य विपद्ले गर्दा अझ राम्रो अझ बलियो सुरक्षिण निर्माण, उत्थानशील विकास र वातावरणीय सन्तुलनका दिशामा यस मध्यमकालीन खर्च संरचनाले केन्द्रित हुन थप प्रेरणा दिने अपेक्षा गरिएको छ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

गाउँपालिकाको मार्गदर्शक दस्तावेजको रुपमा शहिद लखन गाउँपालिकाको प्रथम आवधिक योजना २०७८/७९ – २०८२/८३ तर्जुमा भै कार्यान्वयनमा रहेको हुँदा यस दस्तावेजलाई प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा आधारको रुपमा लिइएको छ। साथै गाउँपालिकाले विगतदेखि तय गरेको र नीति कार्यक्रममा समावेश गरेको गाउँ विकासको दीर्घकालीन सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई पनि आधार मानिएको छ। त्यसबाहेक पन्ध्रौ राष्ट्रिय योजना, गण्डकी प्रदेश सरकारको प्रथम आवधिक योजना समेतका आधारमा यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ।

### २.३.१ दीर्घकालीन सोच

गाउँपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

**"कृषि, पर्यटन र पूर्वाधारको दीगोपनः समृद्ध, सुसंस्कृत शहिद लखन"**

गाउँपालिकाले कार्यशालामा सबैको सहभागितामा बनाएको उपर्युक्त सोचको शाब्दिक व्याख्या निम्नानुसार गाउँपालिका सान्दर्भिक हुने गरी कार्यशालाले निर्देशित गरेको छ।

**कृषिः** व्यवसायिक रुपमा उत्पादन र उत्पादकत्व बढाउँदै विभिन्न किशिमका मौसमी तथा वेमौसमी कृषि बाली, पशुपालन, मत्स्यपालन आदिबाट आय आर्जन गरी समृद्धि प्राप्त गर्न गरिने आर्थिक क्रियाकलाप।

**पर्यटनः** पर्यटकहरूलाई गाउँपालिका क्षेत्रभित्र वा नेपाल राज्यभित्र कुनै पनि स्थानमा पूर्ण वा आंशिक रूपमा परिवहन, बसोबास, भ्रमण व्यवस्था, रेष्टुरेन्ट सेवा, दृश्यावलोकन, पथ प्रदर्शन, पदयात्रा, जलयात्रा, तथा अन्य साहसिक एवं मनोरन्जनात्मक सेवा पुर्याउने र सो वापत विदेशी मुद्रा आर्जन गर्ने प्रकृतिका विविध कारोबारजन्य क्रियाकलाप।

**पूर्वाधारः** स्थानीय तहमा आम नागरिकले प्रयोग गर्ने तथा यातायात तथा सडक, सिँचाई तथा नदी नियन्त्रण, लघु जलविद्युत तथा बैकल्पिक उर्जा, खानेपानी, ढल निकास तथा सरसफाई, आवास भवन तथा शहरी विकास, फोहोरमैला व्यवस्थापन आदि जस्ता पूर्बाधारको निर्माण तथा मर्मत सेवा।

**समृद्ध :** उच्च र समतामूलक आय बद्धि, मानव विकास सूचकांकमा बृद्धि, प्राप्त अवसरको अधिकतम उपयोग गरी कृषि, औधोगिक तथा सेवा क्षेत्रको उत्पादन र उत्पादकत्वमा बृद्धिका साथै स्वच्छ व्यवसायिक प्रतिस्पर्धा, लगानीका अवसरमा बद्धि र रोजगारी श्रृजना, तथा भौतिक तथा सामाजिक पूर्वाधारमा सर्वकालिक सबैको सहज पहुँच र आबद्धता।

**सुसंस्कृत**: शिक्षित, स्वस्थ्य, संस्कारयुक्त, साँस्कृतिक विविधताको सम्मान, समयको पालना, शिष्ट बोली र वचन, अर्काको व्यक्तित्वको सम्मान र आपसी सद्भाव सहितको गाउँपालिका।

### २.३.२ लक्ष्य

"न्याय र समतामा आधारित दीगो आर्थिक विकास भएको हुने"

### २.३.३ उद्देश्य

१) कृषि र पर्यटन क्षेत्रको समावेशी विकास मार्फत शहीद लखनवासीको रोजगारी र आयमा वृद्धि गरी जीवनस्तर सुधार गर्नु
२) गुणस्तरीय भौतिक पूर्वाधारको विकास र विस्तार गर्नु,
३) शिक्षा, स्वास्थ्य, युवा र महिला बालबालिका लगायत सामाजिक क्षेत्रको समतामूलक विकास गर्नु
४) वन वातावरण, जैविक विविधताको संरक्षण र प्रवर्द्धनका साथै जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी रूपमा सञ्चालन गर्नु,
५) संस्थागत सुदृढीकरण गर्दै सुशासनको प्रत्याभूत गर्नु

### २.३.४ रणनीति

गाउँपालिकाको आवधिक विकास योजनाको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीति (स्तम्भ) हरू अवलम्बन गरिएका छन् :

१) कृषिलाई व्यवसायीकरण गरी मूल्य शृङ्खलामा आवद्ध गर्ने,
२) प्राकृतिक, ऐतिहाँसिक, धार्मिक पर्यटकीय स्थलहरुको विकास तथा प्रचारप्रसार मार्फत पर्यटन क्षेत्रको व्यवसायीकरण तथा प्रवर्द्धन गर्ने,
३) उद्यमशीलताको विकास गरी स्थानीय उत्पादनमा आधारित उद्योग, व्यापार तथा व्यवसायको प्रवर्द्धन गर्ने,
४) आधारभूत र माध्यमिक शिक्षा गुणस्तरीय र रोजगारीमूलक वनाउने,
५) आधारभूत स्वास्थ्यसेवा सर्वसुलभ बनाउने,
६) स्थानीय विकास तथा शासन प्रणालीलाई सहभागितामूलक र समावेशी बनाउने,
७) यातायात, विद्युत, सिंचाइ, भवन, सञ्चार जस्ता पूर्वाधारको गुणस्तरीय निर्माण तथा विस्तार गर्ने
८) विकास र वातावरण बीच सन्तुलन कायम गर्ने,
९) स्थानीय विकासलाई जलवायु परिवर्तन अनुकुलन बनाउने र विपद व्यवस्थापन गर्ने,
१०)विकास र सेवा प्रवाहमा सुशासन अभिवृद्धि गर्ने।

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय सोच तथा संकल्प, गण्डकी प्रदेशको "उच्च मानव विकास र पहिचान, समृद्ध गण्डकी प्रदेश" को सोच र शहिद लखन गाउँपालिकाको विकासको "**कृषि, पर्यटन र पूर्वाधारको दीगोपनः समृद्ध, सुसंस्कृत शहिद लखन**" सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

तालिका २.1 मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा)

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको उपलब्धी | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कुल बार्षिक उत्पादन | रु लाखमा | १८४६४ | १८९४२ | २०५४५ | २२५२० | २३६३२ |
| *१.१* | *कृषि क्षेत्र* | *रु लाखमा* | *६६६७* | *६७१०* | *६७३५* | *६७४६* | *६७५६* |

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको उपलब्धी | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १.२ | *गैर कृषि (उद्योग र सेवा) क्षेत्र* | *रु लाखमा* | ११७९७ | १२२३२ | १३८१० | १५७७४ | १६८७६ |
| २ | औषत पारिवारिक आय | रु लाखमा | ४.०३ | ४.६४ | ५.३३ | ६.१३ | ७.०६ |
| ३ | उद्योग, ब्यापार र व्यवसाय | संख्या | ६१५ | ६३० | ६५० | ७०० | ७५० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी श्रृजना | संख्या | ० | ० | ० | ० | ० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | २९ | ३१ | ३३ | ३८ | ४५ |

*स्रोत : शहिद लखन गाउँपालिकाको आवधिक योजना २०७८*

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्ध्रौ योजना, गण्डकी प्रदेशको प्रथम आवधिक योजना तथा शहिद लखन गाउँपालिकाको प्रथम आवधिक योजनाको दीर्घकालीन सोच तथा लक्ष्य उद्देश्य हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आ.व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य आवधिक योजना, बार्षिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २.2 प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको उपलब्धी | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | प्रतिव्यक्ति खाद्यान्न उत्पदन (केजी) | के.जी. | ८७ | ८९ | ९२ | ९५ | ९८ |
| २ | आफनो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ४० | ३८ | ३५ | ३० | २८ |
| ३ | आफ्नो उत्पादन र आयले वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ३० | २५ | २० | १५ | १० |
| ५ | साक्षरता दर | प्रतिशत | ८७ | ८९ | ९० | ९१ | ९२ |
| ६ | आधारभूत तह (१–८) खुद भर्ना दर | प्रतिशत | ९५.५ | ९६ | ९७ | ९८ | १०० |
| ७ | माध्यमिक तह (९–१२) खुद भर्ना दर | प्रतिशत | ५५ | ६५ | ७५ | ८० | ९० |
| ८ | दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | प्रतिशत | ८० | ८० | ८२ | ८५ | ८८ |
| ९ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा | जना | ० | ० | ० | ० | ० |
| १० | कुपोषण दर | संख्या | ९६ | ९९ | १०० | १०० | १०० |
| ११ | आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | | | | | |
| १२ | जीवनमा शारिरीक तथा यौन हिंसा भोगका महिला | प्रतिशत | | | | | |
| १३ | पक्की सडकको कुल लम्बाई | किमि | १२ | १२ | ३.५ | १७ | १८ |
| १४ | मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ७५ | ७८ | ८५ | ९० | ९५ |
| १५ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ |
| १६ | विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ९५ | ९६.८ | ९७.७ | ९९.५ | १०० |
| १७ | इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | ५ | १० | १५ | २० | २५ |
| १९ | नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट | प्रतिशत | ३० | ४० | ५० | ६० | ६५ |

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको उपलब्धी | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| | सेवाग्राही | | | | | | |
| २० | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | २ | २ | ४ | ४ | ५ |
| २१ | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिर्पोटिङ गर्ने वडाहरु | संख्या | ९ | ९ | ९ | ९ | ९ |
| २२ | निर्मित कानुनको संख्या | | | १०३ | १०८ | ११३ | १०३ |

*स्रोतः गाउँपालिकाको दस्तावेज र विषयगत विवरण*

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा गाउँपालिकाको प्रथम आवधिक योजना, दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ । गाउँपालिकाको प्रथम प्रयासमा तयार भएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत रुपमा प्राप्त हुने नतिजाका आधारमा खर्च तथा स्रोतको अनुमान गरिएको छ । यसका साथै कोभिड १९ लगायतका महामारी र जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ । महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई प्राथमिकता दिइएको छ ।

गाउँपालिकाका दीर्घकालीन आयोजना, विशेष आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुनेगरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन *अनुसूची २* मा प्रस्तुत छ ।

आर्थिक वर्ष २०७९/८० को राजस्व तथा विनियोजन र असार मसान्त सम्मको उपलव्धीका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा ब्यय अनुमान गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य, नीति तथा घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई पर्याप्त स्रोतको व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडफाँट तथा उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँट स्वरूप प्राप्त हुने रकम, रोयल्टी र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम गत विगतको आयका आधारमा अनुमान गरिएको छ ।

आन्तरिक आयको तथ्याङ्क विश्लेषणका लागि गाउँपालिकाको राजस्व सुधार योजना २०७७/७८ लाई आधारको रुपमा लिइएको छ। त्यस्तै गाउँपालिकाको राजस्व परामर्श समितिको प्रतिवेदन तथा SuTRA मा प्रविष्ट सूचनालाई आधार मानी आन्तरिक आयको विवरणलाइ श्रोत मानी विश्लेषण गरिएको छ।

उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा गाउँपालिकाको कुल बजेट रु. २ अर्व ५ करोड ६२ लाख ५७ हजार हुने अनुमान तथा प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका २.3 : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)

| विवरण | ०७७/७८ को यथार्थ | ०७८/७९ को यथार्थ | ०७९/८० को संसोधित | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु.) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ को अनुमान | ०८१/८२ को प्रक्षेपण | ०८२/८३ को प्रक्षेपण | तीन वर्षको कुल |
| **खर्च अनुमान** | | | | | | | |
| चालु खर्च | ३५३५८४ | ३८६५६२ | ४४५८३१ | २८८२२१ | ३१२४८१ | ३२४६१३ | ९२५३१६ |
| पुँजीगत खर्च | १५३०८६ | २००७४ | २८९२४० | ३५२२७१ | ३८१९२१ | ३९६७५० | ११३०९४१ |
| वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० |
| कुल | ५०६६७० | ४०६६३६ | ७३५०७१ | ६४०४९२ | ६९४४०२ | ७२१३६३ | २०५६२५७ |
| **आय अनुमान** | | | | | | | |
| आन्तरिक आय | १०९८१ | १५२५६ | १७१३५ | २२५८० | २५२८९।६ | २७८१८।६ | ७५६८८२ |
| राजस्व बाँडफाँट | ७७०१९ | ८८४६० | १०५०८० | १०४८३९ | ११००८१ | ११५५८५ | ३३०५०५ |
| क. नेपाल सरकार | ६९८१० | ८०६८८ | ९७२३० | ९५२७२ | १०००३६ | १०५०३७ | ३००३४५ |
| ख. प्रदेश सरकार | ७२०९ | ७७७२ | ७८५० | ९५६७ | १००४५ | १०५४८ | ३०१५९ |
| रोयल्टी बाँडफाँट | ३३०९ | ३७४५ | ३७५० | ६५०० | ७५०० | ८५०० | २२५०० |
| क. वन रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| ख. खानी रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| ग. विद्युत् रोयल्टी | ० | ० | ० | ४५०० | ५००० | ५५०० | १५००० |
| घ. पर्वतारोहण रोयल्टी | ३३०९ | ३७४५ | ३७५० | ० | ० | ० | ० |
| ङ. पानी तथा अन्य रोयल्टी | ० | ० | ० | २००० | २५०० | ३००० | ७५०० |
| संघीय वित्तीय हस्तान्तरण | ४०६७१० | ४२३४४३ | ४६८६०० | ४३२००० | ४७१३२५ | ४८७१४१ | १३९०४६६ |
| क. वित्तीय समानीकरण अनुदान | १४७६०० | १५४६०० | १६४४०० | १४१२०० | १४८२६० | १५५६७३ | ४४५१३३ |
| ख. सशर्त अनुदान | २५९११० | २६३६४३ | २५४२०० | २५५३०० | २६८०६५ | २८१४६८ | ८०४८३३।३ |
| ग. समपूरक अनुदान | ० | ५२०० | ३५००० | १७५०० | ३५००० | ३०००० | ८२५०० |
| घ. विशेष अनुदान | ० | ० | १५००० | १८००० | २०००० | २०००० | ५८००० |
| प्रदेश वित्तीय हस्तान्तरण | २१३२२ | २६१३६ | ३२५३६ | ३१६०४ | ४०८८४ | ४६२२८।४ | ११८७१७ |
| क. वित्तीय समानीकरण अनुदान | १२४०९ | १९३३६ | २०५३६ | २०६०४ | २१६३४ | २२७१५ | ६४९५४ |
| ख. सशर्त अनुदान | ६४१३ | ० | ० | ५००० | ५२५० | ५५१२।५ | १५७६३ |
| ग. समपूरक अनुदान | २५०० | ६८०० | ७००० | ६००० | ८००० | १०००० | २४००० |
| घ. विशेष अनुदान | ० | ० | ५००० | ० | ६००० | ८००० | १४००० |
| आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० | ० |

| विवरण | ०७७/७८ को यथार्थ | ०७८/७९ को यथार्थ | ०७९/८० को संसोधित | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु.) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ को अनुमान | ०८१/८२ को प्रक्षेपण | ०८२/८३ को प्रक्षेपण | तीन वर्षको कुल |
| अन्य अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| जनसहभागिता | १८७४ | ३०१३ | ३००० | १५०० | २००० | २५०० | ६००० |
| अन्तर स्थानीय तह साझेदारी रकम | ० | ० | ० | ० | ० | ० | ० |
| मौज्दात रकम | ११७७०४ | १३०३७५ | १०४९७० | ४१४६९ | ३७३२२ | ३३५८९ | ११२३८१ |
| कुल | ६३८९१९ | ६९०४२८ | ७३५०७१ | ६४०४९२ | ६९४४०२ | ७२१३६३ | २०५६२५७ |
| बचत (—) न्यून (+) | (१३२२४९) | (२८३७९२) | ० | ० | ० | ० | |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ।

**क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण**

यस गाउँपालिकाको आवधिक योजनामा तय गरिएका रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ।

तालिका २.4 : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)

| रणनीतिक स्तम्भ | कार्यक्रम संख्या | २०८०/८१ को अनुमान | | २०८१/८२ को प्रक्षेपण | | २०८२/८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| कृषि | ७ | २६४२७ | ४% | २८६५१ | ४% | २९७६४ | ४% |
| पर्यटन | ४ | १८०० | ०.३% | १९५२ | ०.३% | २०२७ | ०.३% |
| उद्योग ब्यापार | ६ | ६३०० | १% | ६८३० | १% | ७०९६ | १% |
| शिक्षा | ५ | १७८२२८ | २८% | १९३२२९ | २८% | २००७३२ | २८% |
| स्वास्थ्य | १० | २०३५० | ३% | २२०६३ | ३% | २२९१९ | ३% |
| समावेशीकरण | १० | ५७०३१ | ९% | ६१८३१ | ९% | ६४२३२ | ९% |
| पूर्वाधार | २५ | १५८३६१ | २४% | १७१६९१ | २४% | १७८३५६ | २४% |
| वातावरण सन्तुलन | ३ | ७५० | ०.३% | ८१३ | ०.३% | ८४५ | ०.३% |
| विपद तथा जलवायु | १ | २००० | ०.४% | २१६८ | ०.४% | २२५३ | ०.४% |
| सुशासन सेवा प्रवाह | ४ | १८९२४५ | ३०% | २०५१७४ | ३०% | २१३१३९ | ३०% |
| जम्मा | ७५ | ६४०४९२ | १००% | ६९४४०२ | १००% | ७२१३६३ | १००% |

ख. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।

तालिका २.5 : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को खर्च अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को खर्च अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | २१ | ७६७६४ | १२% | ८३५२० | १२% | ८६८९९ | १२% |
| प्राथमिकता दोश्रो (P2) | ५४ | ५६३७२८ | ८८% | ६१०८८२ | ८८% | ६३४४६४ | ८८% |
| **जम्मा** | ७५ | ६४०४९२ | १००% | ६९४४०२ | १००% | ७२१३६३ | १००% |

### ग. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ।

तालिका २.6 : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ५ | २६८० | ०% | ३०३२ | ०% | ३२०८ | ०% |
| २ | शून्य भोकमरी | ३ | २१९४७ | ३% | २३८९५ | ३% | २४८७० | ३% |
| ३ | स्वस्थ जीवन | १० | २०३५० | ३% | २२०६३ | ३% | २२९१९ | ३% |
| ४ | गुणस्तरीय शिक्षा | ५ | १७८२२८ | २८% | १९३२२९ | २८% | २००७३२ | २८% |
| ५ | लैङ्गिक समानता | ३ | ३४५८७ | ५% | ३७९१९ | ५% | ३९५८५ | ५% |
| ६ | स्वच्छ पानी र सरसफाइ | ३ | ८५५० | १% | ९२७० | १% | ९६३० | १% |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १ | १८०० | ०.३% | १९५२ | ०.३% | २०२७ | ०.३% |
| ८ | समावेशी आर्थिक वृद्धि,मर्यादित काम | १० | १९६४० | ३% | २१२९३ | ३% | २२१२० | ३% |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | १७ | ९४९९६ | १५% | १०२९९२ | १५% | १०६९९० | १५% |
| १० | असमानता न्यूनीकरण | ४ | १०००४ | २% | १०८२५ | २% | १०६३६ | १% |
| ११ | दिगो शहर र बस्ती | ३ | ५२५१५ | ८% | ५६९३५ | ८% | ५९१४६ | ८% |
| १२ | दिगो उपभोग र उत्पादन | २ | २७०० | ०.४% | २७०० | ०.४% | २७०० | ०.४% |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ३ | २२५० | ०.४% | २४३९ | ०.४% | २५३५ | ०.४% |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ०% | ० | ०% | ० | ०% |
| १५ | भूसतह स्रोतको उपयोग | १ | ५०० | ०.१% | ५४२ | ०.१% | ५६३ | ०.१% |
| १६ | शान्ति, न्याय र सबल संस्था | ३ | ३१०० | ०.४% | ३३६१ | ०.४% | ३४९१ | ०.४% |
| १७ | दिगो विकासको लागि साझेदारी | २ | १८६६४५ | २७.४ % | २०२३५५ | २७.४% | २१०२११ | २७.४ % |
| | कुल जम्मा | **७५** | **६४०४९२** | १००% | ६९४४०२ | १००% | ७२१३६३ | १००% |

### घ. लैंङ्गिक संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

लैंङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

तालिका २.7 : लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| लैंङ्गिक संकेत | आयोजना, कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | ९ | ४४७८७ | ७% | ४८११९ | ७% | ४९७८५ | ७% |
| सहयोगी | २१ | २१५२१८ | ३४% | २३२५१६ | ३३% | २४११६९ | ३३% |
| तटस्थ | ४५ | ३८०४८७ | ५९% | ४१३७६७ | ६०% | ४३०४०९ | ६०% |

| लैङ्गिक संकेत | आयोजना, कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **जम्मा** | ७५ | ६४०४९२ | १००% | ६९४४०२ | १००% | ७२१३६३ | १००% |

### ङ. जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ।

तालिका २.8 : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| जलवायु परिवर्तन संकेत | आयोजना, कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | ४ | २५५० | ०% | २७६५ | ०% | २८७२ | ०% |
| सान्दर्भिक | १९ | ४३१७७ | ७% | ४६८११ | ७% | ४८६२९ | ७% |
| तटस्थ | ५२ | ५९४७६५ | ९३% | ६४४८२६ | ९३% | ६६९८६२ | ९३% |
| **जम्मा** | **७५** | **६४०४९२** | १००% | **६९४४०२** | १००% | **७२१३६३** | १००% |

### च. स्थानीय गौरवको आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

तालिका २.9 : स्थानीय गौरवको आयोजनाको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| उपक्षेत्र | आयोजना, कार्यक्रम | २०८०/८१ को व्यय अनुमान | २०८१/८२ को खर्च प्रक्षेपण | २०८२/८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| पर्यटन | प्रथम शहिद लखन थापा स्मारक क्षेत्र विकास आयोजना (विशेष अनुदान) | ५०० | ५०० | ५०० |
| सडक | लखन थापा मार्ग | १५००० | १५००० | १५००० |

## २.८ विषय उपक्षेत्रगत बाँडफाँट

विषय उपक्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ। विषय उपक्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ।

तालिका २.10 : आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)

| उपक्षेत्र | २०८०/८१ को व्यय अनुमान | | | २०८१/८२ को खर्च प्रक्षेपण | | | २०८२/८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| कृषि तथा खाद्य सुरक्षा | २३१४७ | १५०४६ | ८१०१ | २५०९५ | १६३१२ | ८७८३ | २६०७० | १६९४६ | ९१२५ |
| पशुपंक्षी सेवा | ३२८० | २६२४ | ६५६ | ३५५६ | २८४५ | ७११ | ३६९४ | २९५५ | ७३९ |
| उद्योग र व्यापार ब्यवसाय | ३००० | २१०० | ९०० | ३२५२ | २२७६ | ९७६ | ३३७९ | २३६५ | १०१४ |
| पर्यटन तथा संस्कृति | १८०० | ५४० | १२६० | १९५२ | ५८६ | १३६६ | २०२७ | ६०८ | १४१९ |
| भूमि सहकारी र वित्तसेवा | २४०० | १९२० | ४८० | २६०२ | २०८२ | ५२० | २७०३ | २१६२ | ५४१ |
| श्रम, रोजगारी | ९०० | ४५० | ४५० | ९७६ | ४८८ | ४८८ | १०१४ | ५०७ | ५०७ |
| | | | | | | | | | |
| शिक्षा, कला, भाषा साहित्य | १७८२२८ | १५१४९४ | २६७३४ | १९३२२९ | १६४२४५ | २८९८४ | २००७३२ | १७०६२२ | ३०११० |
| स्वास्थ्य तथा पोषण | २०३५० | १७२९८ | ३०५३ | २२०६३ | १८७५३ | ३३०९ | २२९१९ | १९४८२ | ३४३८ |

| उपक्षेत्र | २०८०/८१ को व्यय अनुमान | | | २०८१/८२ को खर्च प्रक्षेपण | | | २०८२/८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| खानेपानी तथा सरसफाई | ८५५० | १७१० | ६८४० | ९२७० | १८५४ | ७४१६ | ९६३० | १९२६ | ७७०४ |
| महिला बालिका समावेशी | ३९५८७ | ३३६४९ | ५९३८ | ४२९१९ | ३६४८१ | ६४३८ | ४४५८५ | ३७८९७ | ६६८८ |
| युवा तथा खेलकुद | ५००४ | २५०२ | २५०२ | ५४२५ | २७१३ | २७१३ | ५६३६ | २८१८ | २८१८ |
| सामाजिक सुरक्षा, पञ्जीकरण | १२४४० | ११८१८ | ६२२ | १३४८७ | १२८१३ | ६७४ | १४०११ | १३३१० | ७०१ |
| | | | | | | | | | |
| बस्ती विकास भवन शहरी | ५२५१५ | २६२६ | ४९८८९ | ५६९३५ | २८४७ | ५४०८८ | ५९१४६ | २९५७ | ५६१८९ |
| सडक तथा यातायात | ९४९९६ | २८५० | ९२१४६ | १०२९९२ | ३०९० | ९९९०२ | १०६९९० | ३२१० | १०३७८० |
| जलश्रोत विद्युत् र स्वच्छ ऊर्जा | १८०० | ९० | १७१० | १९५२ | ९८ | १८५४ | २०२७ | १०१ | १९२६ |
| सूचना, सञ्चार प्रविधि | ५०० | ७५ | ४२५ | ५४२ | ८१ | ४६१ | ५६३ | ८४ | ४७९ |
| | | | | | | | | | |
| वन हरियाली, भूसंरक्षण नदी | ५०० | ५० | ४५० | ५४२ | ५४ | ४८८ | ५६३ | ५६ | ५०७ |
| वातावरण फोहोरमैला व्यवस्थापन | २५० | १२५ | १२५ | २७१ | १३६ | १३६ | २८२ | १४१ | १४१ |
| विपद जलवायु परिवर्तन | २००० | ८०० | १२०० | २१६८ | ८६७ | १३०१ | २२५३ | ९०१ | १३५२ |
| | | | | | | | | | |
| नीति, कानून, सुशासन | ९०० | ८५५ | ४५ | ९७६ | ९२७ | ४९ | १०१३ | ९६२ | ५१ |
| संगठन, मानव संशाधन | १८५९४५ | १८२२२६ | ३७१९ | २०१५९६ | १९७५६४ | ४०३२ | २०९४२३ | २०५२३५ | ४१८८ |
| राजस्व सुधार परिचालन | ७०० | ६३० | ७० | ७५९ | ६८३ | ७६ | ७८८ | ७०९ | ७९ |
| तथ्याङ्क, योजना विकास | १७०० | १३६० | ३४० | १८४३ | १४७४ | ३६९ | १९१५ | १५३२ | ३८३ |
| कुल जम्मा | ६४०४९२ | ४३२८३७ | २०७६५५ | ६९४४०२ | ४६९२६८ | २२५१३४ | ७२१३६३ | ४८७४८८ | २३३८७५ |

आर्थिक वर्ष २०८०/८१ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय उपक्षेत्रगत नतिजा, विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय उपक्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ।

## परिच्छेद ३ : आर्थिक विकास क्षेत्र

कृषि तथा सिंचाई, पशु विकास, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उपक्षेत्रहरु यस परिच्छेदमा समेटिएको छ । यस परिच्छेदमा हरेक उपक्षेत्रको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएका छन् ।

### ३.१ कृषि तथा खाद्य सुरक्षा

#### ३.१.१ पृष्ठभूमि

कृषि तथा पशुपालन शहिद लखन गाउँपालिकाका वासिन्दाको जीवन यापनको प्रमुख आधार हो । गाउँपालिकाको कूल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदान ३८.९३ प्रतिशत रहेको छभने कृषिमा आवद्ध जनसंख्या ४३.०९ प्रतिशत रहेको छ । गाउँपालिकाले ९ वटै वडालाई वडागत विशेषता र मागको आधारमा कृषि र पशुपालनका विभिन्न पकेट क्षेत्रहरूका रूपमा विकास गर्ने नीति लिएकोछ ।
यस गाउँपालिकामा रहेका ज्यादुल खोला, बहीखोला, जुग्दी खोला, राङ्दी खोला, जलकन्या खोला, फुजेल खोला आदि नदीहरुको किनारमा ज्यादुल फाँट, बराहा फाँट, माझिटार, लुदी फाँट, कानटार, जुग्दीफाँट, कल्लेरी फाँट, गह्रौथली फाँट, सिलिङ्टार, ठेउवाटार आदि जस्ता उर्वरभूमि रहेका छन् ।
वेसीका फाँटहरूमा सिंचाइको सुविधा छ भने उच्च तथा बढी भिरालो पहाडी भागहरुमा सिंचाइको वैकल्पिक ब्यवस्था हुन सकेको अवस्था छैन । यस गाउँपालिकामा रहेका ३९ वटा सामुदायिक वनहरूबाट यहाँका जलाधार हराभरा र संरक्षित रहेका छन् । कृषियोग्य जमिन, प्राकृतिक स्रोत साधनहरु जस्तै वन जंगल, खनिज, खोला, नदी आदि यस पालिकाका मुख्य आर्थिक आधार हुन् ।
त्यसैगरी यहाँको पाखो तथा बारी क्षेत्रमा सुन्तला, केरा, अम्वालगायतका फलफूल, तरकारी, आलु, मासको दाल, जडिवुटी, कृषि वन आदिको व्यावसायिक उत्पादनकोप्रशस्त सम्भावना रहेको देखिन्छ । यस पालिकाको कृषि पकेट क्षेत्रहरुमा गरिने उत्पादनका मूल्य श्रृंखलाको महत्वपुर्ण कडीको रुपमा रहेको बजारलाई प्रवर्धन गर्न आँवु खैरेनी स्थित नमूना हाट बजारले थप प्रवर्द्धन गरेको छ ।

#### ३.१.२ समस्या तथा चूनौति

व्यावसायिक अवधारणा तथा प्राविधिक ज्ञानको कमी, कृषिमा आधुनिक प्रविधि र सामाग्री भित्रिन नसक्नु, सिंचाइ सुविधाको कमी, बजारसँगको पहुँच न्यून हुनु तथा कृषि उपजको राम्रो बजारीकरण हुन नसक्नु, दक्ष जनशक्तिको अभाव रहनु, ज्यालामा विभेद हुनु, कृषि सहकारीको विकास हुन नसक्नु, मूल्य सूचना वारे जानकारी नहुनु, कृषि कर्जा, वीमा लगायतका वित्तीय सेवामा कृषकको सहज पहुँच नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।
बढदै गएको बाँझो जग्गालाई कृषि उपयोगमा ल्याउनु, वडा स्तरमा कृषि उत्पादन संकलन केन्द्र स्थापना गर्नु, दिगो कृषि विकासका लागि जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्नु, साना तथा मझौला किसानको ब्यावसायिक क्षमता विकास गरी कृषि क्षेत्रको ब्यवसायीकरण गर्नु, कृषि भूमिको अब्यवस्थित ब्यवस्थापनलाई ब्यवस्थित गर्नु, श्रमशक्तिको अभाव परिपूर्ति गर्नु, जैविक विविधतालाई जोगाउनु र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीप, पूँजी तथा प्रविधिलाई ब्यवसायिक कृषिमा उपयोग गर्नु चुनौतीका रुपमा रहेका छन् ।

#### ३.१.३ सोच

“शहिद लखनको समृद्धि, कृषि उत्पादनमा बृद्धि”

### ३.१.४ उद्देश्य

१. कृषिमा आधुनिकीकरण गरी कृषकको जीवन स्तरमा सुधार गर्नु।
२. खाद्यान्न, फलफुल, र तरकारी उत्पादनमा वृद्धि गरी आत्मनिर्भर हुनु तथा निकासी गर्नु।

### ३.१.५ रणनीति

१. कृषि पकेटक्षेत्रहरुमा उन्नत बीउ विजन, कृषि सामग्री तथा औजार, वित्तीय सेवा तथा जैविक प्रविधिको उपयोग गर्ने।
२. कृषिजन्य उपजको विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्ने।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | ८७ | ८९ | ९२ | ९५ | ९८ |
| आफ्नो आयको दुई तिहाइ भन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ३० | २५ | २० | १५ | १० |
| सानास्तरका खाद्य उत्पादकहरूको औसत आय | रु हजार | २०० | १२० | १३० | १४० | १५० |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी | संख्या | ४५ | ५२ | ५५ | ६० | ७० |
| कुल कृषिभूमिमध्ये खेति गरिएको भूमि | प्रतिशत | ५० | ५० | ५५ | ६० | ६५ |
| स्थानीय उत्पादनले पूरा गर्ने तरकारी तथा कृषि उपजहरुको माग | प्रतिशत | ५ | ५ | ७ | ९ | १२ |
| खाद्यान्न बालीको औसत उत्पादकत्व (प्रति हेक्टर) | मे.टन | | | | | |
| कुल तरकारी उत्पादन | मे.टन | १००० | १२०० | १५०० | १८०० | २२५० |
| कुल दलहन बाली उत्पादन | मे.टन | १२०० | १५०० | २००० | २२५० | २५०० |

स्रोतः कृषि शाखा, शहिद लखन गाउँपालिका

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २३१४७ | १५०४६ | ८१०१ | ० | ० | २३१४७ | ० | ० |
| २०८१/८२ | २५०९५ | १६३१२ | ८७८३ | ० | ० | २५०९५ | ० | ० |
| २०८२/८३ | २६०७० | १६९४५ | ९१२४ | ० | ० | २६०७० | ० | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि प्रसार, सिचाई तथा प्रविधि हस्तान्तरण कार्यक्रम | कृषि सम्बन्धी आधुनिक एवं वैज्ञानिक प्रविधि वारे शिप दिने, नयाँ प्रविधिको यन्त्र तथा शिप प्रदान गर्ने, विभिन्न विषयमा छलफल गरि निर्णय गर्ने। | २०८०/८१-२०८२/८३ | २१७३० | ६० कृषकले कृषी यन्त्र २०० जना प्राङ्गारिक मल उत्पादन तालिम र वस्तुगत सहयोग, प्रत्येक वडामा पकेट क्षेत्र स्थापना, मकै बिउ उत्पादनमा आत्मनिर्भर बन्ने, |

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | प्रत्येक वडामा २० ओटा प्लास्टिक घर निर्माण गर्ने, विभिन्न विषयमा छलफल तथा निर्णय गर्ने, ७०० जना कृषकलाइ तालिम तथा प्रोत्साहन गर्ने . |
| २ | कृषि ब्यवाय विकास कार्यक्रम | कृषकहरुलाइ उत्पादन वृद्धि गर्न प्रोत्साहन गर्ने, कृषकहरुलाइ उन्नत बिउविजन उपलव्ध गराउने। | २०८०/८१-२०८२/८3 | २१०७३ | उत्पादन गर्ने कृषकलाई नगद प्रोत्साहन गर्ने, २०० गोला मौरीबाट मह उत्पादन गर्ने, ५० जना महिलालाई च्याउ खेतिमा ब्यवसायीक बनाउने, रेशमको कोकोन उत्पादन गरि विक्रि तथा वितरण गर्ने, उन्नत बिउ बिजनबाट र सिचाईबाट उत्पादन बृद्धि गर्ने र जग्गा नभएका कृषकलाई लिज खेतिमा प्रोत्साहन गर्ने। |
| ३ | सुन्तलाजात फलफूल बाली पकेट विकास कार्यक्रम | सुन्तला खेतीमा रोगको नियन्त्रय तथा सिंचाइ र हार्भेस्टिङ तथा स्टोरिङ प्रविधिमा सपोर्ट | | ३६०० | सुन्तला वाली पकेट क्षेत्र विस्तार गर्ने। |
| ४ | कृषि उपज वजार प्रवर्द्धन, सिचाई मर्मत सम्भार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम | कृषकहरुले उत्पादन गरेको बस्तुहरको बजारीकरणमा सहयोग गर्ने। | सालबसाली | २७९०९ | प्रत्येक वडामा कृष उपज बिक्रि केन्द्र हुने, वानिमा सजिलो हुने, कृषि सामाग्रिको संरक्षण गर्ने / कृषक तथा उपभोक्तालाई बेचबाखन गर्न सजिलो हुने . |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा रहेका ब्यवसायिक कृषकहरुको संख्या बृद्धि भई कृषि उत्पादकत्व बढ्ने र बजारीकरण सुदृढ भएको हुनेछ। कृषि उत्पादनमा उन्नत प्रविधि, मल, गुणस्तरीय बीउ, भरपर्दो सिंचाई प्रणाली, बजार प्रणालीमा सुधार ल्याउन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। यसैगरी कृषिजन्य उत्पादनमा नयाँ प्रकोपहरु आउन सक्ने सम्भावना समेत रहन्छ।

## ३.२ पशु विकास

### ३.२.१ पृष्ठभूमि

पशु पालन शहिद लखन गाउँपालिकाको प्रमुख आर्थिक गतिबिधिमध्ये एक हो। यस क्षेत्रका किसानहरु गाई गोरु, बाख्रा, भेडा हाँस तथा कुखुरा पालन गर्दै आएका छन्। यस गाउँपालिकामा पशुपालनको सम्भावना राम्रो रहेकोले दुग्ध सहकारी मार्फत वा निजीक्षेत्रको लगानीमा दुग्ध डेरीको सञ्चालन हुन सक्ने राम्रो सम्भावना देखिन्छ। यस गाउँपालिकामा बैङ्किङ सेवाको शुरूवात भएता पनी बाणिज्य बैङ्कहरुले कृषि तथा पशुपालनमा ऋण लगानी गरेको देखिन्छ।

कृषि तथा पशुपालनको विकासका लागि गरिएको वडा अनुसारको पकेट क्षेत्रबाट कृषिमा थप लगानी हुने देखिन्छ। साथै गाउँपालिका भित्र यातायातलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न सके ऋण परिचालन थप बढने देखिन्छ। खाद्य सुरक्षा, कृषिजन्य उद्योगका लागि कच्चा पदार्थ तथा अधिकांश निकासीजन्य वस्तुहरु समेत कृषि क्षेत्रबाटै हुने भएबाट कृषि ब्यवसाय नेपाली जनजीविकाको माध्यम मात्र नभई समग्र आर्थिक विकासको आधारशिला पनि हो।

३.२.२ समस्या तथा चूनौति

व्यावसायिक अवधारणा तथा प्राविधिक ज्ञानको कमी, पशुपालनमा आधुनिक प्रविधि र सामाग्री भित्रिन नसक्नु, बजारसँगको पहुँच न्यून हुनु तथा कृषि उपजको राम्रो बजारीकरण हुन नसक्नु, दक्ष जनशक्तिको अभाव रहनु, कृषि सहकारीको विकास हुन नसक्नु, मूल्य सूचना वारे जानकारी नहुनु, कृषि कर्जा, वीमा लगायतका वित्तीय सेवामा कृषकको सहज पहुँच नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।
ब्यावसायिक बाख्रा फर्मको विकास गर्नु, उन्नत नश्लका थप भैसी फर्मको रुपमा विकास गर्नु, दिगो कृषि विकासका लागि जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्नु, साना तथा मझौला किसानको ब्यावसायिक क्षमता विकास गरी पशुपालन क्षेत्रको ब्यावसायीकरण गर्नु र थप दुग्ध डेरीहरुको विस्तार गर्नु तथा वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीप, पूँजी तथा प्रविधिलाई ब्यावसायिक पशुपालनमा उपयोग गर्नु चुनौतीका रुपमा रहेका छन्।

३.२.३ सोच

"दिगो तथा उन्नत पशुपालन, सक्षम किसान"

३.२.४ उद्देश्य

- किसान, कृषि सहकारी तथा ब्यवसायीहरुको क्षमता विकास गरी नाफामुलक ब्यवसायको रुपमा स्थापना गर्नु
- गाउँपालिकाको नीति कार्यक्रम अनुसार पशुपालन पकेट पहिचान गरी पूर्वाधार विकास गर्नु।
- पशुपालनसँग सम्बन्धित बजारीकरणलाई सुधार गरी रोजगारी र आयआर्जनको अवसर विस्तार गर्नु।

३.२.५ रणनीति

१. पशुपालनको व्यावसायिक पकेट क्षेत्र पहिचान तथा निर्माण गर्ने।
२. पशुपालन व्यवसाय सम्बन्धी आवश्यक प्राविधिक ज्ञान तथा सूचना हस्तान्तरणका लागि मोवाइल सेवा प्रदान गर्ने।
३. स्थानीय प्रजातिका पशुपन्छीहरूको संरक्षण र संवर्द्धन गरी मासु एवम् दुग्ध उत्पादन वृद्धि गर्ने।

३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | ६९० | ७१० | ७५० | ६७५ | ६७५ |
| व्यवसायिक फर्मको संख्या | संख्या | २७५ | ३०० | ३५० | ३७५ | ५०० |
| बार्षिक दुधको उत्पादन | मे.टन | ५४८० | ५५०० | ५६०० | ५७०० | ६००० |
| बार्षिक मासु उत्पादन | मे.टन | १० | १० | ११ | १२ | १३ |
| बार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | ५०० | ५०० | ६०० | ७०० | ८०० |

३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३२८० | २६२४ | ६५६ | ० | ० | ३२८० | ० | ० |

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ३५५६ | २८४५ | ७११ | ० | ० | ३५५६ | ० | ० |
| २०८२/८३ | ३६९४ | २९५५ | ७३९ | ० | ० | ३६९४ | ० | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुपक्षी प्रसार र प्रविधि हस्तान्तरण कार्यक्रम | ज्ञान तथा शिप हस्तान्तरण गर्ने, विभिन्न विषयमा छलफल गरी निर्णय गर्ने। | २०८०/८१-२०८२/८३ | ४५०० | प्रत्येक वडामा पकेट स्थापना हुने, उन्नत जातको पशु पक्षी उत्पादन हुने, ३० गोटा यन्त्र बितरण गरिने, २५५ जना कृषकहरुलाइ तालिम तथा प्रोत्साहन गर्ने, पशुशाखा मा अबश्यक यन्त्र ब्याबस्था गर्ने र विभिन्न विषयमा छलफल तथा निर्णय गर्ने। |
| २ | पशुपक्षी व्यवसाय विकास कार्यक्रम | कृषकहरुलाइ उत्पादन बढाउन प्रोतसाहन गर्ने, स्वस्थ पशुजन्य उपभोग्य बस्तु उत्पादन गर्ने। | २०८०/८१-२०८२/८३ | ४५०० | पशुपक्षी हरुलाइ उपचार गरी स्वस्थ पशु जन्य बस्तु उत्पादन गर्ने, १५ रोपनी माछापोखरी बिस्तार गर्ने, कृषकहरुलाई नगद प्रोत्साहन गर्ने र पशुपंक्षीको परजिवी नियन्त्रण गरी उत्पादन बृद्धि गर्ने। |
| ३ | पशुपक्षी उपज बजार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम | उत्पादित पशुजन्य सामाग्रीहरुको सहज बजारीकरण गर्ने। | सालबसाली | १५३० | मासु तथा दुग्धजन्य बस्तुको बिकृवितरणमा सहजीकरण गर्ने |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको समन्वयमा संघ र प्रदेश कार्यालयबाट पशुलालन क्षेत्रमा पूर्वाधार, प्रविधि तथा सीप विकास गर्न सकिनेछ। नयाँ ब्यवसायीहरुबाट पशुलापन व्यवसायमा लगानी परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। उचित स्याहार, आहार तथा गोठका लागि पर्याप्त लगानी तथा नियमित उपचारको उपयुक्त व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

## ३.३ उद्योग तथा व्यापार

### ३.३.१ पृष्ठभूमि

यस गाउँपालिकाका अधिकांस वासिन्दाहरुको मुख्य पेशा कृषि भएता पनि मानिसहरू विस्तारै  व्यापार र उद्योगमा संलग्न हुन थालेका छन। आम उपभोक्ताहरुको पहिलो रोजाईमा रहेको मनकामनाको सुन्तला उत्पादन स्थलका रुपमा रहेको यस गाउँपालिकावाट आवुखैरेनी, मुग्लिन, नारायणगढ, पोखरा, काठमाण्डौ लगायतका प्रमुख बजार केन्द्रहरुमा सहज पहुँचको सुविधा उपलब्ध रहेकोछ। यसैलाई उपयोग गर्दै गाउँपालिकाले फलफूल तथा कृषिको व्यावसायीकरण सहित खाद्यान्न वाली, नगदे बाली, तरकारी उत्पादन तथा पशुपालनमा जोड दिदै आएको छ। स्थानीय कच्चा पदार्थमा आधारित प्रारम्भिक प्रशोधन तथा निकासीको सम्भावना देखिएको तथा विभिन्न किशिमका साना तथा घरेलु उद्यम र व्यवसायको विकास तथा

विस्तारमा जोड दिन सकिने सम्भावना देखिएको छ। यहाँ क्रमशः स्थानीय बजार तथा स्थानीय उत्पादन विक्री केन्द्र स्थापना भइरहेकाले व्यवसाय करको सम्भावना समेत रहेको देखिन्छ।

यस गाउँपालिकाका सवै वडाहरुमा साना बजार केन्द्रहरु क्रमशः विकास भै रहेका छन। मनकामना भगवतीको मन्दिरसँग जोडिएर गरिएको व्यापार व्यवसाय यहाँको उल्लेखनीय व्यावसायिक क्षेत्र हो। यसैगरी बुंकोट बजार, नाम्जुङ बजार, घैरुङक्षेत्रमा रहेको बजार र अन्य वडामा रहेका साना साना बजारहरुले यहाँको आवश्यकता पुरा गर्दछन।

यहाँ दैनिक उपभोग्य वस्तु सम्बन्धी आपूर्ति, सेवामूलक व्यवसाय, उत्पादनमूलक व्यवसाय, वित्तीय संस्था आदि गरी आर्थिक गणना २०७६ अनुसार ५८५ वटा व्यापार व्यवसाय तथा उद्यम सञ्चालनमा रहेको पाइन्छ।

### ३.३.२ समस्या तथा चूनौति

स्थानीय स्तरमा उद्यमशीलता तथा सीपको कमी, उद्योग तथा औद्योगिक ग्रामको स्थापना हुन नसक्नु, जडिवुटी जन्य वस्तु प्रशोधन गर्ने उद्योगको अभाव हुनु, उत्पादित वा आयातित वस्तुको उत्पादन लागत उच्च हुनु, प्राविधिक जनशक्ति को कमि हुनु लगानीको लागि वित्तीय पहुँच कमजोर हुनु, सहकारीको लगानी उद्यम विकासतर्फ परिचालित हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

उद्योग ग्रामको स्थापना तथा सञ्चालन गर्नु, स्थानीय बैंक तथा वित्तीय संस्था एवम सहकारीहरुलाई घरेलु तथा साना उद्योगमा लगानी गर्न आकर्षित गर्नु, डेरी उद्योग, कृषि उपज प्रशोधन उद्योग, आदिमा युवालाई आकर्षित गर्नु, र बैदेशिक रोजगारीबाट फर्केका वा फर्कने क्रममा रहेका युवाको सीप, पूँजी तथा प्रविधिलाई उद्योग ब्यवसायमा लगाउन उत्प्रेरित गर्नु र महिला तथा सीमान्तकृत समूहलाइ घरेलु तथा साना उद्यममा संलग्न गराउनु यस क्षेत्रका मुख्य चुनौती हुन्।

### ३.३.३ सोच

"दिगो तथा रोजगारमूलक स्थानीय उद्योगको प्रवर्द्धन"

### ३.३.४ उद्देश्य

१) प्राविधिक ज्ञान र उद्यमशीलताको विकास गर्दै युवा समूहलाई घरेलु तथा साना उद्योग सञ्चालन क्षेत्रमा आकर्षित गर्नु।
२) स्थानीय तुलनानात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धात्मक क्षमता भएका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्नु।
३) सहकारी, र निजि लगानीलाई आकर्षित गर्दै औद्योगिक उत्पादन तथा व्यापार व्यवसायमा लगानी वृद्धि गर्नु।

### ३.३.५ रणनीति

१) प्राविधिक ज्ञान र उद्यमशीलताको विकास गर्दै युवा समूहलाई उद्योग क्षेत्रमा आकर्षित गर्ने।
२) स्थानीय तुलनानात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धात्मक क्षमता भएका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्ने।
३) सहकारी र निजी लगानीलाई आकर्षित गर्दै औद्योगिक उत्पादन तथा व्यापार व्यवसायमा वृद्धि गर्ने।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ८०० | १००० | १२०० | १५०० | २००० |
| गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायहरु | संख्या | ५०० | ५५८ | ६५० | ७०० | ७५० |
| व्यवसाय करबाट संकलित राजस्व | रु. हजारमा | २५० | २८० | ३०० | ४०० | ५०० |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | १ | १ | १ | २ | २ |
| व्यवसायिक क्षेत्रको वार्षिक उत्पादन (कुल | रु. लाखमा | ७३८० | ७५६० | ७८०० | ८४०० | ९००० |

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| मूल्य अभिवृद्धि) | | | | | | |

३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३००० | २१०० | ९०० | ० | ० | ३००० | ० | ० |
| २०८१/८२ | ३२५३ | २२७७ | ९७६ | ० | ० | ३२५३ | ० | ० |
| २०८२/८३ | ३३७९ | २३६५ | १०१४ | ० | ० | ३३७९ | ० | ० |

३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लघु तथा साना उद्योग विकास कार्यक्रम | क्षमता अभिब्रिद्धी, उत्पादकत्व बृद्धी भै स्थानिय अर्थतन्त्रमा योगदान गर्ने | सालबसाली | ६००० | व्यवसायिक क्षेत्रको उत्पादन २० प्रतिशतले वृद्धि हुनेछ। |
| २ | लघु, घरेलु तथा साना उद्योग तथा बजार प्रवर्द्धन सालवसाली कार्यक्रम | क्षमता अभिब्रिद्धी, उत्पादकत्व बृद्धी भै स्थानिय अर्थतन्त्रमा योगदान गर्ने | सालबसाली | ३६३१ | आय आर्जन र रोजगारीमा २० प्रतिशतले वृद्धि हुनेछ। |

३.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको पहलमा उद्योग ब्यापार प्रवद्र्धनका लागि पुर्वाधार, सीप तथा प्रविधिको विकास हुन सक्नेछ। उत्पादनमुखी उद्योगमा लगानी र बजार मूल्यमा कडा प्रतिस्पर्धाका कारण स्थानीय उद्योग तथा ब्यवसायीहरु पलायन हुन सक्ने जोखिम रहन्छ।

## ३.४ पर्यटन विकास

३.४.१ पृष्ठभूमि

नेपालकै प्रथम शहिद लखन थापा मगर र जैसिंह चुमी मगरको रगतले सिंचित बुंकोटको काहुले भंगार ऐतिहासिक पर्यटकीय गन्तब्य स्थल हो । यहाँका प्रसिद्ध धार्मिक तथा सांस्कृतिक तीर्थस्थलहरुमा मनकामना मन्दिर, त्रिवेणी मन्दिर, बक्रेश्वरी मन्दिर, सिद्ध लखन गुफा, हिमालामाई मन्दिर, अर्लाङ्दी माईको मन्दिर, भीमविरेश्वर महादेव, कोटकाली, थानीथान, सन्तानेश्वर महादेवको मन्दिर, वर्चुली थान, बालेश्वरी मन्दिर, मकैपुर बौद्धनाथ गुम्बा आदि रहेका छन्। नेपालको पहिलो केवलकारका रुपमा परिचित मनकामना केवलकार पनि चितवन जिल्लाको इच्छाकामना गाउँपालिका र यो गाउँपालिकामा पर्दछ।

मनकामना मन्दिरसम्म जाने मार्गहरुमा कुरिनटार (केवलकार), तनहुँको आँबुखैरेनी, गोरखा तर्फ रामशाहघाट, अँवुवा, गोरखा बजार लगायतका सडक मार्ग एवं पैदलमार्गहरुबाट पनि पुग्न सकिन्छ। यहाँ नेपालका विभिन्न स्थान र भारतबाट समेत गरी बार्षिक करिब १५ लाख पर्यटकले भ्रमण गर्ने गरेको अनुमान छ।

शहिद लखन थापा मगरको ऐतिहासिक किल्ला रहेको स्थान बुंकोट, काहुले भंगारमा शहिद लखन सामुदायिक होमस्टे संचालनमा रहेको छ।सूर्योदयको साथै यस गाउँबाट मनास्लु हिमाल र गणेश हिमालको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ

। यी होमस्टेहरुमा मगर जातिको बाहुल्यता भएको तथा मगर भेषभूषा र मगर समुदायको पहिचान झल्कने परम्परा देखि नै चली आएको चुड्का, कौरा र घाँटु लगायतका नृत्यबाट मनोरञ्जन लिन सकिन्छ।
बागेश्वरी मन्दिर, मनकामना मन्दिर, बुद्धनाथ गुम्बा, सिबल्या मन्दिर, वेलिभर्स इस्टर्न चर्च, प्रथम शहिद लखनथापा मगर स्मारक स्थल, थानी मन्दिर, राधाकृष्ण मन्दिर, सरस्वती मन्दिर, कोटकाली मन्दिर लगायत स्थानहरूलाइ समेत ब्यवस्थित अभिलेख तयार गरी गुरूयोजनामा समावेश गरी संरक्षण तथा विकास गर्न आवस्यक छ।

३.४.२ समस्या तथा चूनौति

पर्यटकीय स्थल र उपजहरूको संरक्षण तथा विकासका लागि गुरू योजना सहित काम हुन नसक्नु, यातायात सुविधाको कमी हुनु, पर्यटकीय पूर्वाधारको अभाव, पर्यटकीय उद्यान तथा पैदल यात्रा मार्गहरूको विकास हुन नसक्नु, आतिथ्य सेवा सम्बन्धी तालिमको अभाव, सञ्चार सुविधा तथा पर्यटक सुरक्षाको प्रवन्धमा कमी हुनु, पर्यटकीय होटल, होमस्टे आदिको अवस्था कमजोर हुनु, प्रचार प्रसारको कमी हुनु, तालिम प्राप्त पर्यटकीय जनशक्ति (जस्तै भरिया, कुक, गाइड) को कमी हुनु, मौलिक संस्कृतिको क्षय हुँदै जानु, स्थानीय खानपिन भेषभूषा लोप हुँदै जानु, भूकम्पबाट सम्पदाहरूमा केही क्षति समेत पुग्नु आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

कोभिड -१९ को कारण सिथिल हुन पुगेको पर्यटनको आगमनलाइ पुनः लयमा ल्याउनु, कच्ची धुले सडकहरुलाइ स्तरोन्नति गरी सर्वयाम चल्ने सडक निर्माण गर्नु, पर्यटनको गुरुयोजना सहित योजनावद्ध रुपमा माथि उल्लिखित पर्यटीय स्थलहरूको पूर्वाधार निर्माण तथा प्रचार प्रसार गर्नु, र गाउँपालिका क्षेत्रमा होमस्टे र होटेलको उचित ब्यवस्था गर्नु तत्कालिन चुनौतीका रूपमा रहेका छन्।

३.४.३ सोच

"क्षेत्रीय साहसिक पर्यटकीय गन्तव्य"

३.४.४ उद्देश्य

१) गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय स्थलको पहिचान, संरक्षण, र प्रवर्धन गर्दै पर्यटन पूर्वाधारको विकास गर्नु।
२) पर्यटकको बसाइ अवधि बढाई स्थानीय आय र रोजगारीमा वृद्धिगर्नु।

३.४.५ रणनीति

१) गाउँपालिका तथा वरिपरि क्षेत्रमा रहेका पर्यटकीय स्थलको पहिचान संरक्षण, र प्रवर्धन गर्दै पर्यटन पूर्वाधार विकास गर्ने।
२) पर्यटकको आगमन संख्या र बसाईमा वृद्धि गर्ने।

३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| व्यवस्थित र स्तरीय ऐतिहासिक, धार्मिक पर्यटकीय स्थल तथा सम्पदा | संख्या | ३५ | ३६ | ३८ | ४२ | ४५ |
| व्यवस्थित पार्क/उद्यान, पिकनिक र साईक्लीङ रुट | संख्या | ३ | ५ | ७ | ९ | १० |
| बार्षिक वाह्य तथा आन्तरिक पर्यटक आगमन संख्या (हजारमा) | संख्या | १४८० | १५५० | १६३० | १७१० | १८०० |
| स्तरीय होटलको सख्या | संख्या | १७५ | १८० | २०० | २२५ | २५० |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १८०० | ५४० | १२६० | ० | ० | १८०० | ० | ० |
| २०८१/८२ | १९५२ | ५८५ | १३६६ | ० | ० | १९५२ | ० | ० |
| २०८२/८३ | २०२७ | ६०८ | १४१९ | ० | ० | २०२७ | ० | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रथम शहिद लखन थापा स्मारक क्षेत्र विकास आयोजना (विशेष अनुदान) | शहिद लखन थापा किल्ला स्मारक क्षेत्रको पर्यटन प्रवद्र्धन गरी धार्मिक टुरिजम मार्फत  आयआर्जन वृद्धि गर्नु | ८०/८१– २०८२/८३ | १५०० | आन्तरीक पर्यटक आगमन तथा बसाई अवधीमा वार्षिक १० प्रतिशतले वृद्धि हुनेछ। |
| २ | जलकन्या मन्दिर विकास आयोजना | धार्मिक क्षेत्र पर्यटन प्रवर्द्धद गरी धार्मिक टुरिजम मार्फत आयआर्जन वृद्धि गर्नु | ८०/८१– २०८२/८३ | १५०० | सामाजिक तथा सांस्कृतिक सम्वन्ध विस्तार भएको हुनेछ। |
| ३ | मनकामना क्षेत्र विकास कार्यक्रम | मनकामना क्षेत्र पर्यटन प्रवद्र्धन गरी धार्मिक टुरिजम मार्फत  आयआर्जन वृद्धि गर्नु | ८०/८१– २०८२/८३ | १५०० | आन्तरीक तथा वाह्य धार्मिक  पर्यटक आगमन तथा बसाई १० प्रतिशतले वृद्धि हुनेछ। |
| ४ | पर्यटन तथा संस्कृति प्रवर्द्धन तथा अन्य सालबसाली कार्यक्रम | पर्यटकीय पुर्वाधार निर्माण, तथा सेवा सुविधाको विकास र विस्तार गर्नु | सालबसाली | १२७९ | आन्तरीक पर्यटक आगमन तथा बसाई अवधीमा वार्षिक १० प्रतिशतले वृद्धि हुनेछ। |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका, निजी क्षेत्र तथा नागरिक समाजको साझेदारीमा धार्मिक पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुन सक्नेछ। कोभिड १९ लगायतका महामारी र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ।

## ३.५ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी

### ३.५.१ पृष्ठभूमि

यस गाउँपालिकामा विद्यमान आर्थिक अवसरहरूलाई उपयोग गर्नका लागि सहकारी क्षेत्रले महत्वपूर्ण भूमिका हुन सक्दछ। यस गाउँपालिकामा सहकारी संस्थाहरु ४६, मनी ट्रान्सफर र बैंकको शाखा स्थापना भई वित्तीय सेवा प्रदान गर्ने गरेका छन्। कृषि तथा पशुपालनक्षेत्रमा लघु वित्त संस्थाहरू (लक्ष्मी लघु वित्त संस्था लिमिटेड, साधना ल.वि.सं.लि., स्पर्श ल.वि.सं.लि., ग्लोवल ल.वि.सं.लि., मनकामना, एन.एम.वि. ल.वि.सं.लि.,) वैङ्क (प्राइम वैङ्क), सहकारी संस्थाहरू, गाउँपालिका, प्रदेश, संघ, कृषक र निजीक्षेत्रका संस्थाहरुले कृषि तथा पशुपालनमा केही लगानी गरेका छन् ।

गाउँपालिकाले सहकारी सञ्चालन तथा नियमन गर्न कडाईका साथ नियमको कार्यान्वयन गरानु पर्ने अवस्था सृजना भएकोछ। हालको अवस्था यस्तो रहेता पनि भैसी पालनको सम्भावना राम्रो रहेकोले दुग्ध सहकारी मार्फत वा निजीक्षेत्रको लगानीमा दुग्ध डेरीको सञ्चालन हुने सक्ने राम्रो सम्भावना देखिन्छ।

### ३.५.२ समस्या तथा चूनौति

सहकारी साक्षरताको कमी, उद्यमशीलताको कमी, सहकारी संस्थाहरूले स्थानीय कृषि, पर्यटन, उद्योगका सम्भावनालाई उपयोग गर्न नसक्नु, सहकारीमा आधारित उद्यम व्यवसायको अभ्यास नहुनु, अपेक्षित रूपमा ससाना वचत परिचालन गर्न नसक्नु, बढी उत्पादनशील र पुँजी निर्माणको क्षेत्रमा न्यून लगानी हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

सहकारी साक्षरता कार्यक्रमलाई लक्षित वर्ग (महिला, गरीब तथा सीमान्तकृत समुदाय) सम्म विस्तार गर्नु, सेवा क्षेत्र अन्तर्गत विशेष गरेर शिक्षा, स्वास्थ्य तथा संचार क्षेत्रमा सहकारी संस्थाहरूको क्रियाशीलता बढाउनु, सहकारीको लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, स-साना ऋण र बचत परिचालन गर्नु, निजी क्षेत्र र सहकारी बीच सहकार्य वृद्धि गर्नु, सहकारीमा आधारित उद्योग व्यवसाय सञ्चालन गर्नु, स्थानीय सीप तथा प्रविधिकोउपयोग गर्नु, सहकारी संस्थाहरूद्वारा उत्पादित वस्तुहरू बजार सम्मको मुल्य श्रृङ्खलामा आवद्ध गर्नु, बचत तथा ऋण बीचको व्याजदरलाई सन्तुलित तुल्याउनु, बचत तथा ऋणको सुरक्षण सुनिश्चित गर्नु जस्ता कार्यहरु चुनौतीका रूपमा रहेका छन।

### ३.५.३ सोच

"स्थानीय वासिन्दाको वित्तीय सेवामा सहज पहुँच"

### ३.५.४ उद्देश्य

१. वडाको गाउँ बस्ती तहमा वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्नु।
२. सहकारी क्षेत्रको लगानी उत्पादनशील क्षेत्रमा उपयोग गर्नु।
३. सङ्घीय सरकार र नेपाल राष्ट्र बैंकले प्रवद्र्धन गरेका सहुलियतपूर्ण कर्जा सुविधा र ब्याजदर अनुदानका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्नु।

### ३.५.५ रणनीति

१. वडाको गाउँ बस्ती तहमा वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने।
२. सहकारी क्षेत्रको लगानी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | १२ | १५ | २० | २५ | ३० |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ५० | ५५ | ६० | ७० | ७५ |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | ६० | ७० | ७५ | ८० | ८५ |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २४०० | १९२० | ४८० | ० | ० | ० | २४०० | ० |
| २०८१/८२ | २६०२ | २०८२ | ५२० | ० | ० | ० | २६०२ | ० |

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | २७०३ | २१६२ | ५४१ | ० | ० | ० | २७०३ | ० |

३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वित्तिय संस्था तथा सहकारी प्रबद्र्धन तथा अन्य कार्यक्रम | सहकारी तथा वित्तिय संस्थाको क्षमता अभिवृद्धी, वित्तिय साक्षरता तथा नियम पालनामा वृद्धि गर्नु | सालबसाली | ७७०५ | सहकारीको क्षमतामा अभिवृद्धि तथा वित्तिय सेवामा सर्वसाधारणको पहुँच हुनेछ। |

३.५.९ जोखिम पक्ष तथा अनुमान

गाउँवासीहरुमा वित्तीय सेवा विस्तार भएको हुनेछ। वित्तीय संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशील हुनेछन्। वित्तीय संस्थाहरुको खराब कर्जा बढ्न सक्ने जोखिम हुनेछ।

## ३.६ श्रम, रोजगारी तथा गरिवी निवारण

३.६.१ पृष्ठभूमि

यस गाउँपालिकाबाट खास गरी युवा तथा युवतीहरू रोजगारीको लागि भारत, मलेसिया, दुबई, कतार आदि देशहरूमा जाने गरेका छन्। यिनै युवाहरुले विदेशबाट पठाएको विप्रेषणबाट आश्रित परिवारको लालनपालन, बालबालिकाहरुको शिक्षा, स्वास्थ्य उपचार आदिमा सहयोग पुगेको छ। विप्रेषणको अधिकाँश हिस्सा अनुत्पादक कार्यमा खर्च भैरहेको हुनाले बैदेशिक रोजगारीमा गएका युवाहरुको आर्थिक हैसियतमा उल्लेखनीय परिवर्तन आउन सकिरहेको छैन । यदि गाउँपालिकाले सार्वजनिक निजी साझेदारीमा कुनै उद्योग वा उत्पादकमुलक कार्यमा सामूहिक कोष वा सेयर प्रणाली अपनाएर विप्रेषणलाई सदुपयोग गर्न सकेमा उनिहरुको आर्थिक भविष्य सुनिश्चित हुन सक्ने देखिन्छ।

शहिद लखन थापा गाउँपालिकाबाट १९४६२ जना विदेशका विभीन्न ठाउँमा कामदारका रुपमा वस्दै आएका छन। यस गाउँपालिकामा बार्षिक रु. ७ करोड रेमिट्यान्स भित्रिने अनुमान छ। विप्रेषणको ठूलो हिस्सा उत्पादक क्षेत्रमा ल्याउन सकेमा मात्र यहाँका वासिन्दाको आर्थिक हैसियत उकास्न सकिने सम्भावना भने देखिन्छ।

यस पालिकामा जम्मा इलेक्टशियन ८ जना, डकर्मी १६ जना, प्लम्बर १ सिकर्मी ३, सूचना प्राविधिक ३जना मात्र अनुभवी प्राविधिक जनशक्ति उपलब्ध रहेको अवस्था छ। यस तथ्यले यस पालिकामा प्राविधिक जनशक्तिको तालिमको माग प्रष्ट देखिन्छ। फलस्वरूप सिकर्मी, डकर्मी, पलम्बर, मेकानिक, यातायात मिस्त्री अधिकांश नेपालको तराई र भारतको विहार तथा उत्तर प्रदेशबाट आउने गरेका छन्। त्यसैले प्राविधिक दक्ष जनशक्ति उत्पादन गरी विकास निर्माण र कृषिका क्षेत्रतर्फ आकर्षित गर्नु ठुलो चुनौती रहेको छ।

समग्रमा, देशको गरिबीको रेखामुनि रहेको जनसंख्या घटेको भए तापनि शहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहबीचको खाडल अझै पनि उच्च रहेको देखिन्छ। गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, पन्ध्रौ योजनाको लक्ष्य उद्देश्य तथा दिगो विकासका लक्ष्यको १७ लक्ष्यहरु मध्ये लक्ष्य नं १ मा गरिबीको अन्त्य अन्तर्गत सबै प्रकारका गरिबीलाई

सबै ठाँउबाट अन्त्य गर्ने लक्ष्य रहेको हुँदा नेपाल सरकार तथा प्रदेश सरकारसँगै यस गाउँपालिकाले पनि यी लक्ष्यहरुको प्राप्तिका लागि क्रियाशील रहेको छ।

३.६.२ समस्या तथा चनौति

युवा जनशक्तिको बढ्दो आकार र चाहना अनुसार यस गाउँपालिकामा र स्वदेशमा रोजगारीको अवसर सृजना गर्न नसक्नु, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रूची लगायतका कारणले युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम नरोकिनु, बैदेशिक रोजगारीबाट घर फर्केका युवाको लागि कृषि र पशुपालन क्षेत्रमा ब्यावसायिक वातावरण सृजना हुन नसक्नु, बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको अभाव हुनुर विप्रेषणको उपयोग (लगानी) उत्पादनमूलक क्षेत्रमा हुन नसक्दा अनुत्पादक क्षेत्रमा वा उपभोगमा खर्च बढ्नुजस्ता मुख्य समस्या देखिएकाछन । अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरू बढ्नु, पारिवारिक तथा सामाजिक पुनः एकीकरणका सवालहरू सम्बोधन नहुनु, युवाहरुको आकर्षण गाउँमा वढाउन सहज अवस्था नहुनु, गाउँमा रोजगारी सृजना गर्नका लागि स्थानीय सम्भावनाहरुको पहिचान र परिचालन गर्नु र वैदेशिक रोजगारको दिगो विकल्प दिनु गाउँपालिकाको लागि चुनौती देखिन्छ।

३.६.३ सोच

"रोजगारी प्रवर्द्धन मार्फत आर्थिक सवलीकरण"

३.६.४ उद्देश्य

१. गाउँपालिकामा उपलब्ध श्रम(जनशक्ति, सीप, ज्ञान, श्रमको माग, उद्यमको क्षेत्र..) सम्बन्धी अभिलेखलाइ ब्यवस्थित रूपमा तयार गरी युवा लक्षित स्वरोजगार कार्यक्रम सञ्चालनगर्नु।
२. बैदेशिक रोजगारीबाट घर फर्केका युवाको लागि ब्यावसायिक कृषि तथा पशुपालन वा घरेलु तथा साना ब्यवसाय सञ्चालन गर्न आवस्यक सहजीकरणगर्नु।

३.६.५ रणनीति

१) ब्यावसायिक कृषि तथा पशुपालन फर्म सञ्चालन गर्न युवा वर्गलाइ विशेष प्राथमिकता दिइनेछ
२) वैदेशिक रोजगारीबाट फर्केका युवाहरुका लागि ब्यवसाय सञ्चालन गर्न आवस्यक सहजीकरण गरिनेछ।

३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | १० | १० | १२ | १५ | २० |
| कार्यक्रमबाट सिर्जित रोजगारी | कार्य दिन | ८० | ८० | १०० | १०० | १२० |
| युवा जनशक्तिको सीप अभिवृद्धि | जना | १०० | १०० | १५० | २०० | २५० |

३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ९०० | ४५० | ४५० | ० | ० | ० | ९०० | ० |
| २०८१/८२ | ९७६ | ४८८ | ४८८ | ० | ० | ० | ९७६ | ० |
| २०८२/८३ | १०१४ | ५०७ | ५०७ | ० | ० | ० | १०१४ | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | सुरक्षित आप्रावसान सम्बन्धी सूचना, जानकारी प्रदान गर्नु तथा बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | २०७५/७६-२०८२/८३ | १५०० | न्युन आय भएका बार्षिक १००० जना विपन्नले मौसमी रोजगार प्राप्त गरेका हुनेछन्। तथा वैदेशिक रोजगारीमा जाने श्रमिकहरुले परामर्श सेवा प्राप्त गरेका हुनेछन्। |
| २ | सुरक्षित आप्रवासन परियोजना (सामी) | सुरक्षित आप्रावसान सम्बन्धी सूचना, जानकारी प्रदान गर्नु तथा बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | २०७८/७९-२०८२/८३ | ९०० | न्युन आय भएका बार्षिक २००० जना विपन्नले मौसमी रोजगार प्राप्त गरेका हुनेछन्। तथा वैदेशिक रोजगारीमा जाने श्रमिकहरुले परामर्श सेवा प्राप्त गरेका हुनेछन्। |
| ३ | रोजगार प्रवर्द्धन सालवसाली कार्यक्रम | | सालवसाली | ४८९ | |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा गरेको हुनेछ। अनौपचारिक क्षेत्रको रोजगारको स्वरुप परिवर्तन हुदै जाने भएकोले तयार भएका दक्ष श्रमले बजार नपाउने जोखिम रहन सक्नेछ। गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। गाउँपालिकामा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ। गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ।

# परिच्छेद ४ : सामाजिक विकास क्षेत्र

यस परिच्छेदमा स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उपक्षेत्रहरु समेटिएका छन् । प्रत्येक खण्डमा पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको  संक्षिप्त विवरण र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

शिक्षा नै मानव संशाधन विकासको आधार स्तम्भ हो । संविधानले शिक्षा सम्बन्धी हकको व्यवस्था गरी आधारभूत शिक्षालाई निशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षालाई निशुल्क हुने व्यवस्था गरी स्थानीय तहको एकल अधिकार क्षेत्रमा समावेश गरेको छ ।

यस शहिद लखन गाउँपालिकामा साक्षरता दर ८९.५ (महिला ८५ पुरुष ९४) रहेको छ । अधारभूत तह ३५ माध्यमिक तह ११ गरि जम्मा ४६ वटा सामुदायिक बिद्यालय रहेकाछन् जसमध्ये  ३९ वटा बिद्यालयामा बालविकास कक्षा संचालन भैरहेका छन् । विद्यालयहरुको भौतिक पूर्वाधार तथा प्रविधिको उपलब्धताको प्रतिसत वालमैत्री ७६, वालक्लव २४, अपाङ्गता मैत्री २०, महिला शौचालयको सुबिधा ८६,  कम्प्युटर प्रयोगशाला ४३,  ईन्टरनेट तथा ई–शिक्षा र पुस्तकालयको सुविधा भएको ३२ रहेकोछ । त्यसैगरी विज्ञान प्रयोगशाला भएको २४ प्रतिशत छ भने एउटा प्राविधिक धारको विद्यालयमा जम्मा १३ जना बिद्यार्थी रहेकाछन्| यस गाउँपालिकामा शिक्षक विद्यार्थीको अनुपात १:१५ रहेको छ भनें विद्यालय शिक्षा को भर्नामा लैंगिक समता अनुपात ४९:५० रहेकोछ । यस गाउँपालिकामा खुद भर्नादर आधारभूत तहमा ९५.५  र माध्यमिक तहमा ५० प्रतिशत रहेको छ । यसैगरी आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी प्रतिशत २.१ छ भने विद्यालय छाड्ने विद्यार्थीको दर ४.७ रहेको छ ।

### ४.१.२ समस्या तथा चूनौति

सामुदायिक विद्यालयको गुणस्तर कमजोर भएकोले विद्यार्थी संख्या कम हुदै जानु, अधिकाँश विद्यालयहरुमा न्यूनतम शैक्षिक पूर्वाधार तथा अतिरिक्त क्रियाकलापको कमी रहनु, पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको कमी हुनु,  विषयगत शिक्षक तथा महिला शिक्षिकामा आधुनिक शिक्षण सिकाई सीपको कमी हुनु, अभिभावकमा शिक्षा प्रतिको चासो कम हुनु, छात्रा छात्राबाट कक्षा छाडने दर वढी हुनु, दरबन्दी अनुसार शिक्षक आपूर्ति नहुनु, विषयगत शिक्षकको कमीहुनु, सूचना प्रविधि पक्ष कमजोर रहनु, अभिभावक शिक्षाको कमी हुनु, गाउँपालिका तथा विद्यालय व्यबस्थापन समितिबाट शिक्षक शिक्षिकाको उपस्थिति र अध्यापन नियमित अनुगमन तथा मूल्यांकन हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

विद्यार्थी संख्या कम भएका विद्यालयको समायोजन गर्नु, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक शिक्षिकालाई राजनीतिक प्रभावबाट मुक्त राख्न आचार संहिता लागु गर्नु, शिक्षण सिकाइ उपलब्धि दरमा सुधार गर्नु, बिषयगत (गणित, विज्ञान, अग्रेजी आदि) दक्ष शिक्षकको व्यवस्था गर्नु, विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु, विद्यालय छाड्ने दर कम गर्नु, विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु, विद्यालय छाड्ने दर कम गर्नु, विद्यालयमा अपाङ्गतामैत्री तथा खेलकुद पूर्वाधारको विकास गर्नु,  प्राविधिक विद्यालय स्थापना र संचालन गर्नु, समय सापेक्ष विद्यालय पूर्वाधारको व्यवस्था गर्नु आदि प्रमुख चुनौति हुन् ।

### ४.१.३ सोच

"गाउँपालिकाको आर्थिक सामाजिक रुपान्तरणका लागि शैक्षिक जनशक्तिको विकास"

### ४.१.४ उद्देश्य

१. गुणस्तरीय शिक्षामा समतामूलक पहुँच स्थापित गर्नु।
२. विद्यालय शिक्षामा गुणस्तर अभिबृद्धि गर्नु।
३. प्रविधिमैत्री गुणस्तरीय आधारभुत तथा माध्यमिक शिक्षामा सवै वालबालिकाको पहुँच सुनिश्चित गरी दक्ष जनशक्ति उत्पादन गर्नु

### ४.१.५ रणनीति

१. विद्यालयमा न्यूनतम शैक्षणिक तथा भौतिक पूर्वाधार ब्यवस्था गर्ने
२. विद्यालय शिक्षामा सवै वालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्ने
३. प्रविधिक तथा व्यवसायिक शिक्षालाई संस्थागत गर्ने
४. अनौपचारिक शिक्षाको विस्तार गर्ने।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | ८९.५ | ९१ | ९३ | ९५ | ९८ |
| प्राथमिक तह खुद भर्ना | प्रतिशत | ९५.५ | ९६ | ९७ | ९८ | १०० |
| माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२) | प्रतिशत | ५५ | ६५ | ७५ | ८० | ९० |
| १५देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | ९१ | ९३ | ९५ | ९८ | १०० |
| विद्युतमा पहुँच भएका विद्यालयहरू | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| इन्टरनेटमा पहुँच विद्यालयहरू | प्रतिशत | ४० | ९० | १०० | १०० | १०० |
| खानेपानी सरसफाइ स्वच्छता सेवा उपलब्ध विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | २५ | ४५ | ५५ | ६५ | ८० |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | ८० | ८० | १०० | १०० | १०० |
| प्राविधिक धार भएका विद्यालयको संख्या | संख्या | ० | १ | १ | १ | ३ |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १७८२२८ | १५१४९४ | २६७३४ | ० | ० | १७७५९६ | ६३२ | ० |
| २०८१/८२ | १९३२२९ | १६४२४५ | २८९८४ | ० | ० | १९२४१२ | ८१८ | ० |
| २०८२/८३ | २००७३२ | १७०६२२ | ३०११० | ० | ० | १९९८०७ | ९२५ | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षा कार्यक्रम | विद्यालय शिक्षामा सबैको पहुच पुर्याई विद्यार्थी | सालवसाली | ५६०२३३ | विद्यालयमा सबैको पहुच सुनिष्चितता हुनेछ। शैक्षिक गुणस्तरमा वृद्धि हुनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विद्यालयमा झिकाउने टिकाउने सिकाउने तथा बिकाउनको लागि आवश्यक शैक्षिक कार्यक्रम सञ्चालन गर्नु | | | विद्यालयका भौतिक आवश्यकता सयानुकुल विकास हुनेछ। |
| २ | शैक्षिक प्रशासन कार्यक्रम | प्रशासनिक कामलाई योजनाबद्ध बनाउने | सालवसाली | ४५०० | गाउँपलिका भित्रका विद्यालयका प्रशासनिक कार्यहरु योजनामा आधारित बन्नेछ |
| ३ | प्राविधिक तथा व्यवसायिक शिक्षा प्रवर्धन कार्यक्रम | गाउँपालिका भित्र प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थी वृद्धि गर्ने तथा अध्ययनसँगै सिप सिकाउने | सालवसाली | ३००० | प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीमा वृद्धि हुनेछना सालवसालि सिपयुक्त युवा जनशक्तिको विकास हुनेछ |
| ४ | प्रारम्भिक बाल विकास कार्यक्रम | प्रारम्भिक बालविकास कक्षालाई सुविधासम्पन्न बनाउने | | ३००० | बालकक्षाको अनुभब सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी सतप्रतिशत पुर्याउने |
| ५ | कला तथा संस्कृति संरक्षण र प्रवर्धन कार्यक्रम | अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्ने | सालवसाली | १४५६ | विद्यार्थीले अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्ने अवसर प्राप्त हुनेछ। |

#### ४.१.९ अनुमान तथा जोखिम

गाउँपालिकाबाट शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ। शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसरमा बृद्धि र नवीनतम प्रविधिको उपयोग भएको हुनेछ। शैक्षिक क्षेत्रमा लगानीको मात्रा प्रयाप्त बढाउनु पर्ने भएकोले राजनीतिक प्रतिवद्धता तथा यथेष्ट बजेट अभाव हुन सक्ने जोखिम देखिन्छ।

## ४.२ स्वास्थ्य तथा पोषण

#### ४.२.१ पृष्ठभूमि

स्वस्थ जीवन मानव विकास सूचकाङ्कको महत्वपूर्ण आधार हो। संविधानले पनि आधारभूत स्वास्थ्यलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ। यस शहिद लखन गाउँपालिकामा ६ वटा स्वास्थ्य चौकी र ३ वटा सामुदायिक स्वास्थ्य एकाई गरी जम्मा ९ वटा स्वास्थ्य संस्थाहरु रहेका छन्। जम्मा ६ वटा स्वास्थ्य संस्थामा बर्थिङ्ग सेन्टर रहेका छन्। यस गाउँपालिकामा ५ वटा एम्बुलेन्स रहेका छन्। त्यस्तै गरी जम्मा ५४ जना महिला स्वास्थ्य स्वयंसेविकाहरु रहेका छन्।
यस गाउँपालिकामा परिवार नियोजनका साधनको प्रयोग दर १४% रहेको छ। चार पटक गर्भवती जाँच गराउने महिला ३०% रहेका छन्। संस्थागत सुत्केरी गराउनेको संख्या १६% रहेको छ। यस गाउँपालिकामा जम्मा ६ जना एस.बि.ए तालिम प्राप्त अ.न.मि स्वास्थ्यकर्मीहरु कार्यरत छन्। तालिम प्राप्त स्वास्थ्य कर्मीहरुबाट सुत्केरी गराउने महिला १७% छ। मातृ, नवजात शिशु तथा बालमृत्यु संख्या शुन्य रहेको छ कुपोषणको संख्या शुन्य रहेको छ। यो गाउँपालिका पूर्ण खोपयूक्त घोषणा भईसकेको छ। एच्.आइ.भी. एड्स र ट्राकोमाको बिरामी संख्या शुन्य रहेका छन्। यस गाउँपालिकामा दीर्घ रोगीहरु ६% रहेका छन्। जम्मा ४०% घरपरिवारले मात्र तीस मिनेट भित्र स्वास्थ्य संस्थामा पुग्न सक्ने देखिन्छ। समग्रमा हेर्दा यस क्षेत्रमा स्वास्थ्य तथा पोषणको क्षेत्रमा गुणत्मक सुधार हुँदै गएको छ।

#### ४.२.२ समस्या तथा चूनौति

स्वास्थ्य चौकिमा पहुँच नहुनु, स्वास्थ्य संस्थामा दिइराखेको सेवा, सुविधाको गुणस्तर सुधार नहुनु रस्वास्थ्य क्षेत्रमा जनशक्तिको अभाव हुनुलाई स्वास्थ्य सम्वन्धी मुख्य समस्या मानिएको छ । स्वास्थ्य संस्थाका कार्यरत जनशक्तिहरुलाई आवश्यक तालिम नहुनु पनि समस्याको रुपमा देखिएको छ । गाउँपालिकास्तरीय अस्पताल नहुनु, स्वास्थ्य सूचकहरुको हकमा गर्भवती जाँच चारै पटक गराउनु पर्छ भन्ने चेतना सबैमा नहुनु, नसर्ने दीर्घ रोगीहरुको संख्या बढ्दै जानु, स्वास्थ्य संस्थामा हुने सुत्केरीको संख्या बढाउन नसक्नु र तालिम प्राप्त स्वास्थ्यकर्मीहरु पर्याप्त नहुनु आदि समस्याका रुपमा रहेका छन् ।

वडामा रहेका सबै स्वास्थ्य संस्थालाई पहुँचयुक्त बनाउनु, गर्भवती महिलाद्धारा सुत्केरी गराउन स्वास्थ्य संस्थाको उपयोग बढाउनु, ल्याब तथा अन्य सेवाहरु गुणस्तरीय बनाउनु, रिफरल स्वास्थ्य सेवाको सहज व्यवस्था गर्नु, अस्पतालको संरचना तथा डाक्टरको दरबन्दी व्यवस्थापन गर्नु, दीर्घ रोगको पहिचान गर्नु र दुर्व्यसनीमा परेका किशोरकिशोरीहरुको पुर्नस्थापना गर्नु आदि यस गाउँपालिकाका स्वास्थ्य सम्बन्धी प्रमुख चुनौतिहरु हुन् ।

४.२.३ सोच

“सक्षम स्वास्थ्य सेवा, खुशी शहिद लखन वासी”

४.२.४ उद्देश्य

१. गुणस्तरीय स्वास्थ्य सेवा तथा पोषणलाई सबैको पहुँचमा पुर्याउनु,
२. सबै वडाहरूबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्नु ।
३. सम्भावित स्वास्थ्य विपद्को पहिचान गरी पूर्वतयारी, न्यूनीकरण र व्यवस्थापनका लागि संयन्त्र र पूर्वाधार तयार गर्नु ।

४.२.५ रणनीति

१. आधारभूत स्वास्थ्य सेवाको स्तर र पहुँच बढाउने
२. स्वास्थ्य संस्थाको सेवा पहुँचयुक्त बनाउने
३. स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने
४. रिफरल स्वास्थ्य सेवा सहज गराउने
५. मातृशिशु तथा पोषण सुरक्षा कायम गर्ने ।

४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| प्रति एकलाख जीवित जन्ममा मातृ मृत्युदर | जना | ० | ० | ० | ० | ० |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | प्रतिशत | २० | २२ | ३० | ४० | ५० |
| पाँचवर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| नवजात शिशुको मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| नयाँ एचआईभी संक्रमितहरूको संख्या (प्रतिलाख) | जना | ० | ० | | | |
| क्षयरोग लाग्ने दर (प्रतिलाखमा) | जना | ० | ० | | | |
| वार्षिक रुपमा आत्महत्याबाट हुने मृत्यु | जना | ० | ० | | | |

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर)का महिलाको अनुपात | अनुपात | ३१.४ | ३५ | ३७ | ४० | ४३ |
| मापदण्डअनुसार चार पटक प्रसवपूर्व स्वास्थ्य/सेवा प्राप्त गर्ने महिला(जीवित जन्ममा) | प्रतिशत | ४२ | ५० | ६० | ६५ | ६५ |
| हेपाटाइटिस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | प्रतिशत | ९९ | १०० | १०० | १०० | १०० |
| उच्च रक्तचापको औषधि सेवन गर्ने १५ वर्ष माथिको जनसंख्या | प्रतिशत | ९९ | १०० | १०० | १०० | १०० |
| घरवाट स्वास्थ्य सँस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | ४२ | ५० | ६५ | ७० | ७५ |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | | | | | |
| राष्ट्रिय कार्यक्रमहरूमा समावेश गरीएका सबै खोप प्राप्तगर्ने लक्षित जनसंख्याको अनुपात | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | ८ | ६ | ७ | ७ | ७ |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २०३५० | १७२९८ | ३०५३ | ० | ० | १९४०२ | ९४८ | ० |
| २०८१/८२ | २२०६३ | १८७५३ | ३३०९ | ० | ० | २०८३६ | १२२७ | ० |
| २०८२/८३ | २२९१९ | १९४८२ | ३४३८ | ० | ० | २१५३३ | १३८७ | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य सेवा प्रवाह | स्वास्थ्य संस्थामा निरन्तर रुपमा वितरण गरिने ९८ प्रकारका औषधि उपलब्ध गराई अत्यावश्यक औषधिको बाह्रै महिना उपलब्धता सुनिश्चित गर्ने। | ८०/८१ – २०८२/८३ | १५००० | सबै स्वास्थ्य संस्थामा नि शुल्क प्रदान गरिने औषधि नियमित रुपमा प्रदान गरीएको ले सेवामा प्रभावकारिता हुने |
| २ | जनस्वास्थ्य प्रबर्धन तथा सचेतना कार्यक्रम | समुदायस्तरमा जनस्वास्थ्य सचेतना कार्यक्रम गरि विभिन्न सरुवा तथा किटजन्य रोगहरु सम्बन्धि जनचेतना जगाउनुको साथै क्षयरोग सम्बन्धी विभिन्न कार्यक्रम सन्चालन गरी क्षयरोगको निदानदर बढाउन सकिने तथा सम्पादन गरीएका कार्यक्रमको सहि तरिकाले रेकर्डिङ तथा रिपोर्टिङ | ८०/८१ – २०८२/८३ | ७५०० | |

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | गर्न सकिने। | | | |
| ३ | आमा सुरक्षा कार्यक्रम | संस्थागत सुत्केरी दर बृद्दी गर्नुको साथै प्रभावकारी प्रसुती सेवा प्रदान गर्न। | ८०/८१ – २०८२/८३ | ६००० | |
| ४ | पोषण कार्यक्रम | बालबालिकाहरुको पोषण अवस्था पत्ता लगाई कुपोषण दरलाई कम गराउनु। | ८०/८१ – २०८२/८३ | ६६०० | |
| ५ | महिला सामुदायीक स्वास्थ्य स्वयमसेविका कार्यक्रम | महिला सामुदायीक स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन स्वरुप अवलोकन भ्रमण गराई कार्यप्रती थप हौसला प्रदान गर्ने। महिला सामुदायीक स्वास्थ्य स्वयं सेविकाहरु मार्फतको सेवालाई थप प्रभावकारी बनाउन। | ८०/८१ – २०८२/८३ | ८४०० | |
| ६ | स्वास्थ्य क्षेत्रको क्षमता अभिबृद्धि कार्यक्रम | सेवाग्राहीहरुलाई सहि निदानात्मक तथा उपचारात्मक प्रभावकारी सेवा प्रदान गर्न सक्षम बनाउनु। स्वास्थ्य संस्थाको सेवालाई व्यवस्थीत बनाउनु। | ८०/८१ – २०८२/८३ | १८०० | |
| ७ | स्वास्थ्य क्षेत्र सुशासन कार्यक्रम | स्वास्थ्य संस्थाको न्युनतम मापदण्ड अनुसार सेवा प्रदान गर्न। | ८०/८१ – २०८२/८३ | ७५०० | |
| ८ | विपद तथा महामारी ब्यवस्थापन कार्यक्रम | विभिन्न समयमा देखिन सक्ने विभिन्न विपदको समयमानै व्यवस्थापन गर्नुको साथै महामारी रोग नियन्त्रण गर्नु। | ८०/८१ – २०८२/८३ | १२०० | |
| ९ | परिवार नियोजान तथा किशोर किशोरी कार्यक्रम | पालिकाअन्तर्गत सबै स्वास्थ्य संस्थामा लामो अवधिको सेवा प्रवाह गर्न सेवा प्रदायकहरुलाई आवश्यक तालिम प्रदान गरी परिवार नियोजनको लामो अवधिको सेवा लिने सेवाग्राहीको प्रयोगदर वृद्दी गर्नु। | ८०/८१ – २०८२/८३ | १२०० | |
| १० | खोप सेवा र CBIMNCI कार्यक्रम तथा अन्य सालवसाली कार्यक्रम | कोभिड तथा नियमित खोपको पूर्ण खोप सुनिश्चतता गरी खोप लगाउन छुट भए नभएको एकिन गर्नुका साथै छुट भएमा खोप पुरा गर्नु। खोपको कभरेज बढाउनुको साथै ड्रपआउट दर घटाउन। | सालवसाली | १०१३२ | |

#### ४.२.९ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पूर्वाधार तथा भौतिक संरचना सवलीकरण भएको हुनेछ। दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ।

स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवालाबीच सहकार्य र साझेदारी हुन नसकेमा महामारीले जनस्वास्थ्य तथा गाउँपालिकाबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्नसक्ने जोखिम रहन सक्दछ।

### ४.३ खानेपानी तथा सरसरफाई

#### ४.३.१ पृष्ठभूमि

शहिद लखन गाउँपालिकामा सतह खानेपानीको लागि पायक पर्ने श्रोतको कमी भएकोले गाउँपालिकाले निकै स्थानमा लिफ्ट प्रणालीबाट खानेपानीको व्यबस्था गरेको छ। गाउँपालिकामा २ वटा नदी र १४ वटा खोलाहरुलाई स्रोत बनाई साना ठुला १०३ वटा खानेपानी योजनाहरु संचालित छन्। गाउँपालिकाका १६०० घरधुरीले निजी धाराबाट खानेपानी उपभोग गर्दछन् भने ३१७१ घरधुरीले सार्बजनिक धाराको पानी प्रयोग गर्दछन् र ९४४ घरधुरीले मुलको धाराको खानेपानी प्रयोग गर्दछन्। ११५ घरधुरीले बोरिङको पानीलाई खानेपानीको रुपमा प्रयोग गर्दछन् भने बाकी ६७ वटा घरधुरीहरुले परम्परागत इनार, कुवा, नदीको खानेपानीको प्रयोग गर्दछन्।

गाउँपालिकामा ५९ घरधुरीले फ्लस भएको चर्पिको प्रयोग गर्दछन्, ३१४७ घरधुरीले सेफ्टिक टैंक भएको चर्पिको प्रयोग गर्दछन्, २५३५ घरधुरीले साधारण चर्पिको प्रयोग गर्दछन् भने चर्पि नभएको घरधुरी ४५ वटा छन्। यस गाउँपालिकामा केही सहरीकरण हुँदै गएका बस्तीहरू बाहेक अन्यत्र हालसम्म घरको फोहरलाई घरमै ब्यबस्थापन गर्ने गरिएको छ। मनकामना मन्दीर रहेको क्षेत्र र बुँकोटमा टोलबासीले नै आपसमा मिलेर सरसफाइ र फोहोरमैला व्यवस्थापन गर्ने गरेका छन्। गाउँतिर कुहिने फोहरको मल बनाउने र नकुहिने फोहरलाई नष्ट गर्ने गरीन्छ। सबै बस्तीहरुमा प्रत्येक घरधुरीले आफुले उत्पादन गरेको फोहोरमैला आफैले सफाई गर्ने र आफ्नै आँगन करेसा वा बारीमा व्यवस्थापन गर्ने गरेका छन्। यस गाउँपालिकामा हालसम्म अस्पतालजन्य फोहोर व्यवस्थापन गर्नु परेको छैन।

### ४.३.२ समस्या तथा चूनौति

नागरिकहरुलाई स्वच्छ खानेपानी वितरण गर्न नसक्नु, खानेपानी योजनाहरुको मर्मत संभार पद्धतिको विकास गर्न नसकिदा वितरण नियमित नहुनु, गाउँपालिकामा खानेपानी सम्बन्धी काम गर्ने दक्ष जनशक्तिको अभाव हुनु, जल प्रशोधन गर्न नसक्नु, गाउँपालिकामा रहेका साना साना खानेपानीका श्रोतहरुको व्यवस्थापन हुन नसक्नु, सरसफाइ सम्बन्धी जनचेतनाको कमी हुनु, आदि मुख्य समस्याहरु हुन ।
खानेपानीको गुणस्तरमा बृद्धि गरी श्वच्छ तथा सफा खानेपानीको वितरण गर्नु, खानेपानीलाई सुद्धिकरण गर्नु, निर्माणाधिन खानेपानी योजनाहरुको समयमै निर्माण सम्पन्न गर्नु, सरसफाई सम्बन्धी जनचेतना जगाउनु, फोहरको उचित ब्यबस्थापन गर्नु आदि चुनौतिहरु रहेका छन्।

### ४.३.३ सोच

“स्वच्छ सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाई सुविधा”

### ४.३.४ उद्देश्य

१. गाउँपालिकामा स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु।
२. गाउँपालिकाको ढल निकास प्रणाली विकास गर्नु।

### ४.३.५ रणनीति

१. गुणस्तरीय श्वच्छ सफा खानेपानी वितरण गर्ने
२. सरसफाइको दिगो र उचित ब्यवस्था गर्ने
३. सवै वडाहरूमा खानेपानीको स्रोत तथा मुलहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने।
४. गाउँपालिकाको ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको | ०७९/८० सम्मको | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|

| | | वास्तविक उपलब्धि | अनुमानित उपलब्धि | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ९६ | ९९ | १०० | १०० | १०० |
| शौचालय भएका परिपरिवार | प्रतिशत | ९९.५ | १०० | १०० | १०० | १०० |
| गुणस्तर परिक्षण गरिएको खानेपानी प्रयोग गर्ने परिवार | प्रतिशत | ६० | ६२ | ६५ | ७० | ८० |
| सार्वजनिक शौचालय | संख्या | १ | १ | २ | २ | ३ |
| गाउँपालिकाबाट नियमित फोहर संकलन हुने घरपरिवार | प्रतिशत | ५ | ५ | १० | १५ | २० |

४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८५५० | १७१० | ६८४० | ० | ० | ६९७० | १५८० | ० |
| २०८१/८२ | ९२७० | १८५४ | ७४१६ | ० | ० | ७२२५ | २०४४ | ० |
| २०८२/८३ | ९६३० | १९२६ | ७७०४ | ० | ० | ७३१८ | २३११ | ० |

४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वोर्लाङ्गी खानेपानी आयोजना | स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु | ८०/८१ – २०८१/८२ | ५००० | |
| २ | बक्रेश्वरी खानेपानी आयोजना | स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु | ८०/८१ – २०८१/८२ | १०००० | |
| ३ | खानेपानी सरसफाइ कार्यक्रम तथा पानी परीक्षण सालबसाली कार्यक्रम | स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु | सालवसाली | १२४४९ | |

४.३.९ जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा खानेपानीको सेवा प्रवाहमा विस्तार तथा गुणस्तरमा सुधार आउने देखिन्छ। सुख्खा खडेरी जस्ता जलवायु परिवर्तबाट खानेपानीको स्रोत सुक्न सक्ने तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण नियन्त्रण आदि बहुक्षेत्रगत विषय भएकोले खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

४.४.१ पृष्ठभूमि

शहिद लखन गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक समावेशी र न्यायोचित वातावरण तयार गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिइरहेको छ

। गाउँपालिकाको नीति कार्यक्रममा महिला बालबालिका तथा लक्षित बर्गलाइ उच्च प्राथमिकतामा राखिएको छ । सबै लिङ्ग, वर्ग र समूहको सहभागिता र अपनत्व वोध सहितको समावेशीताले राज्य प्रणालीलाई सुदृढ गर्नुका साथै समृद्धिको आकांक्षा परिपूर्ति गर्न ठुलो मद्दत गर्दछ । संविधानले वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ ।

शहिद लखन गाउँपालिकाको जनसंख्या अनुपात हेर्दा महिला ४८.७१% (१४३९० संख्या), जनजाति ६१.७१% (१८२३१ संख्या), बालबालिका ३१.७९% (जन्मे देखि १४ वर्ष समुह), ज्येष्ठ नागरिक १९.९९%, अपाङ्गता भएका व्यक्ति ०.८५% तथा एकल महिला २.३७% रहेका छन् । गाउँपालिकाको औसत साक्षरता ३३.२५% रहेकामा महिला साक्षरता १८.८६%, सामाजिक सुरक्षा भत्तामा आवद्ध जनसंख्या ५.६७%, रोजगारीमा महिलाको हिस्सा ८.०३%, महिलाको स्वामित्वमा १८.२५% घर भएको, कृषिमा आबद्ध संख्या (पुरुष ३१५७ र महिला ३०६८) र गृहणी संख्या (पुरुष १४९, महिला ४११०) रहेको छ । यस गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिमा महिला ४२.५५% (२० जना) र दलित अल्पसंख्यक समुदायबाट १९.१५% (९ जना) रहेको छ ।

४.४.२ समस्या तथा चूनौति

शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको पहुँचमा कमी, महिला नेतृत्व विकासको कमी, महिलाको भूमिका औपचारिक आर्थिक कृयाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु महिला लक्षित कार्यक्रमको कमी, महिला, अपाङ्गता तथा वालमैत्री पूर्वाधारको कमी, अशक्त तथा जेष्ठ नागरिकलाई असमान व्यवहार गर्ने प्रवृत्ति बढ्दो आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

महिला तथा वञ्चितिमा परेका वर्ग समुदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, गाउँपालिका भित्रका समिति, उपसमिति, उपभोक्ता समितिहरू, सामुदायिक संस्था तथा लाभग्राही मुखी संस्थाहरूमा यस वर्ग र समूदायको प्रतिनिधित्व, अर्थपूर्ण सहभागिता र निर्णयमा पहुँच स्थापित गर्नु, वाल मैत्री स्थानीय शासन स्थापना गर्नु, अपाङ्ग र जेष्ठ नागरिक मैत्री पूर्वाधारको विकास गर्नु, आर्थिक तथा सामाजिक जिवनमा लैङ्गिक समानता कायम गर्नु, पारिवारिक र सामाजिक मूल्य मान्यता तथा लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, ग्रामीण महिलाको जीवन स्तरमा सुधार ल्याउनु, महिला माथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्यका लागि रणनीतिक योजना निर्माण तथा कार्यान्वयन गर्नु, लगानीको लागि आवश्यक स्रोत साधनको जोहो गर्नु, श्रम पलायन रोक्नु, स्थानीय तहमा नै रोजगारीका अवसर वृद्धि गर्नु, पर्यटन विकासमा महिला सहभागिता र बढाउनु, गुणस्तरीय भौतिक पूर्वाधार विकास गर्नु, समावेशीकरणको नीतिलाई पूर्ण कार्यान्वयनमा ल्याउनु, पर्याप्त प्राविधिक दक्ष जनशक्ति उत्पादन गर्नु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको ब्यबहारिक रुपमा अन्त्य गर्नु, रोजगारीमा अपाङ्गता भएका व्यक्तिको पहुँचका लागि विशेष शिक्षा एवं प्रविधि व्यवस्थापन गर्नु आदिलाई गाउँपालिकाको चुनौतिको रुपमा लिन सकिन्छ ।

४.४.३ सोच

"लैङ्गिक समानता र सामाजिक समावेशीकरणको प्रत्याभूति सहितको विकास"

४.४.४ उद्देश्य

१. सामाजिक संरचनामा बञ्चितीमा परेका सबै समुदाय र महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण, अर्थपूर्ण सहभागीता र अवसरहरुमा समान पहुँच स्थापित गर्ने ।
२. लैङ्गिकता र जातियतामा आधारित हिंसा, भेदभाव तथा बहिष्करणको अन्त्य गर्ने ।
३. विभेद, हिंसा तथा कुप्रथाहरुको अन्त्य गर्नु ।

४.४.५ रणनीति

१. महिलाहरुलाई सामाजिक आर्थिक राजनैतिक विकास प्रक्रियामा मूलप्रवाहिकरण गर्ने

२. वञ्चितिकरण र भेदभावमा परेका समुदायको सशक्तिकरण गरी विकास प्रक्रियामा सहभागीता वढाउने
३. बालबालिका र किशोर किशोरीमा सिर्जनशिलताको विकास हुने वातावरण सिर्जना गर्ने,
४. अपाङ्गगता भएका व्यक्तिको संरक्षण तथा क्षमता विकास गरी अवसरमा पहुँच वढाउने
५. ज्येष्ठ नागरिकको योगदानको कदर गर्दै, उनिहरुको हक अधिकारको प्रत्याभुति एवं संरक्षण गर्ने र सम्मानपूर्ण जीवनको अनुभूति गराउने
६. स्थानीय आवश्यकता अनुसारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कानून, नीति, नियम एवं कार्यक्रमको व्यवस्था गर्ने
७. महिला, बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, दुर्व्यवहार, शोषण, उपेक्षा एव हिंसां, बेचबिखन, ओसार पसारको अन्त्य गर्ने
८. लैससास बजेटको ब्यबस्था तथा परिक्षण गर्ने ।

४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| वार्षिक रूपमा घरेलु हिंसाअन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | ० | ० | | | |
| गाउँपालिकाभित्र रहेका सडक बालबालिका | संख्या | ० | ० | | | |
| बाल यौनहिंसामा परेका बालिका | संख्या | ५ | ४ | ३ | २ | १ |
| गाउँपालिकाभित्र रहेका बालगृह | संख्या | ० | ० | १ | १ | १ |
| यौनहिंसामा परेका १५ वर्ष र माथिका महिला र किशोरी | प्रतिशत | ३ | २ | १ | ० | ० |
| बेचविखनमा परेका महिला, किशोरी तथा बालिकाहरू | संख्या | ० | ० | | | |
| गाउँसभामा महिला सहभागिता | प्रतिशत | ४२ | ४४ | ४६ | ४८ | ५० |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | ४० | ४० | ४० | ४० | ४० |
| व्यवस्थापकीय पदहरूमा महिलाको अनुपात | अनुपात | १५ | १५ | २० | २५ | ३० |
| गाउँपालिका स्तरीय संघ,महासंघमा महिलाको सहभागिता | प्रतिशत | ५ | १० | १५ | २५ | ३३ |
| जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवार | प्रतिशत | ५ | १० | १५ | २० | २५ |
| गाउँपालिकाले गठनगरेका संरचनाहरु (महिला, बाल, अपांगता जेष्ठ नागरिक) | संख्या | | | | | |

४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३९५८७ | ३३६४९ | ५९३८ | ० | ० | ३९२७१ | ३१६ | ० |
| २०८१/८२ | ४२९१९ | ३६४८१ | ६४३८ | ० | ० | ४२५१० | ४०९ | ० |
| २०८२/८३ | ४४५८५ | ३७८९८ | ६६८८ | ० | ० | ४४१२३ | ४६२ | ० |

४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला तथा बाल विकास कार्यक्रम | महिला, बालबालिकाहरुको सशक्तिकरण, अर्थपूर्ण सहभागीता र अवसरहरुमा समान पहुँच स्थापित गर्ने । | सालबासाली | ७५००० | |
| २ | अपाङ्गता भएका व्यक्ति संरक्षण कार्यक्रम | अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण, अर्थपूर्ण सहभागीता र अवसरहरुमा समान पहुँच स्थापित गर्ने । | सालबसाली | ४५०० | |
| ३ | दलित उत्थान कार्यक्रम | दलित समुदायको सशक्तिकरण, अर्थपूर्ण सहभागीता र अवसरहरुमा समान पहुँच स्थापित गर्ने । | सालबसाली | ३००० | |
| ४ | आदबासी जनजाती, सिमान्तकृत, अल्पसंख्यक अधिकार प्रवर्द्धन कार्यक्रम | आदिवासि जनजाति सिमान्तकृत अल्पसंख्यकहरुको सशक्तिकरण, अर्थपूर्ण सहभागीता र अवसरहरुमा समान पहुँच स्थापित गर्ने । | सालबसाली | ६००० | |
| ५ | विपन्न वर्ग उत्थान कार्यक्रम | विपन्न वर्गहरुको उत्थानमा सहयोग गर्ने | सालबसाली | ६००० | |
| ६ | महिला बालबालिका तथा अन्य सालबसाली कार्यक्रम | हिंसा, भेदभाव तथा बहिष्करणको अन्त्य गर्न मद्दत पुर्याउने । | सालबसाली | ३२५९१ | |

४.४.९ जोखिम पक्ष तथा अनुमान

महिला बालबालिका तथा लक्षितबर्गका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी व्यवहारिक कार्यक्रम लागू भएको हुनेछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम दीर्घकालीन रुपमा हरेक क्षेत्रसँग अन्तरसम्बन्धित रही कार्यान्वयन गर्नुपर्ने भएकोले सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा प्रतिवद्धता नभएमा अपेक्षित नतिजा प्राप्त गर्न कठिन हुने जोखिम रहन सक्दछ ।

## ४.५ युवा तथा खेलकुद

४.५.१ पृष्ठभूमि

उत्पादनशील युवा मुलुकको विकासका संवाहक हुन । यसै गरी खेलकुद शारीरिक तथा मानशिक विकासको महत्वपूर्ण माध्यम हो । गाउँपालिकामा यस गाउँपालिकाको कुल जनसख्यामा ४० बर्ष उमेर सम्मको जनसंख्या करिव ६७.७७ प्रतिशत (२०,०२४) रहेको छ भने करिव ७ प्रतिशत युवाहरु वैदेशिक रोजगारमा संलग्न देखिन्छन् । पन्ध्रौ योजनामा खेलकुदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार पार्दै अन्तर्राष्ट्रिय जगतामा राष्ट्रको सम्मान अभिवृद्धि र पहिचान स्थापित गर्ने भनिएको छ । खेलकुदको विकासबाट युवाको भविष्य निर्माणमा सयोग पुग्ने भएकाले युवाको मनोवल उच्च राख्न र राष्ट्रिय गौरव र गरिमाको संरक्षण गर्न खेलकुदलाई व्यवसायिक ढंगले विकास गर्दै लगेमा रोजगारको सृजना भई दिगो विकासका लक्ष्य हासिल गर्न सहज हुनसक्छ ।

४.५.२ समस्या तथा चूनौति

युवा शक्तिको उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसकिनु, युवा पलायन, खेलकुदको विकासका लागि पूर्वाधारको कमी, व्यावसायिक खेलकुदको कमी, खेलकुद प्रशिक्षणको कमी, क्लव तथा खेलकुद सँग सम्बन्धित संस्थाको आयस्रोतमा कमी, युवामा दक्षता र क्षमताको कमीका साथै उनीहरूलाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

युवा क्षमताको विकास गर्नु, युवा प्रतिभा पलायन रोक्नु, युवामा सकारात्मक सोचको निर्माण नहुनु, स्थानीय स्तरमा सृजना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण गराउनु, युवालाई खेलकुद प्रति प्रोत्साहित गराउनु, खेलकुद पूर्वाधारको निर्माण गर्नु, व्यावसायिक खेलकुदको विकास गर्नु, खेलकुद प्रतियोगिता आयोजना गर्नु आदि यस क्षेत्रका प्रमुख समस्या हुन ।

४.५.३ सोच

"व्यवसायिक तथा स्वरोजगार युवा मार्फत सर्वाङ्गिण विकास"

४.५.४ उद्देश्य

१. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्नु ।
२. खेलकुदको विकास गर्नु,
३. युवा जनशक्तिलाई प्राविधिक शिक्षातर्फ आकर्षण गर्नु ।

४.५.५ रणनीति

१. युवाको तालिम, उद्यमशिलता, विकास र रोजगारीमुलक कार्यमा लगानी अभिवृद्धि गर्ने
२. राष्ट्रिय तथा क्षेत्रिय प्रतियोगितामा सहभागिताको अवसर सिर्जना गर्ने
३. स्थानीय स्तरमा खेलमैदानहरु निर्माण गर्ने
४. युवाहरूमा सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व विकासकालागि नियमित कार्यक्रम सञ्चालन गर्ने ।

४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात | प्रतिशत | ८० | ७० | ६० | ५० | ४० |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्क (वार्षिक) | संख्या | ० | ० | ० | ० | ० |
| सक्रिय युवा परिषद तथा युवा संजाल | संख्या | १० | १३ | १६ | २० | ३० |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | २ | २ | ५ | ७ | ८ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ५ | ७ | १० | १५ | २० |
| आयोजना हुने खेलकुद प्रतियोगिता बार्षिक | पटक | २ | ३ | ४ | ५ | ६ |

४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | बजेटको स्रोत |
|---|---|---|

| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | ५००४ | २५०२ | २५०२ | ० | ० | ४३७२ | ६३२ | ० |
| २०८१/८२ | ५४२५ | २७१३ | २७१३ | ० | ० | ४६०७ | ८१८ | ० |
| २०८२/८३ | ५६३६ | २८१८ | २८१८ | ० | ० | ४७११ | ९२५ | ० |

४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एक वडा एक खेलकुद कार्यक्रम लगायत खेलकुद विकास तथा प्रवर्द्धन कार्यक्रम | खेल प्रतिभाको विकास गरी स्वस्थ मानव संशाधन विकास गर्नु | सालबसाली | १६०६५ | करिब १००० युवाहरुमा खेलकुद प्रतिभाको विकास भएको हुनेछ। |

४.५.९ जोखिम पक्ष तथा अनुमान

युवाहरुलाई प्राविधिक शिक्षा बारे जानकारी, खेलकुद तथा बौद्धिक कृयाकलाप सम्बन्धी कार्यक्रम मार्फत उनीहरुको श्रृजनशिलता तथा उद्यमशिलता प्रति आकर्षण बढेको हुनेछ। तर बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित जनशक्ति व्यवस्थापन र युवाहरुलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन सक्छ।

## ४.६ सामाजिक सुरक्षा र पञ्जीकरण

४.६.१ पृष्ठभूमि

सामाजिक सुरक्षा नागरिकको अधिकार हो। यो गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन हो। मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरूको प्राप्तिमा सहयोग पुर्‍याउन सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान गर्दछ। शहिद लखन गाउँपालिकाले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित, बालबालिका आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारीलगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ। आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँ विकासमा सबै नागरिकको समान सहभागिता गराउन उनीहरूलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ।

४.६.२ समस्या तथा चूनौति

महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ। एकल महिला, अपांगता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझ पनि सकारात्मक बन्न सकिरहेको छ्रैन। बाल संवेदनशील सामाजिक सुरक्षाको कार्यान्वयन हुन सकेको छैन। बालपोषण भत्ता पर्याप्त छैन। बैंकको सुविधा वडा वडामा सहज नहुँदा बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा समस्या छ। घुम्ती सेवा कार्यान्वयन हुन सकेको छैन्। सामाजिक सुरक्षा सम्वन्धी सचेतना नहुँदा नविकरण समयमा नहुने पनि समस्या छ। स्वास्थ्य विमामा अझै सबै परिवार जोडिन सकेका छैनन्। सामाजिक सुरक्षालाई स्थानीय आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरूसँग आबद्ध गर्दै लैजानु, गरिबी, वञ्चितीकरण एवम् जोखिममा रहेका जनसमुदायलाई पहिचान गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु र वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौतीहरू हुन्।

४.६.३ सोच

"आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण"।

### ४.६.४ उद्देश्य

१. सामाजिक संरक्षणका कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी समाजका विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु।

### ४.६.५ रणनीति

१. सामाजिक सुरक्षा प्रणाली अन्तरगत रहेका कार्यक्रमहरुको पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने।
२. सामाजिक सुरक्षाका क्षेत्रमा छरितो नियमनकारी संरचनाको विकास गर्ने।

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| वार्षिक रूपमा घरेलु हिंसा अन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | ० | ० | | | |
| बेचविखनमा परेका महिला किशोरी र बालिका | संख्या | ० | ० | | | |
| ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ८० | ८० | ८५ | ८८ | ९५ |
| सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | ४२०० | ४६५६ | ४८०० | ५००० | ५५०० |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १२४४० | ११८१८ | ६२२ | ० | ० | १२४४० | ० | |
| २०८१/८२ | १३४८७ | १२८१३ | ६७४ | ० | ० | १३४८७ | ० | |
| २०८२/८३ | १४०११ | १३३१० | ७०१ | ० | ० | १४०११ | ० | |

### ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा सेवा केन्द्र सञ्चालन | सेवा केन्द्र सञ्चालन गर्ने तथा कर्मचारी व्यवस्थापन गर्नु | | ४५०० | |
| २ | सामाजिक सुरक्षा सुचना सञ्चार तथा पहुँच अभिवृद्धि कार्यक्रम | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी जनचेतना अभिबृद्धि गर्नु | | ४५०० | |
| ३ | सामाजिक सुरक्षण क्षमता विकास कार्यक्रम तथा अन्य सालवसाली कार्यक्रम | सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुमा सहज रुपमा सामाजिक सुरक्षा वितरण गर्नुजनप्रतिनिधि तथा कर्मचारीहरुमा पञ्जीकरण तथा सामाजिक सुरक्षाको क्षेत्रमा कार्य क्षमता विकास गर्नु | सालबसाली | ३०९३८ | जनप्रतिनिधि, कर्मचारी, सेवा प्रदायक संस्थाका कर्मचारी तथा सम्पूर्ण सरोकारवालाहरुमा पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी कानूनी व्यवस्था तथा प्राविधिक ज्ञान अभिबृद्धि भई सेवा प्रवाहमा सुधार हुने। |

### ४.६.९ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षा कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

# परिच्छेद ५ : पूर्वाधार विकास क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार तथा विद्युतीय सुशासन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ५.१ आवास, भवन तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

शहीद लखन गाउँपालिकामा सरकारी कार्यालय भवन १७ वटा, सामुदायिक भवन ३० वटा, स्वास्थ्य संस्था भवनहरु ९ वटा रहेका छन् । गाउँपालिकाको कार्यालय भवन निर्माणाधिन रहेकोछ । ३ वटा वडा कार्यालय भवनहरु र प्रहरी चौकी भवन निर्माणाधिन रहेका छन् ।गाउँपालिकामा रहेका पुराना वडा कार्यालय भवन बाहेक ६ वटा नयाँ वडा कार्यालय भवनहरु हालै निर्माण सम्पन्न भएका छन् । शहीद लखन गाउँपालिकामा लगभग वस्तीको एकिकृत स्वरुप रहेकोछ ।गाउँपालिकामा रहेका करिब २०० वस्तिहरुमा रहेका ५७८२ वटा निजी आवासहरु मध्ये जस्ता पाताको छाना भएको ४८६१ वटा, आर. सी. सी. ढलान भएको १११८ वटा, ढुंगाको छाना भएको २२४ वटा, खरको छाना भएको ३५ वटा, र बाँकी अन्य बस्तुको छाना भएका घर ४१ वटा छन् ।यस गाउँपालिकामा भवन आचार संहिता लागु गरिएको छ ।

शहिद लखन गाँउपालिकामा हालसम्म ३५२० घरहरुले नक्सा पास गरेका छन् र भुकम्प प्रतिरोधी छन्। गाउँपालिकामा रहेका ४७ वटा विद्यालयका आफ्नै भवनहरु छन् । २०७२ को महाभुकम्पमा ५७६६ वटा घरधुरी प्रभावित भएकोमा झण्डै ९८% घरधुरीहरु पुन निर्माण सम्पन्न भएका छन् । यस गाउँपालिकामा मनकामनामाइको प्रशिद्ध मन्दिर लगायत २० वटा प्रशिद्ध मन्दिर तथा मठहरु र शिद्ध लखन गुफा, रामशाहघाट आदि प्रशिद्ध स्थानहरु रहेका छन् । गाउँपालिकामा एकिकृत र ब्यबस्थित वस्ती विकास योजना तयार भएको छैन । गाउँपालिकामा धैरैजस्तो वस्तीहरु एकिकृत स्वरुपमा नै रहेकाछन् र गाउँपालिकाको नीति र कार्यक्रममा पनि एकिकृत वस्ती विकास गरी पुर्वाधारयुक्त बनाउने रहेको छ ।

### ५.१.२ समस्या तथा चूनौति

२०७२ सालको भूकम्पबाट प्रभावित सरकारी, निजी तथा सार्वजनिक संरचना तथा भवनहरुको पुनर्निर्माणको कार्य अझै सम्पन्न भै नसक्नु, केहीस्थानमा रहेका घरहरु असुरक्षित र जोखिमयुक्त स्थानमा रहेका कारण पहिरोको जोखिममा रहनु, स्थानीय भवन संहिता तर्जुमा भए पनि पुर्णरुपमा लागु हुन नसक्नु, मौलिक शैलीका भवनहरु विस्थापित हुंदै जानु, स्थानीय दक्ष कामदारको कमी हुनु, वस्ती विकास योजना नहुनु, जोखिमयुक्त घना वस्ती, वजार तथा पानी जम्ने स्थानमा ढल निकास नहुनु आदि प्रमूख समस्या हुन ।

क्षतिग्रस्त संरचनाको पुनर्निर्माण सम्पन्न गर्नु, विपद तथा महामारीमा उपयोग गर्न आइसोलेसन सेन्टर निर्माण गर्नु, भवन संहिताको कार्यान्वयन गर्नु, मौलिक सस्कृतिको संरक्षण गरी संरचना निर्माण गर्नु, व्यवस्थित वस्ती विकास गर्नु, स्थानीय स्तरमा दक्ष जनशक्ति तयार गर्नु, गुणस्तरीय निर्माण सामाग्री व्यवस्थापन गर्नु, पुनर्निर्माणमा संलग्न संस्थाहरु वीच समन्वय गर्नु आदि प्रमूख चुनौति रहेका छन् ।

### ५.१.३ सोच

“भू उपयोग योजना सहितको दिगो पुर्वाधार, गाउँवासीको जीवनस्तरमा सुधार”

### ५.१.४ उद्देश्य

१. सुरक्षित तथा व्यवस्थित आवास भवन र एकिकृत वस्ती विकास गर्नु,

२. विद्यमान भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्नु ।

५.१.५ रणनीति

१. सुरक्षित तथा सुबिधायुक्त भवन, आवास र एकिकृत वस्तीहरुको निर्माण गर्ने
२. सामाजिक पूर्वाधारसहितको व्यवस्थित वस्ती विकास र पुनर्निर्माण गर्ने
३. भू–उपयोग नीति तथा योजनाको कार्यान्वयन गर्ने ।

५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रबिधि अनुसार बनेका आवासीय भवन | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ |
| सुरक्षित सार्वजनिक यातायातको उपलब्धता | प्रतिशत | २० | २४ | ३० | ४० | ५५ |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ७५ | ७८ | ८५ | ९० | ९५ |
| लैङ्गिकमैत्री तथा अपांगमैत्री सार्वजनिक भवनहरु | प्रतिशत | २० | ३० | ४० | ५० | ७० |
| आफ्नै नवनिर्मित भवनबाट सेवा प्रवाह गर्ने वडा कार्यालय | वटा | ७ | ७ | २ | ९ | ९ |

५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५२५१५ | २६२६ | ४९८८९ | ० | ० | ५०९३५ | १५८० | ० |
| २०८१/८२ | ५६९३५ | २८४७ | ५४०८८ | ० | ० | ४९२२६ | ७७०९ | ० |
| २०८२/८३ | ५९१४६ | २९५७ | ५६१८८ | ० | ० | ४७०९४ | १२०५२ | ० |

५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रशासकीय भवन निर्माण तथा व्यवस्थापन आयोजना | स्थानीय शासन, सेवा प्रवाह र विकास कार्यलाई सहज र सुव्यस्थित बनाउनु | २०७७/७८-२०८१/८२ | ३५००० | प्रशासकीय भवन निर्माण सम्मन्न भई एकीकृत सेवा प्रवाह सुचारु हुनेछ । |
| २ | वडा कार्यालय भवन निर्माण तथा मर्मत सम्भार | सेवा प्रवाह र विकास कार्यलाई सहज र सुव्यस्थित बनाउनु | २०८०/८१-२०८३/८४ | ३०००० | वडा तहमा प्रशासकीय भवन निर्माण सम्मन्न भई एकीकृत सेवा प्रवाह सुचारु हुनेछ । |
| ३ | सार्वजनिक निर्माण मर्मत सम्भार, पुनर्निर्माण तथा अन्य सालबसाली कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु । | सालबसाली | १०३५९६ | आवास, भवन तथा शहरी विकास सम्बन्धी मर्मत सम्भार तथा स्तरोन्नती सेवा सुचारु हुनेछ |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा आवाशीय तथा ब्यवसायिक भवनको मापदण्ड तयार भै यसको कार्यान्वयनबाट भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ । शहरीकरणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदुषण वृद्धि हुने जोखिम हुन सक्छ । जनचेतनाको स्तर न्यून रहेको र विगत देखिनै प्रभावकारी कार्यान्वयनमा आउन नसकेको कारण बस्ती विकास तथा भवन निर्माण समबन्धी मापदण्डको कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

गाउँपालिकाको आवधिक विकास योजना तयार भई लागू भएको छ । विकासका पूर्वाधार मध्ये यातायात सबै भन्दा महत्वपूर्ण पूर्वाधार मानिन्छ । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र स्थानीय यातायात व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ । यस गाउँपालिकामा ठुला र स-साना ११९ वटा सडकहरु छन् । तीमध्ये ६० कि. मी. सर्वयाम सडक, १२ कि. मी. कालोपत्रे, ४६ कि. मी. ग्राभेल २ कि. मी. कंक्रिट र ५७३.५ कि. मी. धुले सडकहरुको ट्र्याक खोल्ने काम सम्पन्न भएको छ । गाउँपालिकाको सबै वडा केन्द्रसम्म धुले सडकले छोएको छ । यस गाउँपालिकामा रणनैतिक महत्वका ७ वटा सडकहरु प्रदेश अन्तर्गत निर्माणाधिन छन् त्यस मध्ये १२ कि. मी.सडक हाल कालोपत्रे हुँदैछ र ४९.५ कि. मी. क्रमागत रुपमा निर्माण हुँदैछन् । १३ वटा महत्वपुर्ण सडकहरुको डि. पि. आर. गाउँपालिकाले तयार गरेको छ र यी सडकहरुको लम्बाइ १५४.०४ कि. मी. छ ।

गाउँपालिकाले सडकहरुलाई ब्यबस्थित गर्न सडकको अधिकार क्षेत्र सडकको महत्वको आधारमा क, ख, ग र घ चार श्रेणीमा बर्गिकरण गरी क्रमशः १०.५ ९.५, ७.५ र ४.५, मी सडकको अधिकारक्षेत्र (राइट अफ वे) तोकेको छ । यसैगरी यस गाउँपालिकामा मर्मत संभार नीति समेत तयार भइ लागु भएको छ । गाउँपालिकामा “क” बर्गका सडकहरु २० वटा, "ख” बर्गका सडकहरु १८ वटा, “ग” बर्गका सडकहरु ७५ वटा र "घ" बर्गका सडकहरु ६ वटा छन् । गाउँपालिकामा पदाधिकारी र सरोकारवालाहरुसँग भएको अन्तर्कृया तथा छलफलमा गाउँपालिकामा सडकहरुको ट्र्याक मात्र खुलेको तर संचालित सडकहरुको मापदण्डहरु नपुगेकोले यस्ता सडकहरुको स्तर उन्नति गर्नु पर्ने आवश्यकता रहेको र आगामी दिनमा धुले सडकहरुको स्तरोन्नति गर्ने नीति रहेको छ ।

गाउँपालिकामा पर्यटकीय दृष्टिकोणले निकै महत्वपुर्ण ४ वटा पदमार्गहरु छन् हाल यिनीहरुको अवस्था पनि राम्रो नभएकोले स्तरोन्नति गर्नुपर्ने स्थिति छ । गाउँपालिकामा करिब ५०० कि. मी. घोडेटो बाटो रहेको छ शहीद लखन गाउँपालिकामा ४ वटा सडकपुलहरु संचालित छन् र एउटा निर्माणाधिन छ । ३ वटा सडकपुलहरुको थप माग रहेको छ ।गाउँपालिकामा २ वटा (त्रिसुली र बुढीगण्डकी) ठुला नदी र २० वटा साना खोलाहरू रहेका छन् । गाउँपालिकामा हाल १० वटा झोलुङ्गे पुल संचालित रहेका छन् । गाउँपालिकामा यातायातको दृष्टिकोणले निकै पुर्वाधारहरुको निर्माण प्रारम्भ भएको देखिन्छ । निर्माण सुरु भएका यातायातका पुर्बाधारहरुलाई संरक्षण, व्यबस्थित र स्तरीय बनाइ संचालन गर्ने गाउँपालिकाको ठुलो जिम्मेबारी रहेको छ । गाउँपालिकाको वडा नं २ मनकामनामा निजीक्षेत्रबाट सञ्चालित केवलकार रहेको छ।

### ५.२.२ समस्या तथा चूनौति

गाउँपालिका सदरमुकामसम्म पुग्ने कालोपत्रे सडक हालसम्म निर्माणाधिन हुनु, सडकको बिचमा पर्ने खोलाहरुमा पुलको कमी हुनु, अन्य सडकहरु सर्बयाम नहुनु, सडकहरुको ज्यामिती (ज्योमेट्रि) नमिलेको हुनु, सडकको पानी को उचित ब्यवस्थापन नहुनु, सडकमा काम गर्ने दक्ष कामदारहरुको कमी हुनु, पदमार्गहरु, घोडेटोहरु, गोरेटोहरुको स्तरोन्नति र ब्यवस्थापन हुन नसक्नु, सरोकारवाला निकाय बीच समन्वयको कमी हुनु आदि प्रमुख समस्या हुन् ।

बिद्यमान ठुलो संख्यामा रहेका धुले सडकहरुको स्तरउन्नति गरी सर्वयाम बनाउनु, सडक निर्माणमा सहभागितात्मक र वातावरण मैत्री अवधारणा अनुसार सडकहरुको निर्माण कार्य सम्पन्न गर्नु, आवश्यक पदमार्गहरुको, गोरेटोहरुको निर्माण गर्नु, मापदण्ड अनुरुपको दुरीको फेरोमा सडक पुल तथा झोलुङ्गे पुलहरु निर्माण गर्नु प्रमुख चुनौतिहरु हुन्।

५.२.३ सोच

"वातावरणमैत्री र दिगो सडक पूर्वाधार, गुणस्तरीय सञ्जाल"

५.२.४ उद्देश्य

१. गाउँपालिका केन्द्र, वडाकेन्द्र र महत्वपूर्ण स्थानमा सडक यातायातको पहुँच पुर्याउनु।
२. गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु।

५.२.५ रणनीति

१. गाउँपालिका केन्द्रबाट सबै वडाकेन्द्र र महत्वपूर्ण स्थानमा सर्वयाम सडक सञ्जालको विस्तार गर्ने।
२. मौजुदा सडकहरूको स्तरोन्नति र नियमित मर्मत सम्भार गरी सर्वयाम सुचारु गर्ने।
३. वैकल्पिक पर्यटन पद मार्ग निर्माण र सञ्चालित पद मार्गहरूको मापदण्ड अनुसार स्तरोन्नति र मर्मत सम्भार गर्ने।

५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| १२ महिना सञ्चालन हुने सडकको २ किमि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ११ | १५ | १८ | २० | २२ |
| सडक घनत्व (किमि, वर्गकिमि) | कि.मि. | | | | | |
| कंक्रिट सडक | कि.मि. | ० | ० | २ | ५ | १० |
| कालोपत्रे/पक्की सडक | कि.मि. | १२ | १२ | १५.५ | १७ | १८ |
| ग्राभेल सडक | कि.मि. | ४६ | १०० | १५० | १९० | २५० |
| कच्ची सडक | कि.मि. | ५७३ | ५७५ | ५८९ | ५८५ | ५९० |
| कुल सडक लम्बाई | कि.मि. | ६३१ | ७१० | ७९६ | ८६५ | ९६२ |

५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ९४९९६ | २८५० | ९२१४६ | ० | ० | ७४९९६ | २०००० | ० |
| २०८१/८२ | १०२९९२ | ३०९० | ९९९०२ | ० | ० | ८२९९२ | २०००० | ० |
| २०८२/८३ | १०६९९१ | ३२१० | १०३७८१ | ० | ० | ८६९९१ | २०००० | ० |

५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लखन थापा मार्ग | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७५/७६-२०८५/८६ | ४५००० | ४० किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| २ | देउराली रानीस्वाँरा तिनघरे | यातायात सुविधा | २०७५/७६- | ३०००० | ७ किमि पक्की सडक निर्माण भएको |

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | चिसापानी तिनमाने सडक (समपुरक) dpr | व्यवस्थित र सहज बनाउनु | २०८५/८६ | | हुनेछ। |
| ३ | अवुवा मनकामना सडक dpr | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७५/७६-२०८५/८६ | ३०००० | ११.६५ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| ४ | गुर्दुम बक्राङ सडक dpr | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७५/७६-२०८५/८६ | ३०००० | ९.५८ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| ५ | हटिया चोक तिउरीभञ्ज्याङ भातेचौर बक्रेश्वरी सडक | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७५/७६-२०८५/८६ | ९००० | ५.५९ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| ६ | त्रिवेणी दार्सिङ मनकामना सडक dpr | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७५/७६-२०८५/८६ | ९००० | १२.३२ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| ७ | जुम्ली चौतारा राईनास सडक dpr | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७५/७६-२०८५/८६ | ९००० | ११.६७ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| ८ | पोखरीडाँडा काहुलेभङ्गार रिपथोक रामभञ्जयाङ सडक (प्रदेश समपुरक) dpr | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७५/७६-२०८५/८६ | १५००० | ८.६० किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| ९ | गैरीचौतारा मैलुङ बुङकोटघाट dpr | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०८०/८१-२०८५/८६ | ९००० | ८.८१ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| १० | बर्चुलीथान रामभञ्ज्याङ बुङ्कोटघाट dpr | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०८०/८१-२०८५/८६ | ९००० | ७ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| ११ | खाव्दी भञ्ज्याङ तिवारी गाउँ बाहबिसे वेलठाँटी | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०८०/८१-२०८५/८६ | ९००० | ५.४२ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| १२ | कानटार नाम्जुङ्गटार कुसुमपानी दारसिंह सडक | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०८०/८१-२०८५/८६ | ६००० | ६.४४ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| १३ | रामशाहघाट कल्लेरी आरुबोट ढाँडबारी सडक | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०८०/८१-२०८५/८६ | ६००० | १०.६ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| १४ | स्याउली बक्राङ्ग तिउरीभञ्ज्याङ्ग सडक मउच | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०८०/८१-२०८५/८६ | ९००० | १०.६८ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| १५ | जुम्लीचौतारा बाहुनथोक ठेउवाटार सडक | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०८०/८१-२०८५/८६ | ९००० | ८.७४ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| १६ | देउरालीछाप भैसेपोल तोरण सडक | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०८०/८१-२०८५/८६ | ९००० | ५ किमि पक्की सडक निर्माण भएको हुनेछ। |
| १७ | सडक पुल निर्माण मर्मत सम्भार तथा अन्य सालबसाली कार्यक्रम | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालवसाली | ६१९७८ | ४५ किमि पक्की सडक निर्माण भएको हुनेछ। |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

तीन तहको सरकारबीच नीति, कार्यक्रमको अन्तरसम्बन्ध, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुन सक्नेछ। गाउँपालिकाले विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम कार्यान्वयन गरेको हुनेछ। सडक पुर्वाधार विशिष्ट आयोजना हुने भएकोले दक्ष

प्राविधिकबाट विस्तृत संभाव्यता तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसकिने जोखिम रहन्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा उर्जा

### ५.३.१ पृष्ठभूमि

आम नागरिकको जिवनलाई सरल र सहज वनाउन र आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा ऊर्जाको महत्वपूर्ण स्थान छ। संविधानले साना जल विद्युत र वैकल्पिक ऊर्जा स्थानीय सरकारको अधिकार सूचीमा राखेको छ। शहिद लखन गाउँपालिकामा त्रिशुली, बुढी गण्डकी र दरौदि जस्ता ठुला नदीहरु र अन्य १४ वटा साना नदीनदी तथा खोलाहरु छन् । गाउँपालिकाको केही भाग बुढी गण्डकी जल बिद्युत परियोजनामा पनि परेको छ यो गाउँपालिकामा हालसम्म कुनै माइक्रो हाइड्रो संचालनमा छैनन् ।गाउँपालिकाको सबै वडाहरु राष्ट्रिय प्रसारण लाइनसंग जोडिएका छन्। गाउँपालिकामा रहेका ५४६२ वटा घरधुरीमा राष्ट्रिय प्रशारण लाइन (नेसनल ग्रिड) को बिद्युत लाइन जोडिएको छ । ३२५ घरधुरीहरुले सोलार, गोबर ग्यास आदि अन्य उर्जाको श्रोतहरुको प्रयोग गरेको तथ्याङ्क छ। इन्धनको लागि बहुसंख्यक घरहरुले काठ दाउराको प्रयोग गर्दछन्। बजार क्षेत्रमा रहेका घरहरुमा एल पी ग्यास र बिजुलीको प्रयोग हुन्छ। केही स्थानमा गोबर ग्यास र मट्टितेल, गुइठाको पनि प्रयोग गरेको पाइन्छ।

### ५.३.२ समस्या तथा चूनौति

बिद्युत आपुर्तिमा नियमितताको अभाव, आर्थिक कृयाकलापमा बिद्युतलाई जोडन नसक्नु, बिद्युत लाइनमा जडान सामाग्रीहरु कमजोर हुनु आदि प्रमुख समस्या हुन।
स्थानीय स्तरमा रहेका नदी तथा खोलाहरुबाट लघु जल बिद्युतको निर्माण गर्नु, नेसनल ग्रिडबाट प्राप्त बिद्युत को नियमित प्रसारण गरी दिगो बिद्युत सेवा उपलब्ध गराउनु, बिद्युतको प्रयोग उद्योग क्षेत्रमा बिस्तार गर्नु आदि चुनौतिहरु हुन्।

### ५.३.३ सोच

"भरपर्दो र स्वस्थ उर्जाको उपलब्धता र ब्यवसायिक उपयोग"

### ५.३.४ उद्देश्य

१. सबै घर धुरीमा भरपर्दो विद्युत सुविधा पुर्‍याई आय र रोजगारीमा आवद्ध गर्ने।
२. विद्युत तथा वैकल्पिक उर्जा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत् खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्नु।

### ५.३.५ रणनीति

१. विद्युत उत्पादन क्षमता र उपयोग वढाउने।
२. क्षतिग्रस्त संरचनाको पूनर्स्थापना गर्ने।
३. विद्युत उपयोग सम्बन्धी नियमित जनचेतना अभिवृद्धि गर्ने।
४. हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ९५ | ९६.८ | ९७.७ | ९९.५ | १०० |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका | प्रतिशत | ८० | ८० | ७८ | ७५ | ६० |

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| रूपमा दाउरा प्रयोग गर्ने परिवार | | | | | | |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २० | २० | १८ | १५ | १२ |
| खाना पकाउन र पानी तताउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.५ | १ | ५ | १० | १५ |
| सौर्य उर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १.७ | २.५ | ४ | ४.४ | ५.४ |
| विद्युत्बाट चल्ने सवारीसाधन | प्रतिशत | ० | ० | ० | ०.२५ | ०.५ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १८०० | ९० | १७१० | ० | ० | १८०० | ० | ० |
| २०८१/८२ | १९५२ | ९८ | १८५४ | ० | ० | १९५२ | ० | ० |
| २०८२/८३ | २०२७ | १०१ | १९२६ | ० | ० | २०२७ | ० | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नविकरणिय उर्जा प्रविधि तथा विद्युतिय चुलो सुधारिएको चुलो लगायत वैकल्पिक तथा स्वच्छ उर्जा प्रवद्र्धन सालवसाली कार्यक्रम | कार्वन उत्सर्जन न्यूनिकरण गर्नु । | सालबसाली | ५७७९ | कार्वन उत्सर्जन बार्षिक १० प्रतिशतले कम हुने । |

### ६.३.९ जोखिम पक्ष तथा अनूमान

विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगबाट उद्यम, ब्यवसाय सहज वृद्धि गर्न सकिने । विद्युत तथा वैकल्पिक उर्जाको संरचनाबाट सावधानी अपनाउन नसकेमा दुर्घटनाको जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठभूमि

शहिद लखन गाउँपालिकाले नीति कार्यक्रममा स्मार्ट र समुन्नत पालिकाका रूपमा विकास गर्ने लक्ष्य लिएको छ । गाउँपालिका तथा अन्तर्गतका सवै कार्यालयमा आधुनिक सूचना तथा सञ्चार सुविधामा पहुँच रहेको छ । यस गाउँपालिकामा ५५३८ घर धुरीले मोवाइल प्रयोग गर्दछन्, गाउँपालिकाका ३६६१ घरधुरीले रेडियो र ४२५५ घरधुरीमा टिभि को प्रयोग हुन्छ । १११ घरधुरीमा लैण्डलाइन टेलिफोन छ ।१०९ घरधुरीमा कम्प्युटरको प्रयोग हुन्छ भने १३७ घरधुरीमा इन्टरनेटको सुबिधा रहेको छ । यस गाउँपालिकामा नेपाल टेलिकम, एनसेल मोबाइल सेवाका साथै वर्ल्ड लिंक, सु.वि.सु, ब्रौडलिङ्क जस्ता इन्टरनेट सेवा प्रदायक कम्पनीहरु रहेका छन् । संचार सेवा प्रदायक संस्थाहरु निकै भए पनि फोन तथा इन्टरनेटको नेटवर्क निकै कमजोर छ । गाउँपालिकामा कुनै स्थानीय पत्रिका प्रकासन हुदैन ।

### ५.४.२ समस्या तथा चूनौती

गाउँपालिकामा ल्याण्ड लाइन टेलिफोन सेवा नपुगेको, मोवाइल सेवा रहेको तर टावरहरूको समुचित व्वयस्था नरहेको कारणले इन्टरनेट र मोवाइल सेवा समेत भरपर्दो नभएको, स्थानीय पत्रपत्रिका प्रकाशन हुने नगरेको आदि प्रमुख समस्या रहेका छन । ल्याण्डलाइन टेलिफोन सेवाको पहुँच कम हुनु, मोवाइल तथा इन्टरनेट सेवाको पहुँच कमजोर हुनु, इन्टरनेट प्रदायक संस्थाहरुको सेवा विश्वसनीय नहुनु, स्थानीय पत्रपत्रिका प्रकाशन नहुनु, गाउँपालिकाका वडा कार्यालयहरुलाई इन्टरनेटले जोडन सुचारु हुन नसक्नु आदि प्रमूख समस्या रहेका छन् ।

सवै खाले संचार माध्यमहरुको पहुँच विस्तार गर्नु, मोवाइल, इन्टरनेट र वाइफाईको क्षमता विस्तार गर्नु, गाउँपालिका र वडाहरु वीच सूचना सञ्जालीकरण गर्नु, सवै तथ्यांक र सूचनालाई विद्युतीय प्रणालीमा आवद्ध गर्नु, अनलाईन प्रणाली मार्फत सेवा प्रवाह गर्नु, स्थानीय पत्रिका प्रकाशन र एफ.एम संचालन गर्नु आदि प्रमूख चुनौति हुन।

५४.३ सोच

"प्रविधिमा आधारित विद्युतीय सुशासन"

५.४.४ उद्देश्य

१. गाउँपालिकाको सुचना तथा सञ्चार प्रणालीलाई दिगो र सवल बनाउनु ।

२. सूचना प्रविधि सहितको सेवा प्रणालीलाई सेवाग्राही मैत्री बनाई  सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रूपमा विकास गर्नु ।

५.४.५ रणनीति

१. गाउँपालिकाको शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गर्ने,

२. गाउँपालिकाको सूचना सार्वजनिकीकरण, आर्थिक गतिविधि र बोलपत्र आव्हानमा आधुनिक सञ्चार प्रविधि प्रयोगमा जोड दिने,

३. युवा लक्षित सूचना प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवद्र्धन गरी गुणस्तरीय रोजगारीको वृद्धि गर्ने ।

५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | ५ | १० | १५ | २० | २५ |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | ८ | १० | १२ | १५ | १८ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ७० | ९० | १०० | १०० | १०० |

५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५०० | ७५ | ४२५ | ० | ० | ५०० | ० | ० |
| २०८१/८२ | ५४२ | ८१ | ४६१ | ० | ० | ५४२ | ० | ० |
| २०८२/८३ | ५६३ | ८४ | ४७९ | ० | ० | ५६३ | ० | ० |

५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना प्रणाली सफ्टवेयर सञ्चालन, प्रविधि मैत्रि शासन प्रवर्द्धन सालवसाली कार्यक्रम | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु | सालबसाली | १६०५ | गाउँपालिका कार्यालय, विषयगत शाखा र ९ वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु हुनेछ। |

### ५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

सुचना प्रविधिको उपयोगबाट सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सकिनेछ। प्रविधि खर्चिलो र दक्ष मानविय श्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सुचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहन सक्छ।

# परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ६.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण

### ६.१.१ पृष्ठभूमि

शहीदलखन गाउँपालिकामा वनक्षेत्र कूल भूमिको करिब ४६.२३ प्रतिशत रहेको छ र यस अन्तर्गत ५३ वटा सामुदायिक वन (महासँघमा आबद्ध ३९ मात्र), १३ वटा कबुलियती वन र ४ वटा निजी वन रहेको छ। वन कार्यालयको अभिलेखअनुसार दर्ता भएका एउटा निजी वनको झन्डै ०.१४ हेक्टर क्षेत्रफल रहेको छ। यो गाउँपालिका समुन्द्र सतहबाट झन्डै १४३ मिटर देखि १६५३ मिटरसम्मको उचाइमा रहेको पहाडी भूभाग रहेकोले धरातलको उचाइ, भौगर्भिक बनावट, भूस्वरूप, पहाडी पाखा र पानी ढलोले हावापानीको अवस्थामा सामान्य विविधता रहेको छ। यहाँका अधिकाँश वस्तीहरू ३५३ मीटर देखि ११७८ मीटरको उचाइमा ५ डिग्री देखि ३० डिग्री स्लोप भएको जमीनमा बनेका छन्।यहाँ बार्षिक औसत १५०० मीलिमीटर बर्षा हुने गरेको पाइन्छ।

यस गाउँपालिकामा पाइने वनस्पतिहरुमा साल, सिसौ, खोटेसल्ला, चिलाउने, कटुस, सिमल, साज, हर्रो, बकाइनो, खर्सु, जस्ता प्रजाति पाइन्छन् भने जडीबुटीको हकमा कुरिलो, अमला, तेजपात, सल्लाको खोटो आदि पाइन्छन। वन्यजन्तुहरुमा चितुवा, मृग, बाँदर, खरायो, स्याल, वन बिरालो, भालु, सर्प, न्याउरीमुसो, छेपारो, मलसाँप्रो आदि र चराचुरुङ्गीमा जुरेली, लापुछ्रे, पानीहाँस, गौथली, काग, चिल, बकुल्ला आदि रहेकाछन्।

### ६.१.२ समस्या तथा चूनौति

गाउँपालिका वासिन्दामा वन हरियाली संरक्षण बारेमा जनचेतनाको कमी, उचित व्यवस्थापनको अभाव, वनक्षेत्रको अर्थतन्त्रमा उल्लेख्य योगदान हुनेगरी व्यवसायिक रुपमा व्यवस्थापन गर्न नसकिनु, इन्धनको लागि दाउरामा निर्भरता बढी हुनु, सार्वजनिक जग्गामा वन तथा वृक्षारोपण आवश्यक मात्रामा हुन नसक्नु, सरकारी वन क्षेत्रमा अतिक्रमण हुनु, जंगलमा आगलागी र चोरी सिकारीका कारण महत्वपूर्ण वनस्पति र वन्यजन्तु र चराचुरुङ्गीको विनाश हुनु, वन प्राविधिक कर्मचारीको न्यून उपस्थिति हुनु, वनको उत्पादनशील उपयोगको कार्ययोजना नबन्नाले वन पैदावार चोरी निकासी बढ्नु, सरोकारवाला निकाय र वन कार्यालय बीच समन्वयको कमी हुनु, वातावरणीय चेतनाको कमी हुनु, विकास र वातावरण बीच उचित सन्तुलन मिलाउन नसकिनु, पहिरो नियन्त्रण गर्न नसक्नु, जलवायु परिवर्तन, अतिबर्षा, बाढीपैरो आदिको सूचना तल्लोतहसम्म पुर्याउन नसक्नु, आदि यस क्षेत्रका समस्या हुन्।

वन, वातावरण संरक्षण र जैविक विविधता, जलाधार, वन्यजन्तु संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन राष्ट्रिय, प्रादेशिक नीति, कानून, रणनीति तथा मापदण्डको स्थानीयकरण गर्नु, गाउँ अर्थव्यवस्थामा वन क्षेत्र उल्लेख्य योगदान हुनेगरी वनको विकास, विस्तार तथा उपयोग गर्नु, सामुदायिक वन व्यवस्थापनमा गाउँपालिकाको भूमिका बृद्धि गर्नु, चोरी सिकारी नियन्त्रण गर्नु, आगलागी नियन्त्रण गर्नु, वन तथा वातावरणको विकास संरक्षणलाई स्थानीय आयआर्जनसँग आबद्ध गर्नु इन्धनको लागि दाउराको निर्भरता घटाउनु, अन्तर तह समन्वय गर्नु, पहिरो नियन्त्रण गरी वस्तीका जोखिम घटाउनु आदि चुनौति देखिएका छन्।

### ६.१.३ सोच

“स्वच्छ तथा दिगो पर्यावरण”

### ६.१.४ उद्देश्य

१. विकास र वातावरणवीच सन्तुलन कायम गर्दै वनक्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्नु ।
२. फोहर मैला व्यवस्थापनको स्थानीय रणनीति तर्जुमा तथा कार्यान्वयन गर्नु ।

### ६.१.५ रणनीति

१. वनको संरक्षण, सम्बर्द्धन, तथा व्यवस्थापन गरी अर्थतन्त्रमा वनक्षेत्रको योगदान बढाउने,
२. जलाधार क्षेत्रको संरक्षण, भूक्षय र पहिरो नियन्त्रण गर्ने,
३. वन जङ्गल, जडिवुट्टी तथा वातावरण विकास एवं संरक्षणलाई आय र रोजगारी सँग आवद्ध गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| पार्क तथा उद्यान | संख्या | २० | २० | २२ | २५ | २५ |
| संरक्षित तालतलैया पोखरी | संख्या | ३ | ५ | ५ | ५ | ७ |
| बृक्षरोपण गरिएको संख्या | हजार | १० | १० | १५ | २० | ५० |
| नदी नियन्त्रणका लागि गरिएको बाँध तथा स्परको लम्बाई | रनिङ्ग मिटर | २०० | ३०० | ५०० | ८०० | १००० |
| निजी तथा ब्यवसायिक वागवानी | घरधुरी | १०० | १०० | १५० | २०० | २५० |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५०० | ५० | ४५० | ० | | ५०० | ० | ० |
| २०८१/८२ | ५४२ | ५४ | ४८८ | ० | | ५४२ | ० | ० |
| २०८२/८३ | ५६३ | ५६ | ५०७ | ० | | ५६३ | ० | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र/ कार्यक्रम / आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन तथा हरियाली प्रवद्र्धन, नदि नियन्त्रण सालबसाली कार्यक्रम | हरियाली क्षेत्र विस्तार, नदि नियन्त्रण तथा वनको दिगो व्यवस्थापन गर्नु | सालबसाली | १६०५ | सामुदायिक वन तथा सार्वजनिक स्थलहरुमा २००० बृक्षारोपण भएको हुनेछ । |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

सार्वजनिक निजी साझेदारीमा ग्रामीण तथा शहरी क्षेत्रमा खुला स्थानमा बृक्षरोपण तथा निजी तथा ब्यवसायिक वागवानी विस्तार गरी वातावरणमा सुधार तथा आयआर्जन समेत बृद्धि गर्न सकिनेछ । सार्वजनिक स्थलमा गरिएका वृक्षरोपण तथा हरियाली क्षेत्रको प्रभावकारी संरक्षण र प्रवद्र्धन हुन नसके अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

शहिद लखन गाउँपालिकावासीले हालसम्म घरबाट निस्कने फोहोरमैला आफनै तरिकाले विर्सजन गर्ने गरेका छन्। बजार क्षेत्र तथा बाहिरका बस्तीमा स्थानीयस्तर मै फोहोरमैला व्यवस्थापनको अभ्यास रहेको छ। सडक वरपरका क्षेत्रमा निस्कने प्लास्टिकजन्य फोहरमैला स्वयम् ब्यवसाय सञ्चालकबाट ब्यवस्थापन गरिएको छ। गाउँपालिकाले फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरी यसको नियमन कार्यलाई प्राथमिकता दिनुपर्नेछ। फोहोरमैला विसर्जन सम्बन्धमा घरघरमै व्यवस्थापन गर्ने गरिएको र हालसम्म फोहोरको परिमाण थोरै हुँदा फोहोरमैला विसर्जनको ठूलो समस्या देखिएको छैन। तर सहरीकरण हुँदै गएका बजार केन्द्रहरूमा यो क्रमश समस्याको रुपमा बढ्ने देखिन्छ।

### ६.२.२ समस्या तथा चुनौति

गाउँपालिकाका लागि ठूलो समस्या भनेको फोहोर उत्पादन हुने घरपरिवारको संख्या बढ्दै जानु र ल्यान्डफिल्ड साइटको दिगो ब्यवस्थापन गर्न नसक्नु हो। यस्तो अवस्थामा दैनिक विसर्जन हुने फोहोरमैलाको स्थानीय समुदायको सकृय सहभागितामा सकेसम्म स्रोतमै कम गर्ने, पुन उपयोगमा ल्याउने सकिने फोहरमैला उपयोगमा ल्याउने र त्यसो गर्दा पनि बाँकी रहने फोहरमैला मात्र ल्याण्डफिल साइटमा लैजाने नीतिको अवलम्बन गरी दिगो व्यवस्थापन गर्न आवश्यक छ। जनचेतनाको कमी, ल्याण्डफिल साइटका लागि उपयुक्त जग्गा र पूर्वाधार विकास र दिगो सञ्चालनका लागि स्रोतको कमी आदि यस क्षेत्रका मुख्य चुनौतिका रूपमा रहेका छन्। स्रोतमै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिएर ल्यान्डफिल्ड साइटको प्रयोग न्यूनीकरण गर्दै लैजाने अवसर भए पनि यो अवसरको उपयोग गर्ने कार्य सहज देखिदैन।

### ६.२.३ सोच

फोहोरको वैज्ञानिक ब्यवस्थापन, शहिद लखनको अभियान"

### ६.२.४ लक्ष्य र उद्देश्य

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्नु।
२. फोहोरको वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन गरी अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु।

### ६.२.५ रणनीति

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने।
२. आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन सम्बन्धी प्रक्रियाबारे आम नागरिकलाई सहभागि गराउने।
३. फोहोरमैला प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| ल्यान्डफिल्ड साइट | संख्या | ० | ० | १ | १ | १ |
| फोहोर संकलन साधन | संख्या | १ | १ | २ | २ | २ |
| आधुनिक सरसफाइ सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ३० | ३० | ४५ | ५५ | ६५ |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९० | ९० | ९५ | ९७ | ९८ |
| स्रोतमानै फोहर वर्गीकरण, व्यवस्थापन गर्ने परिवार | प्रतिशत | २० | २० | ३० | ४० | ५० |

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| ल्याण्डफिल साइटको क्षेत्रफल | रोपनी | ० | ० | ५ | ५ | ५ |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २५० | १२५ | १२५ | ० | ० | ० | २५० | ० |
| २०८१/८२ | २७१ | १३६ | १३६ | ० | ० | ० | २७१ | ० |
| २०८२/८३ | २८२ | १४१ | १४१ | ० | ० | ० | २८२ | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र/ कार्यक्रम / आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | फोहरमैला ब्यवस्थापन तथा स्वस्थ घर कार्यक्रम | वातावरणीय सरसफाई प्रवर्द्धन गर्नु खुलादिशा तथा दुर्गन्ध रहित समुदाय विस्तार गर्नु | ०८०/८१ देखि २०८२/८३ सम्म | ३०० | १० वटा वस्तीमा वातावरणीय सरसफाईमा सुधार आएको हुनेछ। |
| २ | नदि, पोखरी संरक्षण, नदि नियन्त्रण, पुर्ण सरसफाई, फोहरमैला ब्यवस्थापन सालवसाली कार्यक्रम | ताल संरक्षण, नदि नियन्त्रण तथा बस्ती तथा जमनीको संरक्षण गर्नु तथा फोहरमैला ब्यवस्थापन गरी स्वच्छता कायम गर्नु | सालबसाली | ५०३ | नदि संरक्षण भएको हुनेछ तथा फोहरमैला ब्यवस्थापन भई स्वच्छता बृद्धि भएको हुनेछ। |

### ६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

फोहोरमैला ब्यवस्थापन सम्बन्धी नीतिगत ब्यवस्था भई दक्ष मानव संशाधन परिचालन गरी फोहरमैला ब्यवस्थापन हुन सक्नेछ। फोहरमैला जस्तो दैनिक जीवनमा विगत देखि चल्दै आएको आनीवानी तथा मानवीय ब्यवहार परिवर्तनमा आउने जटिलताका कारण समयमा सरल ढंगले कार्यान्वयन भई हाल्न कठिन हुने जोखिम रहन सक्छ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

यस गाउँपालिकामा २०७२ सालको भूकम्पले करिब ९० प्रतिशत घरहरु क्षतिग्रस्त भएकोमा करिब ९५ प्रतिशतको पुननिर्माण सम्पन्न भैसकेको छ। यद्यपि बढ्दो अव्यवस्थित बसोबास तथा शहरीकरण, गरिबी तथा जनचेतनाको कमी, कमजोर भौतिक संरचना निर्माण, सूचनामा सहज पहुँचको कमी र प्रभावकारी विपद् पूर्वतयारी हुन नसक्दा यस गाउँपालिकामा पनि विपद व्यवस्थापनको चुनौति समेत बढेको देखिन्छ।

यस गाउँपालिकामा रहेका ठुला साना पहिरोहरू जस्तै अमिलेपानी पोखरी रिकथाप (५० घर समस्यामा), ढाक चौतारी पहिरो, लुधीखोला पहिरो, जलदेबी मा वि को ठुलोपहिरो, खत्री सोहहाते पाखोपहिरो, पट्टिरेनी पाखो पहिरो, नामरुङ थान, पिपालछाप पहिरो, तिनघरे पहिरो, अंधेरी नेवार वस्तीको पहिरो, तोरेन प्रा वि पहिरो, खत्री तल्लो गाउँ पहिरो, खत्री बैरेणि

चौर पहिरो, र वडा नं ९ को सानो पहिरो समेत गरी १२ वटा पहिरोले जोखिम सिर्जना गरेको छ। जलवायु परिवर्तनका कारण हावाहुरी, चट्याङ, खडेरी, असिना, पहिरो जस्ता प्रकोपका घटना पनि हुने गरेका छन् र यिनको नकारात्मक असर जनजीविकाका आधारहरु कृषि, वन, जैविक विविधता, भौतिक पूर्वाधारका क्षेत्रमा पर्ने गरेको छ। परिणामस्वरूप हरेक वर्ष जनधन, जीविकोपार्जन र भौतिक संरचनाहरूमा क्षति पुग्ने गरेको छ। सन् २०२१ मा वन तथा वातावरण मन्त्रालय तयार गरेको संकटासन्नता तथा जोखिम विश्लेषण अध्ययनले नेपालको समग्र संकटासन्न विश्लेषण अनुसार गोर्खा जिल्ला अति उच्च जोखिममा रहेको देखाएको छ।

गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन भई कोभिड-१९, तथा अन्य सा-साना आउने विपद् कार्यको व्यवस्थापन गर्ने गरिएको छ। दुई वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति समेत गठन भएको छ।

### ६.३.२ समस्या तथा चूनौति

जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धी यथार्थ तथ्यांक उपलब्ध नहुनु, यस सम्बन्धी स्थानीय नीति, कानून र मापदण्ड तर्जुमा हुन नसक्नु, जीविकोपार्जनका लागि प्राकृतिक स्रोतहरू र वर्षातको पानीमा अधिक निर्भर रहनु, जलवायु परिवर्तनको कारण अतिबृष्टि हुनु र खडेरी पर्नु, बाढी, पहिरो, खडेरी, हावाहुरी, मानव रोगको महामारी, असिना, चट्याङ, कृषिमा रोग किरा र मिचाहा प्रजाति जस्ता प्रकोपहरूले स्थानीय स्तरमा प्रत्यक्ष रूपमा असर परेको महसुस हुनु, स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्य योजना लागू गर्न प्राविधिक जनशक्ति र आर्थिक स्रोतको कमी भइ वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य हेर्ने सम्पर्क व्यक्ति न तोकिनु तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरु व्यवस्थित कार्य योजना बनाई कार्यान्वयन हुन नसक्नु, जंगलमा आगलागी, चट्याङ आदिका घटनामा वृद्धि हुनु, खहरे खोला भएको कारणले कटान तथा भूक्षयको जोखिम रहनु, स्थानीय वातावरण समितिको क्षमता कमजोर रहनु बर्षेनी प्राकृतिक तथा गैरप्राकृतिक विपद्ले जीउ धनका साथै, सार्वजनिक निजी सम्पत्ति, भौतिक संरचनाहरू समेत प्रभावित हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

स्थानीयस्तरमा जलवायु परिवर्तन सम्बन्धी आधिकारिक तथ्यांक कायम गर्नु, स्थानीय जलवायु अनुकूलन कार्ययोजना लागू गर्नु, जलवायु अनुकुलन सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, जलवायु परिवर्तन अनुकूलन संरचना निर्माण गर्नु, कृषि तथा वन क्षेत्रमा जलवायु अनुकूलन प्रविधिको उपयोग बढाउनु, जलवायु परिवर्तनबाट हुने क्षति कम गर्नु, जलवायु परिवर्तनको असरबाट प्रभावित गरिब, विपन्न, महिला, बालबालिका, वृद्धवृद्धाहरू, साधन स्रोतमा कम पहुँच भएका घरधुरीलाई सेवा र टेवा दिनु र खेतबारीमा रासायनिक मलको प्रयोग निरुत्साहित गरी जैविक प्रविधिको उपयोग बढाउनु, गाउँपालिकामा विपद् पूर्वानुमान, पूर्व चेतावनी प्रणाली विकास गरी कार्यान्वयन गर्नु आदि चुनौति देखिएका छन्।

### ६.३.३ सोच

"विपद न्युनीकरण र व्यवस्थापनमा सवल र सक्षम शहिद लखन"

### ६.३.४ उद्देश्य

१. प्रभावकारी विपद् व्यवस्थापन गरी विपद्जन्य क्षति न्यूनीकरण गर्नु।
२. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व चेतावनी प्रणाली अवलम्वन गर्नु।
३. गाउँपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्नु ।

### ६.३.५ रणनीति

१. प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने,
१. विपद् रोकथाम, पूर्वतयारी र दुरत प्रतिकार्य मार्फत् क्षति न्यूनीकरण गर्ने।
३. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी विपद् व्यवस्थापलको सवलीकरण गर्ने र विपदबाट हुने क्षति घटाउने।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | ० | ० | | | |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ४० | ४० | ६० | ८० | १०० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | ० | ० | | | |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ३० | ३० | ४० | ४० | ५० |
| विपद् व्यवस्थापन कोष रकम | रु. हजार | १५०० | १५०० | २००० | २५०० | ३००० |
| कोभिड १९ विरुद्धको दुई मात्रा खोप प्राप्त गर्ने जनसंख्या | प्रतिशत | ५५ | ७५ | ८० | ८५ | ८८ |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २००० | ८०० | १२०० | ० | ० | १३३५ | ६६५ | ० |
| २०८१/८२ | २१६८ | ८६७ | १३०१ | ० | ० | ० | २१६८ | ० |
| २०८२/८३ | २२५३ | ९०१ | १३५२ | ० | ० | ० | २२५३ | ० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र/ कार्यक्रम / आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् पुर्वतयारी जोखिम न्यूनीकरण, उद्दार, राहत तथा जलवायु परिवर्तन अनुकुलन सालबसाली कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | ६४२१ | विपदबाट हुने क्षतिमा वार्षिक २० प्रतिशत कमी आउनेछ। |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने र आवश्यक मानवीय श्रोत परिचालन गरी विपद न्यूनीकरणको लक्ष्य हासिल गर्न सक्ने अनुमान गरिएको छ। मानवीय कारणले हुने विपद बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ। वाढी र ढुवान लगायत प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद पर्न सक्ने जोखिम रहन्छ।

## परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

स्थानीय सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जन उत्तरदायी र सहभागितामूलक वनाउंदै गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधामा नागरिकको समान र सहज पहुँच स्थापित गर्न सुशासन जरूरी हुन्छ । संविधानले स्थानीय सेवाको व्यवस्थापन र नागरिकको दैनिक आवश्यकताका सेवा प्रवाह, विकास निर्माणका कार्य जिम्मेवारी स्थानीय तहको अधिकार क्षेत्रमा समावेश गरेको छ ।

गाउँपालिकाले आफ्नो कार्य व्यवस्थापन गर्न कनून नीति निर्देशिका कार्यविधिहरु निर्माण गरेको छ । यसै गरि गाउँपालिकाको शाखाहरु र सात वटा वडा कार्यालय सहितको संगठनात्मक संरचना स्वीकृत भई आवश्यक दरवन्दी कायम भएको छ । गाउँपालिकाले गाउँपालिका कार्यालय र सात वटा वडा कार्यालय मार्फत सेवा सञ्चालन गरी आएको छ । गाउँपालिकाले प्रदान गरेको सेवा सन्तुष्टि ३५ प्रतिशत रहेको छ । गाउँ कार्यपालिकामा जम्मा १५ निर्वाचित प्रतिनिधिहरू र गाउँ सभामा ३९ निर्वाचित प्रतिनिधि रहनुका साथै कार्यपालिका र सभाका समितिहरू गठन भएका छन ।

गाउँपालिकामा स्थानीय सञ्चित कोष स्थापना भई सुत्र (SuTRA) मा आधारमा वित्तीय कारोवार सञ्चालन भइरहेको छ । व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, वस्तुगत विवरण संकलन आदि कार्य विद्युतीय प्रकृयाबाट “एप्स” हरू प्रयोग गरी सम्पादन गरी आएको छ । पालिकामा आर्थिक कारोवारका निमित्त वाणिज्य वैंकको स्थापना भएको छ । गाउँपालिकाले सेवाग्राहीको गुनासो सुनुवाइ गर्न उजुरी पेटिका, गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकृत लगाएतका संस्थागत प्रबन्धहरु समेत गरेको छ ।

### ७.१.२ समस्या तथा चूनौति

गाउँपालिका र वडाको आफ्नै भवन नहुनु, दरवन्दी अनुसार पदपूर्ति नहुनु, कर्मचारीहरूमा स्थायित्वको कमी, वैयक्तिक, संगठनात्मक र सस्थागत क्षमता कमजोर हुनु, कमजोर इन्टरनेट सुविधा, समितिहरू क्रियाशील नहुनु, साविकका गाविसहरूको तथ्यांक अभिलेख प्राप्त नहुनु, नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक एवं सामाजिक परीक्षण नियमित नहुनु, स्थानीय राजपत्र प्रकाशन नहुनु, राजस्व क्षमता कमजोर हुनु, आदि प्रमुख समस्या हुन ।

आवश्यकतानुसार कर्मचारीको व्यवस्थित गर्नु, विभिन्न वडा कार्यालयहरू सँग विद्युतीय सञ्जाल कायम गर्नु, आन्तरिक राजस्व वढाउनु, सेवा र विकास कार्यक्रमको गुणस्तर कायम गर्नु, सूचना तथा अभिलेखहरूलाई विद्युतीय प्रणालीमा आवद्ध गर्नु, योजना अनुशासनको पालना र गुणस्तरीय कार्यसम्पादन गर्नु आदि प्रमुख चुनौती रहेका छन् ।

### ७.१.३ सोच

“मितव्ययी, पारदर्शी, प्रभावकारी सेवा, परिणाम उन्मुख नतिजा”

### ७.१.४ उद्देश्य

१. स्थानीय सेवा सुविधामा नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्दै सुशासन कायम गर्नु ।
२. सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, पारदर्शी र न्यायोचित बनाउनु ।

### ७.१.५ रणनीति

१. विधि र प्रक्रियामा आधारित शासन व्यवस्था स्थापना गर्ने
२. सार्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिता कायम गरि समन्यायिक वितरण प्रर्णलीको विकास गर्ने
३. कार्यमूलक संगठन संरचना निर्माण गरी कार्य सम्पादन प्रणालीलाई संस्थागत बनाउने ।
४. सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सुलभ, सरल र सहज बनाउने ।
५. गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ३० | ४० | ५० | ६० | ६५ |
| स्वीकृत नीति, कानून र कार्यविधि | संख्या | ६२ | ७९ | ८९ | ९९ | ११० |
| १. नीति | विषय | २ | २ | ३ | ४ | ५ |
| २. ऐन | विषय | २५ | २७ | ३० | ३२ | ३५ |
| ३. नियम तथा विनियम | विषय | ३ | ४ | ६ | ८ | १० |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | विषय | ३२ | ४६ | ५० | ५५ | ६० |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | ३ | ४ | ५ | ७ | ८ |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ९०० | ८५५ | ४५ | ० | ९०० | ० | ० | ० |
| २०८१/८२ | ९७६ | ९२७ | ४९ | ० | ९७६ | ० | ० | ० |
| २०८२/८३ | १०१४ | ९६३ | ५१ | ० | १०१४ | ० | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र/ कार्यक्रम / आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नीति कानुन शुसाशन तथा न्याय प्रवर्धन कार्यक्रम | स्थानीय शासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | २८८९ | नीति, कानून तथा कार्यविधि तर्जुमा तथा परिपालनामा ६० प्रतिशतले वृद्धि हुनेछ। |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

न्यायिक समिति तथा मेलमिलाप केन्द्रको माध्यमबाट साना विवादहरु सजिलै छोटो समयमा कम खर्चिलो तरिकाबाट समाधान भएको हुने छ। विवादको वैकल्पिक समाधानको उपाएलाई नागरिकले रोजेर सेवा छरितो रुपमा प्राप्त गर्नेछन्। न्यायिक समितिको कार्यबोझ र विवादको जटिलताको कारण समयमा मेलमिलाप वा निरुपणबाट विवाद समाधान नहुने जोखिम रहन सक्छ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

हाल गाउँपालिकाले दिने सेवाहरु आफ्नै प्रशासनिक कार्यालय भवनबाट दिदै आएको छ। प्रशासनिक सेवालाई थप प्रभावकारी र स्तरीय बनाउन नयाँ प्रशासनीक भवन निर्माणाधिन अवस्थामा रहेको छ। जुन सरसफाई तथा सवारी पार्कीङ्ग, सुरक्षा र समावेशीकरणको दृष्टिकोणले उपयुक्त र सुरक्षित देखिन्छ। यसका अतिरिक्त गाउँपालिकाका ९ वटै वडा कार्यालयहरू आफ्नै भवनबाट कार्यालय सञ्चालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भइरहेको छ।

गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरी वडामा समेत प्रयोगमा ल्याइएको छ । हाल गाउँपालिकामा विषय क्षेत्रगतसमेत १४९ जना कर्मचारी कार्यरत रहेका छन् । सेवा प्रबाहका लागि आवश्यक आधाभूत नीति, कानून, कार्यविधिहरु स्वीकृत भएका छन् भने सेवा प्रवाहमा सहजीकरणका लागि सूचना प्रविधिमा आधारित पद्धति उपयोगमा ल्याइएको छ ।

### ७.२.२ समस्या तथा चूनौति

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति सुधारात्मक देखिन्छ । गाउँपालिका तथा वडा कार्यालयहरुले मासिक रुपमा खर्च सार्वजनिक गर्ने परिपाटीलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ । संस्थागत स्वमूल्यांकन कार्ययोजना तथा क्षमता विकास योजनालाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको सेवा व्यवस्थापन प्रक्रिया प्रभावकारी हुन थप सुधार गर्नुपर्ने छ ।

### ७.२.३ सोच

“पारदर्शी, उत्तरदायी र सूचना प्रविधिमा आधाारित चुस्त शासन तथा सेवा प्रवाह”

### ७.२.४ उद्देश्य

१. स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु ।

### ७.२.५ रणनीति

१. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने,
२. गाउँकार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने,
३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको वास्तविक उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | १२८ | १४९ | १५५ | १५५ | १५५ |
| गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | ६८ | ८७ | ९० | ९० | ९० |
| गाउँपालिका तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ३० | ४० | ५० | ६० | ६५ |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | प्रतिशत | ४० | १०० | १०० | १०० | १०० |
| संस्थागत स्वमूल्यांकनको प्राप्तांक प्रतिशत | प्रतिशत | ६६.७५ | ८३.७५ | ८५ | ९० | ९५ |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १८५९४५ | १८२२२६ | ३७१९ | ० | १७५९८८ | ९९५७ | ० | ० |
| २०८१/८२ | २०१५९६ | १९७५६४ | ४०३२ | ० | १८१२१७ | २०३७९ | ० | ० |
| २०८२/८३ | २०९४२३ | २०५२३५ | ४१८८ | ० | १८६९८० | २२४४३ | ० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र/ कार्यक्रम / आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्यसम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | ५९६९६४ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ। |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

गाउँपालिकाले प्रदेश, संघ तथा सरोकारवालाहरुको सहकार्यमा स्थानीय नीति र कानून तर्जुमा, दक्ष मानव संशाधनको सीप र दक्षतामा अभिबृद्धि गरी अपेक्षित नतिजा हासिल हुनेछ। स्थानीय सरकारमा वृत्ति तथा क्षमता विकास र उत्प्रेरणाको कमीका कारण कर्मचारीको कार्यसम्पादनबाट अपेक्षित नतिजा आउन नसक्ने पनि जोखिम रहन सक्छ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गर्ने गरिएको छ। गाउँपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सवलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै गएको छ। गाउँपालिकाले २ बर्ष अघी नै राजश्व सुधार योजना तयार गरेको छ। उक्त राजश्व सुधार योजनालाई बार्षिक अद्यावधिक गर्ने र राजश्व परामर्श समितिको बैठकबाट हरेक बर्ष पुष मसान्त भित्रमा आगामि बर्ष राजश्व प्रक्षेपण गर्नूपर्ने ब्यवस्थालाई निरन्तरता दिइएको छ। विगत ३ बर्षमा आन्तरिक आयको मात्रामा उतार चढाव देखिन्छ। तर राजश्वको दर दायरा तथा प्राकृतिक श्रोतको नियन्त्रणका आधारमा आगामि तीन बर्षका लागि क्रमस १ करोड ८८ लाख, २ करोड ११ लाख र २ करोड ३२ लाख मात्र आन्तरिक राजश्व प्रक्षेपण गरिएको छ।

### ७.३.२ समस्या तथा चूनौति

गाउँपालिकाको राजस्व संकलनको सम्भावना प्रचुर रहे तापनि आवश्यक सूचना प्रविधिमैत्री राजस्व संकलन व्यवस्था, कार्यविधि तथा मापदण्ड, कर्मचारीको अभाव जस्ता कारणले गर्दा सम्भावनाको अधिकतम राजस्व संकलन लक्ष्य प्राप्त गर्न समस्या देखिएको छ। राजश्व लक्ष्य प्राप्त गर्न गर्नुपर्ने अभियान तथा प्रचारात्मक कार्यहरु निरन्तरता दिनुपर्ने भएको छ।

### ७.३.३ सोच

“हाम्रो गाउँ, हाम्रो कर, समृद्ध बनाउने हाम्रो रहर”

### ७.३.४ उद्देश्य

१. आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु,

### ७.३.५ रणनीति

१. राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोत परिचालनमा जोड गर्ने,
२. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र सङ्घीय सरकारका निकायहरूसँग समन्वय र साझेदारीको विकास गर्ने।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु.हजार | २५ | २७ | २६ | २७ | २८ |
| बार्षिक आन्तरिक आय रकम | रु.लाखमा | २४०८ | २३३९ | २०७३ | २०७९ | २०९५ |
| कुल बार्षिक बजेट | रु.लाखमा | ६९०४ | ७३५० | ७१०८ | ७३८७ | ७६०२ |
| बेरुजु रकम | करोड | ४.१५ | ४.४२ | ३.५ | ३ | २.५ |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ७०० | ६३० | ७० | ० | ० | ७०० | ० | ० |
| २०८१/८२ | ७५९ | ६८३ | ७६ | ० | ० | ७५९ | ० | ० |
| २०८२/८३ | ७८८ | ७१० | ७९ | ० | ० | ७८८ | ० | ० |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र/ कार्यक्रम / आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | राजस्व सुचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र | सालबसाली | २२४७ | इ ट्याक्स सिस्टम लागु भई आन्तरिक आय तथा राजस्वमा बार्षिक रुपमा २० प्रतिशतले वृद्धि हुनेछ। |

### ७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान

प्रचलित कानुन तथा स्थानीय आवश्यकताको आधारमा प्रगतिशील करको दर तय गरी राजस्व संकनल बृद्धि गर्न सकिने। स्थानीय बासिन्दामा कर तथा शुल्क वाध्यकारी अवस्थामा बाहेक अरु बेला सालवसाली रुपमा मात्र तिर्ने वानी भएकोले लक्ष्य अनुसारको राजश्व संकलन गर्न नसकिने जोखिम रहन सक्छ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

गाउँपालिकाको समष्टिगत विकासलाई मार्गदर्शन गर्न शहिद लखन गाउँपालिकाको प्रथम आवधिक योजना दस्तावेज तर्जुमा प्रकृयामा रहेको छ। साथै आवधिक योजनाका आधारमा आयोजना वैंक तयार गर्ने र यसै आर्थिक बर्षदेखि मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा स्रोत सुनिश्चित गर्र्ने र मध्यमकालीन खर्च संरचना अनुसार बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामुखी विकास पद्धति कार्यान्वयनमा ल्याउन प्रकृया अगाडि बढाईएको छ।

विकासलाई एक निश्चित सोच, लक्ष्य तथा उद्देश्य तर्फ डोर्याउन योजनावद्ध विकास आवश्यक पर्छ भने तथ्य परक योजना तर्जुमाको लागि व्यवस्थित तथ्याङ्क प्रणालीको विकास आवश्यक पर्छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ ले पनि स्थानीय तहले विभिन्न किसिमका योजना बनाई कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख गरेको छ। विगतका ६ वटा गाउँपालिकाको पुन सम्रचना भई नयाँ गठित गाउँपालिका भएकोले यसको लागि यो आवधिक योजना तर्जुमा नयां अभ्यास

हो । यो योजना आन्तरिक तथा वाह्य स्रोत परिचालन र वार्षिक योजना तर्जुमाको आधार तथा भविष्यका आवधिक तथा रणनीतिक योजनाको पथ प्रदर्शक हुने अपेक्षा गरिएको छ ।

गाउँसभाबाट न्यायिक समिति, विद्यान समिति, सुशासन समिति र कार्यपालिकाबाट राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, लगायत विषयगत समिति गठन भई तत्सम्बन्धी विषयमा क्रियाशील उन्मुख छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने पुर्वतयारी भईरहेको छ ।

७.४.२ समस्या तथा चूनौति

तथ्याङ्कको कमी, योजनागत अनुभवको कमी, दक्ष जनशक्तिको अभाव, पर्‍याप्त नीतिगत एवं कानूनी व्यवस्थाको अभाव, कमजोर संस्थागत पूर्वाधार, अन्तर सरकार र अन्तर निकाय वीच समन्वयको कमी आदि यस क्षेत्रका प्रमुख समस्या हुन ।

तथ्यमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्नु, आवधिक योजना र वार्षिक योजना वीच तादाम्यता कायम गर्नु, प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिचान गर्नु, नतिजामुखी योजना तर्जुमा गर्नु, योजनाको कार्यान्वयन क्षमता वढाउनु, जनताका बढ्दो आकांक्षा व्यवस्थापन गर्नु, सस्थागत क्षमताको विकास गर्नु, निजी क्षेत्रको लगानी आकर्षित गर्नु, विकासमा सबै लिङ्ग, वर्ग र समुदायको समतामूलक पहुँच स्थापित गर्नु, वाल, महिला, अपाङ्गता एवं वातावरण मैत्री विकास गर्नु, श्रोतको समुचित व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन ।

७.४.३ सोच

"योजनाबद्ध, व्यवस्थित र प्रविधियुक्त शहिद लखन गाउँ"

७.४.४ उद्देश्य

१. तथ्यमा आधारित नतिजामूलक योजना तर्जुमा गर्नु ।
२. योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागिताममूलक तथा नतिजामूलक बनाउनु ।

७.४.५ रणनीति

१. व्यवस्थित तथ्याङ्क तथा सूचना प्रणाली स्थापना गर्ने,
२. जनसहभागितामा आधारित योजनाको तर्जुमा प्रणालीलाई सुदृढ गर्ने,
३. नतिजामुखी योजना प्रक्रिया अवलम्वन गर्ने,
४. नतिजामूलक अनुगमन तथा मूल्याङ्क प्रणाली अवलम्बन गर्ने ।

७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | विषय | ४ | ५ | ८ | १० | १२ |
| गाउँपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ३० | ३० | ३५ | ३५ | ३८ |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ७५ | ७५ | ८० | ८० | ८५ |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ७८ | ८० | ८५ | ८८ | ९० |

७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १७०० | १३६० | ३४० | ० | ० | ० | १७०० | ० |
| २०८१/८२ | १८४३ | १४७४ | ३६९ | ० | ० | ० | १८४३ | ० |
| २०८२/८३ | १९१५ | १५३२ | ३८३ | ० | ० | ० | १९१५ | ० |

### ७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र/ कार्यक्रम / आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | गाउँपालिकाको योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु, | सालबसाली | ५४५८ | आवधिक योजना, विषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तर्जमा तथा अद्यावधिक हुने र सो बमोजिम मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा हुनेछ। |

### ७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

स्थानीय तहलाई प्रदेश, संघ तथा अन्य गैसस, समुदाय, सहकारी र निजी क्षेत्रको समेत समन्वय सहकार्यमा तथ्यांक व्यवस्थापन, दीर्घकालीन तथा अल्पकालीन योजना निर्माण र त्यसको उचित ब्यवस्थापन सम्बन्धी तालिम, अभिमुखिकरण तथा विज्ञता सहयोग प्राप्त हुन सक्नेछ। स्थानीय तहको कार्यक्षेत्र तथा काम कर्तब्य अधिकारका क्षेत्र असिमित भएकाले तथ्यांक व्यवस्थापन, दीर्घकालीन तथा मध्यमकालीन योजना र नतिजामूलक विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यलाई संस्थागत गर्न समय लाग्न सक्छ। निरन्तर नौलो अभ्यासहरु गर्दा त्रुटी हुने जोखिम रहन्छ।

## अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क्र.सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २ | प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा | सदस्य |
| ३ | प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| ४ | प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| ५ | प्रमुख,  प्रशासन शाखा | सदस्य |
| ६ | प्रमुख, सामाजिक विकास शाखा | सदस्य |
| ७ | प्रमुख, कृषि विकास शाखा, | सदस्य |
| ८ | प्रमुख, पशु सेवा शाखा | सदस्य |
| ९ | प्रमुख, पूर्वाधार विकास तथा भवन नियमन शाखा | सदस्य |
| १० | प्रमुख, वन, वातावरण तथा विपद व्यवस्थापन उपशाखा | सदस्य |
| ११ | प्रमुख, सूचना प्रविधि उपशाखा | सदस्य |
| १२ | प्रमुख, राजश्व उपशाखा | सदस्य |
| १३ | प्रमुख, श्रम तथा रोजगार शाखा | सदस्य |
| १४ | प्रमुख, सामाजिक सुरक्षा पञ्जीकरण उपशाखा | सदस्य |
| १५ | प्रमुख, उद्योग शाखा | सदस्य |
| १६ | प्रमुख, योजना तथा अनुगमन शाखा | सदस्य सचिव |

## अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

### पृष्ठभूमि

नेपालमा संङ्घीय शासन व्यवस्थाको अभ्याससँगै स्थानीय सरकार संचालन, सेवा प्रवाह र विकास नतिजाका संरचनागत एवम् व्यवस्थापकीय क्षेत्रमा उपलब्धिमूलक कार्यहरू भएका छन् । जसबाट स्थानीय शासन सञ्चालन, सेवा प्रवाह र विकास उपलब्धी हासिल गर्ने गति तिब्र बनाउँदै जनअपेक्षालाई सम्बोधनका लागि अनुकूल वातावरण बन्दै गएको छ । स्थानीय सरकारहरूले अन्तर–सरकार, नीजि क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यलाई प्रभाबकारी बनाउँदै लगेका छन् ।

जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थानीय सरकारले हरित, उत्थानशील, समावेशी र दिगो विकासको लक्ष्य प्राप्तिलाई मध्यनजर गर्दै नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन वस्तुपरक ढंगले विकासको मार्गचित्र तयार गर्नु जरुरी देखिन्छ । संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार स्थानीय सरकारहरूले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरू अगाढी बढाउनु आवश्यक छ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक, सांस्कृतिक तथा प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनावद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक छ । स्थानीय सरकारले विकास प्रक्रियालाई निदृष्ट गन्तब्यतर्फ उन्मुख गराइ अपेक्षित उपलब्धि हासिल सहभागितामूलक तथा समावेशी विकासको अवधारणाबमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्न आवश्यक छ । आवधिक तथा विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको चाहना सम्बोधन गर्नुपर्दछ । योजनाले उपलब्ध हुने सक्ने सम्भाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको विचमा रहने खाडलको पूर्तिलाइ सुनिश्चित गर्न सक्नु पर्दछ ।

कानूनी रूपमा हेर्दा अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक बर्षको असार १० गतेभित्र आगामी आर्थिक बर्षको राजस्व र व्ययको पूर्वानुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । यसै गरी उपदफा (५) ले राजस्व र व्ययको पूर्वानुमान नेपाल सरकारले तोकेको मापदण्डअनुसार हुनुपर्ने व्यवस्था गरेको छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शिर्षकहरूको वर्गीकरण र एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्न समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ । दिगो विकास लक्ष्य प्राप्तिलाई केन्द्र विन्दुमा राखी व्यवस्थित, प्रभावकारी र नतिजामूलक रूपमा मध्यमकालीन खर्च संरचना समेत आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा स्थानीय विषयगत समिति पदाधिकारी, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रियाबमोजिम यस मार्गदर्शनअनुसार आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्नुपर्नेछ ।

### कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

शहिद लखन गाउँपालिकाको चालु आर्थिक बर्ष २०७९/८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट कोभिड १९ पश्चातको अवस्था र विश्वव्यापी रूपमा देखापरेको आर्थिक मन्दीका बावजुद प्रदेश तथा सङ्घीय सरकार, निजी, सहकारी र गैर सरकारी क्षेत्र तथा विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य तथा कार्ययोजना अनुसार कार्यान्वयन गर्ने प्रयास भैरहेको छ ।

स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरू सम्पन्न भएका छन् भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन् । बजेट तथा कार्यक्रम कार्यान्वयनको समयतालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजाअनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्यानुभव, सीप तथा क्षमता र कार्यविधिको कमी महशुस गरिएको

छ । आगामी बर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखी नै कार्यान्वयन कार्ययोजना, खरिद योजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नु पर्ने सिकाई समेत भएको छ । आवधिक योजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक बर्षको प्रमुख कार्यक्रम, आयोजना तथा क्रियाकलाप कार्यान्वयनको अवस्था र हालसम्मको उपलब्धी समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि यथासम्भव आयोजना र कार्यक्रमगत रूपमा नभएमा उप–क्षेत्रगत रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्नेछ ।

**योजना तथा बजेट तर्जुमाका आधारहरू**

नेपालको संविधानले तिनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरूप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो । संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो । तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न गाउँपालिका निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय/शाखाका कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्तिहरू बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ । मध्यमकालीन खर्च संरचनामा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछः

- नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०)
- गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली
- प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४: प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)
- स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०)
- अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेदः वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्यवको अनुमान, परिच्छेद ८: वित्तिय अनुशासन)
- आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)
- सावर्जनक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)
- दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)
- दीर्घकालीन सोच तथा पन्ध्रौ योजनाको सान्रदभिक बुँदाहरू
- प्रथम आवधिक विकास योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना
- समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

**बजेट सीमा**

बजेट वर्ष आ.व. २०८०/८१ समेत आगामी ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा उपक्षेत्रगत रूपमा बजेट सीमा निर्धारण गरिएको छ। बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उपक्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्था तथा सोको स्रोत समेत समावेश गरिएको गरिएको छ, जुन देहायअनुसार रहेको छ:

| क्रस | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक बर्ष | बजेट सिमा रु हजारमा | | | | बजेटको श्रोत रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत तथा राजश्व बाँडफाड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| **१** | **आर्थिक विकास** | **२०८।८१** | **३४५२७** | **२२६८०** | **११८४७** | **०** | **०** | **३१२२७** | **३३००** | **०** |
| | | **२०८१।८२** | **३७४३३** | **२४५८८** | **१२८४५** | **०** | **०** | **३३८५५** | **३५७८** | **०** |
| | | **२०८२।८३** | **३८८८७** | **२५५४३** | **१३३४३** | **०** | **०** | **३५१७०** | **३७१७** | **०** |
| क | कृषि खाद्य सुरक्षा तथा सिचाई | २०८०।८१ | २३१४७ | १५०४६ | ८१०१ | ० | ० | २३१४७ | ० | ० |
| | | २०८१।८२ | २५०९५ | १६३१२ | ८७८३ | ० | ० | २५०९५ | ० | ० |
| | | २०८२।८३ | २६०७० | १६९४५ | ९१२४ | ० | ० | २६०७० | ० | ० |
| ख | पशु सेवा | २०८०।८१ | ३२८० | २६२४ | ६५६ | ० | ० | ३२८० | ० | ० |
| | | २०८१।८२ | ३५५६ | २८४५ | ७११ | ० | ० | ३५५६ | ० | ० |
| | | २०८२।८३ | ३६९४ | २९५५ | ७३९ | ० | ० | ३६९४ | ० | ० |
| ग | उद्योग ब्यापार ब्यवसाय | २०८०।८१ | ३००० | २१०० | ९०० | ० | ० | ३००० | ० | ० |
| | | २०८१।८२ | ३२५३ | २२७७ | ९७६ | ० | ० | ३२५३ | ० | ० |
| | | २०८२।८३ | ३३७९ | २३६५ | १०१४ | ० | ० | ३३७९ | ० | ० |
| घ | पर्यटन तथा संस्कृति | २०८०।८१ | १८०० | ५४० | १२६० | ० | ० | १८०० | ० | ० |
| | | २०८१।८२ | १९५२ | ५८५ | १३६६ | ० | ० | १९५२ | ० | ० |
| | | २०८२।८३ | २०२७ | ६०८ | १४१९ | ० | ० | २०२७ | ० | ० |
| ङ | भूमि ब्यवस्था सहकारी तथा वित्तिय व्यवस्था | २०८०।८१ | २४०० | १९२० | ४८० | ० | ० | ० | २४०० | ० |
| | | २०८१।८२ | २६०२ | २०८२ | ५२० | ० | ० | ० | २६०२ | ० |
| | | २०८२।८३ | २७०३ | २१६२ | ५४१ | ० | ० | ० | २७०३ | ० |
| च | श्रम रोजगारी र गरिवि निवारण | २०८०।८१ | ९०० | ४५० | ४५० | ० | ० | ० | ९०० | ० |
| | | २०८१।८२ | ९७६ | ४८८ | ४८८ | ० | ० | ० | ९७६ | ० |
| | | २०८२।८३ | १०१४ | ५०७ | ५०७ | ० | ० | ० | १०१४ | ० |
| **२** | **सामाजिक विकास** | **२०८०।८१** | **२६४१५९** | **२१८४७०** | **४५६८९** | **०** | **०** | **२६००५०** | **४१०९** | **०** |
| | | **२०८१।८२** | **२८६३९३** | **२३६८५९** | **४९५३४** | **०** | **०** | **२८१०७८** | **५३१५** | **०** |
| | | **२०८२।८३** | **२९७५१३** | **२४६०५५** | **५१४५८** | **०** | **०** | **२९१५०३** | **६०१०** | **०** |
| क | शिक्षा कला भाषा तथा साहित्य | २०८०।८१ | १७८२२८ | १५१४९४ | २६७३४ | ० | ० | १७७५९६ | ६३२ | ० |
| | | २०८१।८२ | १९३२२९ | १६४२४५ | २८९८४ | ० | ० | १९२४१२ | ८१८ | ० |
| | | २०८२।८३ | २००७३२ | १७०६२२ | ३०११० | ० | ० | १९९८०७ | ९२५ | ० |
| ख | स्वास्थ्य तथा पोषण | २०८०।८१ | २०३५० | १७२९८ | ३०५३ | ० | ० | १९४०२ | ९४८ | ० |
| | | २०८१।८२ | २२०६३ | १८७५३ | ३३०९ | ० | ० | २०८३६ | १२२७ | ० |
| | | २०८२।८३ | २२९१९ | १९४८२ | ३४३८ | ० | ० | २१५३३ | १३८७ | ० |
| ग | खानेपानी तथा सरसफाई | २०८०।८१ | ८५५० | १७१० | ६८४० | ० | ० | ६९७० | १५८० | ० |
| | | २०८१।८२ | ९२७० | १८५४ | ७४१६ | ० | ० | ७२२५ | २०४४ | ० |
| | | २०८२।८३ | ९६३० | १९२६ | ७७०४ | ० | ० | ७३१८ | २३११ | ० |

| क्रस | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक बर्ष | बजेट सिमा रु हजारमा | | | | बजेटको श्रोत रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत तथा राजश्व बाँडफाड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| घ | महिला बालबालिका सामाजिक समावेशीकरण | २०८०।८१ | ३९५८७ | ३३६४९ | ५९३८ | ० | ० | ३९२७१ | ३१६ | ० |
| | | २०८१।८२ | ४२९१९ | ३६४८१ | ६४३८ | ० | ० | ४२५१० | ४०९ | ० |
| | | २०८२।८३ | ४४५८५ | ३७८९८ | ६६८८ | ० | ० | ४४१२३ | ४६२ | ० |
| ङ | यूवा खेलकुद तथा नवप्रवर्तन | २०८०।८१ | ५००४ | २५०२ | २५०२ | ० | ० | ४३७२ | ६३२ | ० |
| | | २०८१।८२ | ५४२५ | २७१३ | २७१३ | ० | ० | ४६०७ | ८१८ | ० |
| | | २०८२।८३ | ५६३६ | २८१८ | २८१८ | ० | ० | ४७११ | ९२५ | ० |
| च | सामाजिक सुरक्षा पञ्जिकरण | २०८०।८१ | १२४४० | ११८१८ | ६२२ | ० | ० | १२४४० | ० | |
| | | २०८१।८२ | १३४८७ | १२८१३ | ६७४ | ० | ० | १३४८७ | ० | |
| | | २०८२।८३ | १४०११ | १३३१० | ७०१ | ० | ० | १४०११ | ० | |
| **३** | **पूर्वाधार विकास क्षेत्र** | **२०८०।८१** | **१४९८११** | **५६४१** | **१४४१७०** | **०** | **०** | **१२८२३१** | **२१५८०** | **०** |
| | | **२०८१।८२** | **१६२४२१** | **६११५** | **१५६३०५** | **०** | **०** | **१३४७१२** | **२७७०९** | **०** |
| | | **२०८२।८३** | **१६८७२७** | **६३५३** | **१६२३७४** | **०** | **०** | **१३६६७५** | **३२०५२** | **०** |
| क | बस्ती विकास, आवास तथा भवन | २०८०।८१ | ५२५१५ | २६२६ | ४९८८९ | ० | ० | ५०९३५ | १५८० | ० |
| | | २०८१।८२ | ५६९३५ | २८४७ | ५४०८८ | ० | ० | ४९२२६ | ७७०९ | ० |
| | | २०८२।८३ | ५९१४६ | २९५७ | ५६१८८ | ० | ० | ४७०९४ | १२०५२ | ० |
| ख | सडक तथा यातायात | २०८०।८१ | ९४९९६ | २८५० | ९२१४६ | ० | ० | ७४९९६ | २०००० | ० |
| | | २०८१।८२ | १०२९९२ | ३०९० | ९९९०२ | ० | ० | ८२९९२ | २०००० | ० |
| | | २०८२।८३ | १०६९९१ | ३२१० | १०३७८१ | ० | ० | ८६९९१ | २०००० | ० |
| ग | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | २०८०।८१ | १८०० | ९० | १७१० | ० | ० | १८०० | ० | ० |
| | | २०८१।८२ | १९५२ | ९८ | १८५४ | ० | ० | १९५२ | ० | ० |
| | | २०८२।८३ | २०२७ | १०१ | १९२६ | ० | ० | २०२७ | ० | ० |
| घ | सूचना, सञ्चार तथा प्रविधि | २०८०।८१ | ५०० | ७५ | ४२५ | ० | ० | ५०० | ० | ० |
| | | २०८१।८२ | ५४२ | ८१ | ४६१ | ० | ० | ५४२ | ० | ० |
| | | २०८२।८३ | ५६३ | ८४ | ४७९ | ० | ० | ५६३ | ० | ० |
| **४** | **वन तथा वातावरण क्षेत्र** | **२०८०।८१** | **२७५०** | **९७५** | **१७७५** | **०** | **०** | **१८३५** | **९१५** | **०** |
| | | **२०८१।८२** | **२९८१** | **१०५७** | **१९२४** | **०** | **०** | **५४२** | **२४३९** | **०** |
| | | **२०८२।८३** | **३०९७** | **१०९८** | **१९९९** | **०** | **०** | **५६२** | **२५३५** | **०** |
| क | वन, भूसंरक्षण र जैविक विविधता | २०८०।८१ | ५०० | ५० | ४५० | ० | | ५०० | ० | ० |
| | | २०८१।८२ | ५४२ | ५४ | ४८८ | ० | | ५४२ | ० | ० |
| | | २०८२।८३ | ५६३ | ५६ | ५०७ | ० | | ५६३ | ० | ० |
| ख | वातावरण तथा फाहोरमैला व्यवस्थापन | २०८०।८१ | २५० | १२५ | १२५ | ० | ० | ० | २५० | ० |
| | | २०८१।८२ | २७१ | १३६ | १३६ | ० | ० | ० | २७१ | ० |
| | | २०८२।८३ | २८२ | १४१ | १४१ | ० | ० | ० | २८२ | ० |
| ग | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | २०८०।८१ | २००० | ८०० | १२०० | ० | ० | १३३५ | ६६५ | ० |
| | | २०८१।८२ | २१६८ | ८६७ | १३०१ | ० | ० | ० | २१६८ | ० |
| | | २०८२।८३ | २२५३ | ९०१ | १३५२ | ० | ० | ० | २२५३ | ० |

| क्रस | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक बर्ष | बजेट सिमा रु हजारमा | | | | बजेटको श्रोत रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत तथा राजश्व बाँडफाड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ५ | **संस्थागत विकास क्षेत्र** | २०८०।८१ | १८९२४५ | १८५०७१ | ४१७४ | ० | १७६८८८ | १०६५७ | १७०० | ० |
| | | २०८१।८२ | २०५१७४ | २००६४८ | ४५२५ | ० | १८२१९३ | २११३८ | १८४३ | ० |
| | | २०८२।८३ | २१३१४० | २०८४३९ | ४७०१ | ० | १८७९९४ | २३२३१ | १९१५ | ० |
| क | नीति, कानून, न्याय तथा सुशासन | २०८०।८१ | ९०० | ८५५ | ४५ | ० | ९०० | ० | ० | ० |
| | | २०८१।८२ | ९७६ | ९२७ | ४९ | ० | ९७६ | ० | ० | ० |
| | | २०८२।८३ | १०१४ | ९६३ | ५१ | ० | १०१४ | ० | ० | ० |
| ख | संगठन, मानव संशाधन र क्षमता विकास | २०८०२८१ | १८५९४५ | १८२२२६ | ३७१९ | ० | १७५९८८ | ९९५७ | ० | ० |
| | | २०८१।८२ | २०१५९६ | १९७५६४ | ४०३२ | ० | १८१२१७ | २०३७९ | ० | ० |
| | | २०८२।८३ | २०९४२३ | २०५२३५ | ४१८८ | ० | १८६९८० | २२४४३ | ० | ० |
| ग | राजस्व तथा श्रोत परिचालन | २०८०।८१ | ७०० | ६३० | ७० | ० | ० | ७०० | ० | ० |
| | | २०८१।८२ | ७५९ | ६८३ | ७६ | ० | ० | ७५९ | ० | ० |
| | | २०८२।८३ | ७८८ | ७१० | ७९ | ० | ० | ७८८ | ० | ० |
| घ | तथ्याङ्क, योजना तथा विकास परिचालन | २०८०।८१ | १७०० | १३६० | ३४० | ० | ० | ० | १७०० | ० |
| | | २०८१।८२ | १८४३ | १४७४ | ३६९ | ० | ० | ० | १८४३ | ० |
| | | २०८२।८३ | १९१५ | १५३२ | ३८३ | ० | ० | ० | १९१५ | ० |
| | **जम्मा** | २०८०।८१ | ६४०४९२ | ४३२८३७ | २०७६५५ | ० | १७६८८८ | ४३२००० | ३१६०४ | ० |
| | | २०८१।८२ | ६९४४०२ | ४६९२६८ | २२५१३४ | ० | १८२१९३ | ४७१३२५ | ४०८८४ | ० |
| | | २०८२।८३ | ७२१३६३ | ४८७४८८ | २३३८७५ | ० | १८७९९४ | ४८७१४१ | ४६२२९ | ० |

## बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष र त्यसपछिका थप दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमाभित्र रही प्रथम आवधिक विकास योजना, विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, आगामी वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट पूर्वानुमान तथा साङ्केतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी तोकिएको समय सीमाभित्र पेश गर्नु हुन अनुरोध छ:

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरूसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ।
२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ।
३. आवधिक योजना तथा विषयक्षेत्र रणनीतिक/गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रमअनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।
४. चालु आर्थिक बर्षमा संचालित स्थानीय गौरव, रूपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट पूर्वानुमान गर्नुपर्नेछ।
५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रूपमा धेरै आयोजना छनौट भन्दा ठोस, उपलब्धीमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरूको छनौट गर्नु पर्नेछ।

६. गाउँपालिकास्तरीय योजना छनौट गर्दा आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानूनअनुसार वातावरण प्रभाब अध्ययन लगायत सम्भाव्यता अध्ययन भई डिजाईन, लागत पूर्वानुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ।

७. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तीकरण, रोजगारी र उद्यमशिलता विकास हुने तथा सामाजिक आर्थिक पुनर्लाभका कार्यक्रमलाई समावेश गर्नु पर्नेछ।

८. स्थानीय तहमा राजस्व अभिवृद्धि गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।

९. कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पु¥याउने कार्यक्रमहरू छनौट गर्नु पर्नेछ।

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।

११. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरू छनौट गर्नु पर्नेछ।

१३. योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ।

१२. भूउपयोग योजना र क्षेत्र, वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ।

१३. बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरूको बचाउ, संरक्षण, विकास र सहभागितासम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

१४. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्नेछ।

१५. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ। महिला, विपडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनौट गर्नुपर्नेछ।

१६. आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाब अध्ययन र सम्भाव्यता अध्ययन, सर्वेक्षण, ड्रइङ्ग तथा डिजाइन समेत लागत पूर्वानुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र सांस्कृतिक रूपमा सम्भाव्यदेखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ। आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाइ प्रस्ताव गर्नु पर्नेछ। यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा संचालन गर्न र बजेट अपुग हुन पाउँदैन।

१७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक बर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ।

१८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र संघ/संस्थासँग राय परामर्श गरी सहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ।

१९. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शनअनुसार आयोजना तथा कार्यक्रमगत र विषयगत उपक्षेत्रअनुसार छुट्टाछुट्टै रूपमा तर्जुमा गर्नुपर्नेछ।

२०. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैससँग साझेदारी गर्न र सोमार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

२१. स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्थाअनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापन, लैंगिक समानता र सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

२२. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेखित ढाँचा तथा फाराममा आयोजना र कार्यक्रम विवरण तयार गर्नुपर्नेछ।

२३. योजना तथा बजेट तर्जुमा गर्दा गाउँपालिकाको स्थिति पत्र (प्रोफाइल) ले लक्षित गरेअनुसारका क्षेत्र तथा सबाललाई सम्बोधन गर्नु पर्नेछ।

...................................

आज्ञाले

बाबुराम मगर

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च, स्रोतको अनुमान, कार्यक्रम आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण

| क्रस | कार्यक्रम आयोजना | आगामी पहिलो आ व २०८०/०८१ को विनियोजन | | | आगामि दोश्रो आ व २०८१/८२ को प्रक्षेपण | | | आगामि तेश्रो आ व २०८२/८३ को प्रक्षेपण | | | सांकेतिकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुंजीगत | कुल | चालु | पुंजीगत | कुल | चालु | पुंजीगत | रणनीतिक स्तम्भ | प्राथमिकिकरण | दिगो विकास लक्ष्य | लैंगिक संकेत | जलवायु संकेत |
| १ | कृषि प्रसार, सिचाई प्रविधि हस्तान्तरण कार्यक्रम | ७००० | ४५५० | २४५० | ७००० | ४५५० | २४५० | ७७३० | ५०२५ | २७०६ | १ | P1 | SDG2 | तटस्थ | सान्दर्भिक |
| २ | कृषि ब्यवाय विकास कार्यक्रम | ७००० | ४५५० | २४५० | ७००० | ४५५० | २४५० | ७०७३ | ४५९७ | २४७६ | १ | P1 | SDG2 | तटस्थ | सान्दर्भिक |
| ३ | सुन्तलाजात फलफूल बाली पकेट विकास | १२०० | ७८० | ४२० | १२०० | ७८० | ४२० | १२०० | ७८० | ४२० | १ | P1 | SDG12 | तटस्थ | सान्दर्भिक |
| ४ | कृषि उपज वजार प्रवर्द्धन, सिचाई मर्मत सम्भार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम | ७९४७ | ५१६६ | २७८१ | ९८९५ | ६४३२ | ३४६३ | १००६७ | ६५४४ | ३५२३ | १ | P1 | SDG2 | तटस्थ | सान्दर्भिक |
| ५ | पशुपक्षी प्रसार र प्रविधि हस्तान्तरण कार्यक्रम | १५०० | १२०० | ३०० | १५०० | १२०० | ३०० | १५०० | १२०० | ३०० | १ | P1 | SDG1 | तटस्थ | सान्दर्भिक |
| ६ | पशुपक्षी व्यवसाय विकास कार्यक्रम | १५०० | १२०० | ३०० | १५०० | १२०० | ३०० | १५०० | १२०० | ३०० | १ | P1 | SDG12 | तटस्थ | सान्दर्भिक |
| ७ | पशुपक्षी उपज बजार प्रवर्द्धन तथा सालवसाल | २८० | २२४ | ५६ | ५५६ | ४४५ | १११ | ६९४ | ५५५ | १३९ | १ | **P1** | SDG1 | तटस्थ | सान्दर्भिक |
| ८ | लघु तथा साना उद्योग विकास कार्यक्रम | २००० | १४०० | ६०० | २००० | १४०० | ६०० | २००० | १४०० | ६०० | ३ | P1 | SDG8 | तटस्थ | सान्दर्भिक |
| ९ | लघु, घरेलु सानाउद्योग बजार प्रवर्द्धन सालवसाली | १००० | ७०० | ३०० | १२५२ | ८७६ | ३७६ | १३७९ | ९६५ | ४१४ | ३ | P1 | SDG8 | सहयोगी | सान्दर्भिक |
| १० | प्रथम शहिद लखन थापा स्मारक क्षेत्र विकास आयोजन | ५०० | १५० | ३५० | ५०० | १५० | ३५० | ५०० | १५० | ३५० | २ | P2 | SDG8 | तटस्थ | सान्दर्भिक |
| ११ | जलकन्या मन्दिर विकास आयोजना | ५०० | १५० | ३५० | ५०० | १५० | ३५० | ५०० | १५० | ३५० | २ | P2 | SDG8 | तटस्थ | सान्दर्भिक |
| १२ | मनकामना क्षेत्र विकास कार्यक्रम | ५०० | १५० | ३५० | ५०० | १५० | ३५० | ५०० | १५० | ३५० | २ | P2 | SDG8 | तटस्थ | सान्दर्भिक |
| १३ | पर्यटन तथा संस्कृति प्रवर्द्धन तथा सालबसाली | ३०० | ९० | २१० | ४५२ | १३६ | ३१६ | ५२७ | १५८ | ३६९ | २ | P1 | SDG8 | तटस्थ | सान्दर्भिक |
| १४ | वित्तिय संस्थ सहकारी प्रवर्द्धन तथा सालवसाल | **२४००** | **१९२०** | **४८०** | **२६०२** | **२०८२** | **५२०** | **२७०३** | **२१६२** | **५४१** | **३** | **P2** | **SDG8** | **सहयोगी** | **तटस्थ** |
| १५ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५०० | २५० | २५० | ५०० | २५० | २५० | ५०० | २५० | २५० | ३ | **P1** | SDG1 | सहयोगी | तटस्थ |
| १६ | सुरक्षित आप्रवासन परियोजना (सामी) | ३०० | १५० | १५० | ३०० | १५० | १५० | ३०० | १५० | १५० | ३ | **P1** | SDG1 | सहयोगी | तटस्थ |
| १७ | रोजगार प्रवर्द्धन सालवसाली कार्यक्रम | १०० | ५० | ५० | १७६ | ८८ | ८८ | २१४ | १०७ | १०७ | ३ | **P1** | SDG1 | सहयोगी | तटस्थ |
| १८ | विद्यालय शिक्षा कार्यक्रम | १७४३०० | १४८१५५ | २६१४५ | १८९२२९ | १६०८४५ | २८३८४ | १९६७०४ | १६७१९८ | २९५०६ | ४ | **P2** | SDG4 | सहयोगी | तटस्थ |

| क्रस | कार्यक्रम आयोजना | आगामी पहिलो आ व २०८/०८१ को विनियोजन | | | आगामि दोश्रो आ व २०८१/८२ को प्रक्षेपण | | | आगामि तेश्रो आ व २०८२/८३ को प्रक्षेपण | | | सांकेतिकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुंजीगत | कुल | चालु | पुंजीगत | कुल | चालु | पुंजीगत | रणनीतिक स्तम्भ | प्राथमिकिकरण | दिगो विकास लक्ष्य | लैंगिक संकेत | जलवायु संकेत |
| १९ | शैक्षिक प्रशासन कार्यक्रम | १५०० | १२७५ | २२५ | १५०० | १२७५ | २२५ | १५०० | १२७५ | २२५ | ४ | P2 | SDG4 | तटस्थ | तटस्थ |
| २० | प्राविधिक तथा व्यवसायिक शिक्षा प्रवर्धन | १००० | ८५० | १५० | १००० | ८५० | १५० | १००० | ८५० | १५० | ४ | P2 | SDG4 | सहयोगी | तटस्थ |
| २१ | प्रारम्भिक बाल विकास कार्यक्रम | १००० | ८५० | १५० | १००० | ८५० | १५० | १००० | ८५० | १५० | ४ | P2 | SDG4 | सहयोगी | तटस्थ |
| २२ | कला तथा संस्कृति संरक्षण र प्रवर्धन कार्यक्रम | ४२८ | ३६४ | ६४ | ५०० | ४२५ | ७५ | ५२८ | ४४९ | ७९ | ४ | P2 | SDG4 | सहयोगी | तटस्थ |
| २३ | आधारभूत स्वास्थ्य सेवा प्रवाह | ५००० | ४२५० | ७५० | ५००० | ४२५० | ७५० | ५००० | ४२५० | ७५० | ५ | P2 | SDG3 | सहयोगी | तटस्थ |
| २४ | स्वास्थ्य तथा पोषण | २५०० | २१२५ | ३७५ | २५०० | २१२५ | ३७५ | २५०० | २१२५ | ३७५ | ५ | P2 | SDG3 | सहयोगी | तटस्थ |
| २५ | आमा सुरक्षा कार्यक्रम | २००० | १७०० | ३०० | २००० | १७०० | ३०० | २००० | १७०० | ३०० | ५ | P2 | SDG3 | निर्दिष्ट | तटस्थ |
| २६ | पोषण कार्यक्रम | २२०० | १८७० | ३३० | २२०० | १८७० | ३३० | २२०० | १८७० | ३३० | ५ | P2 | SDG3 | सहयोगी | तटस्थ |
| २७ | महिला स्वास्थ्य स्वयमसेविका कार्यक्रम | २८०० | २३८० | ४२० | २८०० | २३८० | ४२० | २८०० | २३८० | ४२० | ५ | P2 | SDG3 | निर्दिष्ट | तटस्थ |
| २८ | स्वास्थ्य क्षेत्रको क्षमता अभिबृद्धि कार्यक्रम | ६०० | ५१० | ९० | ६०० | ५१० | ९० | ६०० | ५१० | ९० | ५ | P2 | SDG3 | सहयोगी | तटस्थ |
| २९ | स्वास्थ्य क्षेत्र सुशासन कार्यक्रम | २५०० | २१२५ | ३७५ | २५०० | २१२५ | ३७५ | २५०० | २१२५ | ३७५ | ५ | P2 | SDG3 | सहयोगी | तटस्थ |
| ३० | विपद तथा महामारी ब्यवस्थापन कार्यक्रम | ४०० | ३४० | ६० | ४०० | ३४० | ६० | ४०० | ३४० | ६० | ५ | P2 | SDG3 | सहयोगी | तटस्थ |
| ३१ | परिवार नियोजान, किशोर किशोरी  कार्यक्रम | ४०० | ३४० | ६० | ४०० | ३४० | ६० | ४०० | ३४० | ६० | ५ | P2 | SDG3 | निर्दिष्ट | तटस्थ |
| ३२ | खोप सेवा र CBIMNCI कार्यक्र अन्य सालवसाली कार्यक्रम | १९५० | १६५८ | २९३ | ३६६३ | ३११३ | ५४९ | ४५१९ | ३८४२ | ६७८ | ५ | P2 | SDG3 | तटस्थ | तटस्थ |
| ३३ | वोर्लाङ्गी खानेपानी आयोजना | ३००० | ६०० | २४०० | २००० | ४०० | १६०० | ० | ० | ० | ७ | P1 | SDG6 | सहयोगी | सान्दर्भिक |
| ३४ | बक्रेश्वरी खानेपानी आयोजना | ४००० | ८०० | ३२०० | ५००० | १००० | ४००० | १००० | २०० | ८०० | ७ | P1 | SDG6 | सहयोगी | सान्दर्भिक |
| ३५ | खानेपानी सरसफाइ कार्यक्रम पानी परीक्षण सालबसाली | १५५० | ३१० | १२४० | २२७० | ४५४ | १८१६ | ८६३० | १७२६ | ६९०४ | ७ | P1 | SDG6 | सहयोगी | सान्दर्भिक |
| ३६ | महिला तथा बाल विकास कार्यक्रम | २५००० | २१२५० | ३७५० | २५००० | २१२५० | ३७५० | २५००० | २१२५० | ३७५० | ६ | P1 | SDG5 | निर्दिष्ट | तटस्थ |
| ३७ | अपाङ्गता भएका व्यक्ति संरक्षण कार्यक्रम | १५०० | १२७५ | २२५ | १५०० | १२७५ | २२५ | १५०० | १२७५ | २२५ | ६ | P1 | SDG5 | निर्दिष्ट | तटस्थ |
| ३८ | दलित उत्थान कार्यक्रम | १००० | ८५० | १५० | १००० | ८५० | १५० | १००० | ८५० | १५० | ६ | P1 | SDG10 | निर्दिष्ट | तटस्थ |
| ३९ | आदबासी सिमान्तकृत, अल्पसंख्यक अधिकार प्रवर्द्धन | २००० | १७०० | ३०० | २००० | १७०० | ३०० | २००० | १७०० | ३०० | ६ | P2 | SDG10 | निर्दिष्ट | तटस्थ |

| क्रस | कार्यक्रम आयोजना | आगामी पहिलो आ व २०८/०८१ को विनियोजन | | | आगामि दोश्रो आ व २०८१/८२ को प्रक्षेपण | | | आगामि तेश्रो आ व २०८२/८३ को प्रक्षेपण | | | सांकेतिकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुंजीगत | कुल | चालु | पुंजीगत | कुल | चालु | पुंजीगत | रणनीतिक स्तम्भ | प्राथमिकिकरण | दिगो विकास लक्ष्य | लैंगिक संकेत | जलवायु संकेत |
| ४० | विपन्न वर्ग उत्थान कार्यक्रम | २००० | १७०० | ३०० | २००० | १७०० | ३०० | २००० | १७०० | ३०० | ६ | P1 | SDG10 | निर्दिष्ट | तटस्थ |
| ४१ | महिला बालबालिका तथा अन्य सालबसाली | ८०८७ | ६८७४ | १२१३ | ११४१९ | ९७०६ | १७१३ | १३०८५ | १११२२ | १९६३ | ६ | P1 | SDG5 | निर्दिष्ट | तटस्थ |
| ४२ | एक वडा एक खेलकुद विकास तथा प्रवर्द्धन | **५००४** | **२५०२** | **२५०२** | **५४२५** | **२७१३** | **२७१३** | **५६३६** | **२८१८** | **२८१८** | **६** | **P2** | **SDG10** | **तटस्थ** | **तटस्थ** |
| ४३ | सामाजिक सुरक्षा सेवा केन्द्र सञ्चालन | १५०० | १४२५ | ७५ | १५०० | १४२५ | ७५ | १५०० | १४२५ | ७५ | ६ | P2 | SDG8 | सहयोगी | तटस्थ |
| ४४ | सामाजिक सुरक्षा सुचना सञ्चार पहुँच वृद्धि | १५०० | १४२५ | ७५ | १५०० | १४२५ | ७५ | १५०० | १४२५ | ७५ | ६ | P2 | SDG8 | सहयोगी | तटस्थ |
| ४५ | सामाजिक सुरक्षण क्षमता विकास कार्यक्रम | ९४४० | ८९६८ | ४७२ | १०४८७ | ९९६३ | ५२४ | ११०११ | १०४६० | ५५१ | ६ | P2 | SDG8 | सहयोगी | तटस्थ |
| ४६ | प्रशासकीय भवन निर्माण तथा व्यवस्थापन | २३००० | ११५० | २१८५० | १०००० | ५०० | ९५०० | २००० | १०० | १९०० | ७ | P2 | SDG11 | तटस्थ | तटस्थ |
| ४७ | वडा कार्यालय भवन निर्माण, मर्मत सम्भार | १०००० | ५०० | ९५०० | १०००० | ५०० | ९५०० | १०००० | ५०० | ९५०० | ७ | P2 | SDG11 | तटस्थ | तटस्थ |
| ४८ | सार्वजनिक निर्माण मर्मत सम्भार सालबसाली | १९५१५ | ९७६ | १८५३९ | ३६९३५ | १८४७ | ३५०८८ | ४७१४६ | २३५७ | ४४७८९ | ७ | P2 | SDG11 | तटस्थ | तटस्थ |
| ४९ | लखन थापा मार्ग | १५००० | ४५० | १४५५० | १५००० | ४५० | १४५५० | १५००० | ४५० | १४५५० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ५० | देउराली रानीस्वाँरा तिनघरे चिसापानी सडक | १०००० | ३०० | ९७०० | १०००० | ३०० | ९७०० | १०००० | ३०० | ९७०० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ५१ | अवुवा मनकामना सडक | १०००० | ३०० | ९७०० | १०००० | ३०० | ९७०० | १०००० | ३०० | ९७०० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ५२ | गुर्दुम बक्राङ सडक | १०००० | ३०० | ९७०० | १०००० | ३०० | ९७०० | १०००० | ३०० | ९७०० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ५३ | हटिया तिउरीभञ्ज्याङ भातेचौरबक्रेश्वरी सडक | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ५४ | त्रिवेणी दार्सिङ मनकामना सड | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ५५ | जुम्ली चौतारा राईनास सडक | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ५६ | पोखरीडाँडा काहुलेभङ्गार रिपथोक रामभञ्जयाङ सडक | ५००० | १५० | ४८५० | ५००० | १५० | ४८५० | ५००० | १५० | ४८५० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ५७ | गैरीचौतारा मैलुङ बुङकोटघाट | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ५८ | बर्चुलीथान रामभञ्ज्याङ बुङ्कोटघाट | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ५९ | खाव्दी भञ्ज्याङ तिवारी गाउँ बाहबिसे वेलठाँटी | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ६० | कानटार नाम्जुङ्गटार कुसुमपानी दारसिंह सडक | २००० | ६० | १९४० | २००० | ६० | १९४० | २००० | ६० | १९४० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ६१ | रामशाहघाट कल्लेरी आरुबोट ढाँडबारी सडक | २००० | ६० | १९४० | २००० | ६० | १९४० | २००० | ६० | १९४० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |

| क्रस | कार्यक्रम आयोजना | आगामी पहिलो आ व २०८/०८१ को विनियोजन | | | आगामि दोश्रो आ व २०८१/८२ को प्रक्षेपण | | | आगामि तेश्रो आ व २०८२/८३ को प्रक्षेपण | | | सांकेतिकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुंजीगत | कुल | चालु | पुंजीगत | कुल | चालु | पुंजीगत | रणनीतिक स्तम्भ | प्राथमिकिकरण | दिगो विकास लक्ष्य | लैंगिक संकेत | जलवायु संकेत |
| ६२ | स्याउली बक्राङ्ग तिउरीभञ्ज्याङ्ग सडक | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ६३ | जुम्लीचौतारा बाहुनथोक ठेउवाटार सडक | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ६४ | देउरालीछाप भैसेपोल तोरण सडक | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ३००० | ९० | २९१० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ६५ | सडक पुल निर्माण मर्मत सम्भार  तथा अन्य सालबसाली | १३९९६ | ४२० | १३५७६ | २१९९२ | ६६० | २१३३२ | २५९९० | ७८० | २५२१० | ७ | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ६६ | नविकरणिय उर्जा विद्युतिय/सुधारिएको चुलो सालवसाली | १८०० | ९० | १७१० | १९५२ | ९८ | १८५४ | २०२७ | १०१ | १९२६ | ७ | P2 | SDG7 | तटस्थ | अत्यन्त सान्दर्भिक |
| ६७ | सूचना प्रणाली सफ्टवेयर सञ्चालन, प्रविधि मैत्रि शासन प्रवद्र्धन सालवसाली कार्यक्रम | ५०० | ७५ | ४२५ | ५४२ | ८१ | ४६१ | ५६३ | ८४ | ४७९ | ७ | P2 | SDG16 | तटस्थ | सान्दर्भिक |
| ६८ | वन तथा हरियाली प्रवर्द्धन, नदि नियन्त्रणका लागि उपभोक्ता समिति परिचालन तथा सालबसाली कार्यक्रम | ५०० | ५० | ४५० | ५४२ | ५४ | ४८८ | ५६३ | ५६ | ५०७ | ८ | P2 | SDG15 | तटस्थ | अत्यन्त सान्दर्भिक |
| ६९ | फोहरमैला ब्यवस्थापन तथा स्वस्थ घर कार्यक्रम | १०० | ५० | ५० | १०० | ५० | ५० | १०० | ५० | ५० | ८ | P2 | SDG13 | तटस्थ | अत्यन्त सान्दर्भिक |
| ७० | नदि, पोखरी संरक्षण, नदि नियन्त्रण, पुर्ण सरसफाई, फोहरमैला ब्यवस्थापन सालवसाली कार्यक्रम | १५० | ७५ | ७५ | १७१ | ८६ | ८६ | १८२ | ९१ | ९१ | ८ | P2 | SDG13 | तटस्थ | अत्यन्त सान्दर्भिक |
| ७१ | विपद् पुर्वतयारी जोखिम न्यूनीकरण, उद्दार, राहत (कोष परिचालन) तथा जलवायु परिवर्तन अनुकुलन सालबसाली कार्यक्रम | २००० | ८०० | १२०० | २१६८ | ८६७ | १३०१ | २२५३ | ९०१ | १३५२ | ९ | P2 | SDG13 | तटस्थ | सान्दर्भिक |
| ७२ | नीति कानुन शुसाशन तथा न्याय प्रवर्धन कार्यक्रम | ९०० | ८५५ | ४५ | ९७६ | ९२७ | ४९ | १०१३ | ९६२ | ५१ | १० | P2 | SDG16 | तटस्थ | सान्दर्भिक |
| ७३ | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | १८५९४५ | १८२२२६ | ३७१९ | २०१५९६ | १९७५६४ | ४०३२ | २०९४२३ | २०५२३५ | ४१८८ | १० | P2 | SDG17 | तटस्थ | तटस्थ |

| क्रस | कार्यक्रम आयोजना | आगामी पहिलो आ व २०८/०८१ को विनियोजन | | | आगामि दोश्रो आ व २०८१/८२ को प्रक्षेपण | | | आगामि तेश्रो आ व २०८२/८३ को प्रक्षेपण | | | सांकेतिकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुंजीगत | कुल | चालु | पुंजीगत | कुल | चालु | पुंजीगत | रणनीतिक स्तम्भ | प्राथमिकिकरण | दिगो विकास लक्ष्य | लैंगिक संकेत | जलवायु संकेत |
| ७४ | राजस्व सुचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | ७०० | ६३० | ७० | ७५९ | ६८३ | ७६ | ७८८ | ७०९ | ७९ | १० | P2 | SDG17 | तटस्थ | तटस्थ |
| ७५ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | १७०० | १३६० | ३४० | १८४३ | १४७४ | ३६९ | १९१५ | १५३२ | ३८३ | १० | P2 | SDG16 | तटस्थ | तटस्थ |
| | **जम्मा** | ६४०४९२ | ४३२८३७ | २०७६५५ | ६९४४०२ | ४६९२६८ | २२५१३४ | ७२१३६३ | ४८७४८८ | २३३८७५ | | | | | |

अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण तथा कार्यक्रमका तस्वीरहरु














NO
SMOKING




















ALSTONE

# मध्यमकालीन खर्च संरचना, (आ.व. २०८०/८१- २०८२/८३)

Medium-Term Expenditure Framework, FY 2023/24 - 2025/26


शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

इमेल : info@shahidlakhanmun.gov.np

वेवसाईट : shahidlakhanmun.gov.np